# 'ढ्याङ्रो' कवितासङ्ग्रहको कृतिपरक अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

# शोधपत्र


**शोधार्थी**

**खड्गप्रसाद सुवेदी**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०६५

# त्रिभुवन विश्वविद्यालय

**कीर्तिपुर, काठमाडौँ**

मिति : २०६५/०९/

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा **श्री खड्गप्रसाद सुवेदी**ले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **'द्याङ्रो' कवितासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**हस्ताक्षर**

(१) प्रा. राजेन्द्र सुवेदी
(विभागीय प्रमुख ) ........................

२. उपप्रा. डा. कृष्णहरि बराल
(शोधनिर्देशक) ...........................

३. ..........................
(बाह्य परीक्षक) ............................

**मूल्याङ्कन समिति**

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्र कवि भवानीप्रसाद खतिवडाको **'द्ब्याङ्रो' कवितासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकमा खड्गप्रसाद सुवेदीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६५/०९/

................................

**(उपप्रा. कृष्णहरि बराल)**<br>
शोधनिर्देशक<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रि.वि., कीर्तिपुर<br>
काठमाडौँ ।

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह एम्. ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत **'ढ्याङ्रो' कवितासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र श्रद्धेय गुरु उपप्रा. डा. कृष्णहरि बरालज्यूको कुशल निर्देशन मैले पाएको छु । यो शोधपत्र प्रारम्भदेखि अन्त्यसम्म नै आफ्नो अति व्यस्तताबाट समय मिलाएर आवश्यक विभिन्न सुझाव, सल्लाह तथा जानकारीमूलक निर्देशन दिँदै शोधपत्रको निरीक्षण, परिमार्जन र शुद्धीकरण गरिदिनुहुने श्रद्धेय गुरु उपप्रा. डा. कृष्णहरि बरालज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्रीसङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने सहप्रा. भिक्टर प्रधानज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । आवश्यक सुझाव र सल्लाह दिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख गुरु प्राध्यापक राजेन्द्र सुवेदी, उपप्रा. गोविन्द शर्मा 'सुकुम', उपप्रा. नेत्र सुवेदी 'एटम'प्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रका क्रममा आवश्यक पुस्तकालयीय सामग्रीहरू उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालय, त्रि. वि. कीर्तिपुरप्रति पनि आभार व्यक्त गर्दछु । यसैगरी प्रस्तुत शोधपत्र तयार पार्नका निम्ति आवश्यक वातावरण मिलाइदिने पिता डाकप्रसाद सुवेदी र माता दुर्गादेवी सुवेदीप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्रका क्रममा अन्य विभिन्न पक्षबाट सहयोग गर्ने भाइ हरि सुवेदी, सोम सुवेदी, तोया सुवेदी, दिदी पार्वती सुवेदी तथा साथीहरूमा नरहरि घिमिरे, भीम दाहाल, गणेश चालिसे, मानबहादुर बोहोरा, लक्ष्मी ढुङ्गेल, चिदानन्द नेपाल, शालिकराम घिमिरे, रमेश पौडेल, दीपक खतिवडालगायतका व्यक्तिहरूप्रति म हार्दिक कृतज्ञताज्ञापन प्रकट गर्दछु । सङ्कलित सामग्रीहरू होसियारीपूर्वक टङ्कन गरिदिने मित्र वीरेन्द्र नेपालप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सविनय अनुरोधसहित नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति २०६५/०९/०४

खड्गप्रसाद सुवेदी
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ ।

# विषयसूची

| | |
|---|---|
| | *पृष्ठसङ्ख्या* |
| प्रथम परिच्छेद : शोधपरिचय | १-४ |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषयपरिचय | १ |
| १.४ समस्याकथन | १ |
| १.५ शोधपत्रको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधकार्यको औचित्य | ३ |
| १.८ सामग्रीसङ्कलन | ४ |
| १.९ सैद्धान्तिक ढाँचा र शोधविधि | ४ |
| १.१० शोधपत्रको रूपरेखा | ४ |
| दोस्रो परिच्छेद : कवि भवानीप्रसाद खतिवडाको जीवनी | **५-११** |
| २.१ जन्म र जन्मस्थान | ५ |
| २.२ पारिवारिक स्थिति | ५ |
| २.३ बाल्यकाल | ६ |
| २.४ आर्थिक स्थिति | ६ |
| २.५ शिक्षा | ७ |
| २.६ सन्तान | ७ |
| २.७ पेसा | ८ |
| २.८ साहित्यिक क्षेत्रमा प्रवेश | ८ |
| २.८.१ लेखन, प्रेरणा र प्रभाव | ८ |
| २.८.२ विधागत लेखन | ९ |
| २.९ शारीरिक व्यक्तित्व | ९ |
| २.१० व्यापारिक व्यक्तित्व | १० |
| २.११ कवि व्यक्तित्व | १० |
| २.१२ सम्पादक व्यक्तित्व | १० |

२.१३ उत्प्रेरक व्यक्तित्व ११

तेस्रो परिच्छेद : “ढ्याङ्रो” कवितासङ्ग्रहको विश्लेषण १२-६८

३.१ परिचय १२

३.२ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कविताको संरचना १२

३.३ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा उक्तिढाँचा (कथनपद्धति) १४

३.४ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा वस्तुविधान १५

३.४.१ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा सामाजिक यथार्थ १६

३.४.२ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा देशप्रेम १८

३.४.३ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा राजनीतिक चेतना २१

३.४.४ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा अन्तर्राष्ट्रिय घटनासम्बन्धी विषय २५

३.४.५ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा आध्यात्मिक विषय २६

३.४.६ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा शिक्षासम्बन्धी विषय २७

३.४.७ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा सूचना तथा सञ्चारसम्बन्धी विषय २८

३.४.८ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा जातीय एकताको स्वर २८

३.४.९ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा शासक वर्गप्रति आक्रोश २९

३.४.१० ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा नैतिक दृष्टान्तसम्बन्धी विषय ३०

३.५ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा रसप्रयोग ३१

३.५.१ करुण रस ३१

३.५.२ भयानक रस ३२

३.५.३ अद्भुत रस ३३

३.५.४ शान्तरस ३३

३.६ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा छन्दप्रयोग ३४

३.७ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा विचलन ३९

३.७.१ पदक्रममा विचलन ३९

३.७.२ अर्थमा विचलन ४१

३.७.३ शब्दप्रयोगमा विचलन ४२

३.८ ‘ढ्याङ्रो’ कवितासङ्ग्रहका कवितामा शब्दालङ्कारको प्रयोग ४३

३.८.१ अनुप्रास ४४

३.८.१.१ छेकानुप्रास ४४
३.८.१.२ वृत्त्यनुप्रास ४५
३.८.१.३ अन्त्यानुप्रास ४६
३.८.२ श्लेष ४७
३.८.३ वीप्सा ४९
३.९ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा अर्थालङ्कारको प्रयोग ४९
३.९.१ उपमा अलङ्कार ५०
३.९.२ विनोक्ति अलङ्कार ५१
३.९.३ स्वभावोक्ति अलङ्कार ५२
३.९.४ विरोध वा विरोधाभास अलङ्कार ५४
३.९.५ लोकोक्ति ५५
३.९.६ काव्यलिङ्ग ५६
३.९.७ उत्प्रेक्षा ५७
३.१० 'ढयाङ्रो' कवितासङ्ग्रहका कवितामा बिम्ब तथा प्रतीकयोजना ५७
३.११ 'ढयाङ्रो' कवितासङ्ग्रहका कवितामा काव्यात्मक भाषाशैली ६०
३.११.१ भाषिक विचलन ६१
३.११.२ काव्यदोष ६४
३.११.२.१ ग्राम्य दोष ६४
३.११.२.२ निरर्थक दोष ६४
३.११.२.३ अनुचितार्थ ६५
३.११.२.४ स्वशब्दवाच्य दोष ६५
३.११.२.५ छन्दभङ्ग दोष ६६
३.१० कवि भवानीप्रसाद खतिवडाका काव्यप्रवृत्ति ६७
चौथो परिच्छेद : उपसंहार ६९-
७३
सन्दर्भग्रन्थसूची ७४-७५

# सङ्क्षेपीकृत शब्द तथा चिह्नसूची

| सङ्क्षिप्त रूप | – | पूर्ण रूप |
|---|---|---|
| अनु. | – | अनुवाद |
| अप्र. | – | अप्रकाशित |
| आई. ए. | – | इन्टरमिडिएट अफ आर्टस् |
| ई. सं. | – | ईस्वी संवत् |
| एम्. ए. | – | मास्टर अफ आर्टस् |
| ए. व. | – | एकवचन |
| क्र. सं. | – | क्रमसङ्ख्या |
| गा.वि. स. | – | गाउँ विकास समिति |
| गो. प. | – | गोरखापत्र |
| च. सं. | – | चतुर्थ संस्करण |
| चौ. सं. | – | चौथो संस्करण |
| छै. सं. | – | छैटौँ संस्करण |
| ते. सं. | – | तेस्रो संस्करण |
| त्रि. वि. | – | त्रिभुवन विश्वविद्यालय |
| त्रै. | – | त्रैमासिक |
| दो. सं. | – | दोस्रो संस्करण |
| ने. भा. प्र. स. | – | नेपाल भारतीय प्रकाशन समिति |
| ने.रा. प्र. प्र. | – | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ. सं. | – | पाँचौँ संस्करण |
| पृ. | – | पृष्ठ |
| प्र. | – | प्रकाशन |
| प्रा. लि. | – | प्राइवेट लिमिटेड |
| म. सं. वि. वि | – | महेन्द्र संस्कृत विश्वविद्यालय |
| मा. | – | मासिक |
| वि. सं. | – | विक्रम संवत् |
| स्व. | – | स्वर्गीय |
| सम्पा. | – | सम्पादन/सम्पादक |
| साप्ता. | – | साप्ताहिक |
| सा. प्र. | – | साझा प्रकाशन |

# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'ढ्याङ्रो' कवितासङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविक तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दोस्रो वर्षको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

भवानीप्रसाद खतिवडा नेपाली कविताका माध्यमिक कालका उत्तरार्धका कवि हुन् । उनको जन्म वि. सं. १०३०, कार्तिक महिनामा वाग्मती अञ्चलको काठमाडौँ जिल्लाअन्तर्गत पुनेबहाल टोलमा भएको थियो भने मृत्यु वि. सं. १९८७ पौष शुक्ल अष्टमीका दिन काशीको मणिकर्णिका घाटमा भएको थियो । उनको कविताकृति **ढ्याङ्रो** कवितासङ्ग्रहभित्र जम्मा १७ वटा कविताहरू सङ्गृहीत भएका छन् । यी कविताहरूमा तत्कालीन सामाजिक, राजनीतिक र आर्थिक दुरावस्थाको चित्रण गरेको पाइन्छ । तत्कालीन राजनीतिक स्थितिका कारण जनताले भोग्नुपरेको अन्याय-अत्याचारको चित्रण यस कवितासङ्ग्रहभित्रका कवितामा पाउन सकिन्छ । त्यसैगरी आर्थिक अवस्थाका कारण नेपाली जनताले भोग्नुपरेको विषम परिस्थिति र त्यसले ल्याएको सामाजिक भेदभाव आदिको वर्णन गर्दै देशका जनताहरू भोकमारीको चपेटामा परी विदेसिनु परेको स्थितिको चित्रण पनि उनका कवितामा गरिएको छ ।

## १.४ समस्याकथन

भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** (२०३१) कवितासङ्ग्रह नेपाली कविताको माध्यमिक कालको एउटा महत्त्वपूर्ण कृति भए पनि यसका बारेमा शोधपरक अध्ययन हुन नसकेको अवस्थामा यसलाई शोधपरक अध्ययन गर्न निम्नानुसार समस्याहरू उठाइएको छ :

(क) भवानीप्रसाद खतिवडाको जीवनी तथा व्यक्तित्व केकस्तो रहेको छ ?

(ख) भवानीप्रसाद खतिवडाका कवितामा प्रस्तुत विषयवस्तु तथा भाव कस्तो रहेको छ ?

(ग) भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहमा प्रस्तुत कविताहरूका् अलङ्कार, बिम्ब तथा प्रतीक, लय आदि केकस्ता छन् ?

(घ) भवानीप्रसाद खतिवडाका काव्यप्रवृत्ति केकस्ता देखिन्छन् ?

## १.५ शोधपत्रको उद्देश्य

कवि भवानीप्रसाद खतिवडाको प्रकाशित **ढ्याङ्रो** कवितासङ्ग्रहको कृतिपरक अध्ययन गर्नका लागि निम्नानुसार उद्देश्यहरू राखिएको छ :

(क) भवानीप्रसाद खतिवडाको जीवनी तथा व्यक्तित्व प्रस्तुत गर्नु,

(ख) भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहका कविताहरूको विषयवस्तु तथा भाव प्रस्तुत गर्नु,

(ग) भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहमा प्रस्तुत कविताहरूको अलङ्कार, बिम्ब तथा प्रतीक लय आदि प्रस्तुत गर्नु,

(घ) भवानीप्रसाद खतिवडाका काव्य प्रवृत्तिहरू प्रस्तुत गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कवि भवानीप्रसाद खतिवडा माध्यमिक कालीन शास्त्रीयतावादी कवि हुन् । उनका बारेमा प्रशस्त शोध-अनुसन्धान भएको पाइँदैन तर केही समीक्षकहरूले उनका कृतिबारे छिटपुट रूपमा भने केही अध्ययन गरेको देखिन्छ । उनका कृतिबारे भएका टीकाटिप्पणीलाई कालक्रमिक रूपमा तल दिइएको छ :

धरणीधर कोइरालाले **ढ्याङ्रो** (२०३१) कवितासङ्ग्रहको भूमिकामा कवि भवानीप्रसाद खतिवडाको व्यक्तित्वको प्रशंसा गर्दै यस कृतिलाई सरस कवितासङ्ग्रह भनी टिप्पणी गरेका छन् ।

रोहिणीप्रसाद भट्टराईले **ढ्याङ्रो** (२०३१) कवितासङ्ग्रहको भूमिकामा नेपाली साहित्य एवम् इतिहासकारले बिर्सेका कवि भनी उल्लेख गरेका छन् ।

तारानाथ शर्माले **द्याङ्रो** (२०३१) कवितासङ्ग्रहको भूमिकामा जातीय चेतनाको शङ्खघोष गर्ने एक कवि भवानीप्रसाद खतिवडा हुन् भनी उल्लेख गरेका छन् ।

कमल दीक्षितले **बुइँगल** (२०३४) कवितासङ्ग्रहमा भवानीप्रसाद खतिवडाको **द्याङ्रो** (२०३१) कवितासङ्ग्रहमा सङ्गृहीत एक कविता 'काबुलको अमीर' कविता आफ्नो कृतिमा सङ्कलित गरेका छन् र त्यसको व्याख्या-विश्लेषण भने गरेका छैनन् ।

घटराज भट्टराईले **माध्यमिक कालीन कवि र कविता** (२०४५) सम्पादन कृतिमा खतिवडाको रचना काल पुरानो भए पनि उनको कल्पना, विचार र शैली आधुनिक देखिन्छ । उनी आफ्नो रचना शक्तिद्वारा सामाजिक जागरण र चेतना फैलाउने काममा सक्रिय रहेका कवि हुन् भनी उल्लेख गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा कवि भवानीप्रसाद खतिवडाको **द्याङ्रो** कवितासङ्ग्रहका कविताहरूमा सामाजिक अन्याय-अत्याचार, विकृति एवम् कुसंस्कारको विरोध र आलोचना गर्दै सुधारको पथ निर्देशन गर्ने काम गरिएको छ । जसभित्र सामाजिक, राजनैतिक र जातीय चेतनाका साथै आध्यात्मिक, नैतिक चेतनाको भाव व्यक्त गरेका पाइन्छ भनी उल्लेख गरेका छन् ।

मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी, शरद्चन्द्र शर्मा भट्टराई र घटराज भट्टराईको सम्पादकत्वमा सम्पादित **नेपाली साहित्य इतिहास** (२०६०) कृतिमा कवि भवानीप्रसाद खतिवडाको जन्म, मृत्युका साथै पारिवारिक चिनारी दिई उनको कवितासङ्ग्रह **द्याङ्रो** कवितासङ्ग्रहका कविताहरूको भाव सङ्क्षिप्त रूपमा दिएको छ ।

यसरी उपर्युक्त विभिन्न समालोचकहरूले भवानीप्रसाद खतिवडाका बारेमा छिटपुट रूपमा गरिएका विश्लेषण उनका लागि अपुग देखिन्छ । त्यसैले यस शोधपत्रमा उनी र उनको **द्याङ्रो** कवितासङ्ग्रहको समग्र अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

कवि भवानीप्रसाद खतिवडाको **द्याङ्रो** कवितासङ्ग्रहको शोधपरक अध्ययन- विश्लेषण हुन नसकेको र यसको शोधपरक अध्ययन हुन आवश्यक भएकाले यस शोधकार्यको औचित्य र महत्त्व स्वतः स्पष्ट छ । यसका साथै उनका बारेमा थप अन्वेषण गर्नका लागि पनि यो शोधकार्य अझ महत्त्वपूर्ण हुनेछ । यसैगरी इतिहाकारहरूले साहित्यको काल विभाजनमा

भवानीप्रसाद खतिवडाको स्थान निर्धारण गर्दा यस शोधकार्यले महत्त्वपूर्ण स्थान लिनेछ । भवानीप्रसाद खतिवडाको बारेमा सङ्घसंस्था तथा व्यक्तिगत रूपमा अन्वेषण गर्दा पनि यस शोधकार्यले महत्त्वपूर्ण तथ्यहरू उपलब्ध गराउने भएकाले यस शोधकार्यको औचित्य र महत्त्व नगण्य मात्रामा हुनेछ ।

## १.८ सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्रका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीसङ्कलन मूलतः पुस्तकालयीय पद्धतिको आधारमा गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्र पूर्वीय काव्यशास्त्रका आधारमा भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको विश्लेषण गरिएको छ । त्यसै गरी यस शोधकार्यको समष्टिगत अध्ययनका निमित्त मूल रूपमा पुस्तकालयीय तथा कृतिपरक अध्ययन विधिलाई अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नअनुसार छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | **शोधपरिचय** |
| दोस्रो परिच्छेद | : | **भवानीप्रसाद खतिवडाको जीवनी तथा व्यक्तित्व** |
| तेस्रो परिच्छेद | : | **'ढ्याङ्रो' कवितासङ्ग्रहको विश्लेषण** |
| चौथो परिच्छेद | : | **उपसंहार तथा निष्कर्ष** |

उपर्युक्त परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरेर यस शोधपत्रलाई सम्पन्न गरिएको छ । साथै अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# कवि भवानीप्रसाद खतिवडाको जीवनी

## २.१ जन्म र जन्मस्थान

कवि भवानीप्रसाद खतिवडाको जन्म कुन सालमा भयो भन्ने विषयमा विवाद देखापरेको छ । मोहनराज शर्मा र घटराज भट्टराईले सम्पादन गरेको पुस्तक **नेपाली साहित्यको इतिहास** (२०६०) मा कवि भवानीप्रसाद खतिवडाको जन्म वि. सं. १९३१ कार्तिक महिनामा वाग्मती अञ्चल, काठमाडौँ जिल्लाअन्तर्गतको पुने बहाल टोलमा भएको कुरा उल्लेख गरेका छन् ।[१] खगेन्द्रप्रसाद लुइटेलले आफ्नो कृति **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा कवि भवानीप्रसाद खतिवडाको जन्म वि. सं. १९३० मा भएको जानकारी दिएका छन् ।[२] **ढ्याङ्रो** कवितासङ्ग्रहको भूमिकामा उनकै सुपुत्र किरणकुमार खतिवडाले कवि भवानीप्रसाद खतिवडाको जन्म वि. सं. १९३० कार्तिक महिनामा भएको हो भन्ने आधिकारिक तथ्य दिएको हुँदा उनको जन्म वि. सं. १९३० कार्तिक महिना नै ठहरिन पुगेको हो ।[३] जन्मस्थानका बारेमा भने कहीकतै पनि विवाद देखापरेको छैन । उनको जन्मस्थान वाग्मती अञ्चल, काठमाडौँ जिल्लाअन्तर्गतको पुने बहाल टोल हो ।[४]

## २.२ पारिवारिक स्थिति

कवि भवानीप्रसाद खतिवडाका पिताको नाम टङ्कनाथ खतिवडा हो भने आमाको नाम महादेवी खतिवडा हो ।[५] वि. सं. १९३८ भन्दा अगाडिदेखि नै यिनका पिता राजदरबारमा सुब्बा काम गर्दथे । वि. सं. १९३८ मा त्रैलोक्य वीरविक्रमले प्रधानमन्त्री रणोद्दीप सिंहलाई छलपूर्ण रूपमा मार्ने योजना बनाएका थिए । उक्त योजनाको पोल खुलेपछि टङ्कनाथलगायतका

---

[१] मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी र अन्य, (सम्पा.), **नेपाली साहित्यको इतिहास**, (काठमाडौँ : ने. रा. प्र. प., २०६०), पृ. २७३ ।

[२] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : ने. रा. प्र. प., २०६०), पृ. २३ ।

[३] किरणकुमार खतिवडा, (सम्पा.), **ढ्याङ्रो**, (कलकत्ता : दि न्यू इन्डियन प्रेस, २०३१), पृ. फ ।

[४] ऐजन ।

[५] ऐजन ।

साठी जनालाई बन्दी बनाइएको पाइन्छ ।[६] यस घटनाका कारण यिनी आठ वर्षकै उमेरमा अलपत्र परेर किंकर्तव्यविमूढ भएको पाइन्छ ।

## २.३ बाल्यकाल

कवि भवानीप्रसाद खतिवडाका पिताले जेल सजाय भोग्नुभन्दा पहिले यिनको बाल्यकाल राज दरबारमा बितेको पाइन्छ । वि. सं. १९३८ को राजकाजी पर्वमा पिताको जेलबास भएपछि कवि खतिवडा आफ्ना जेठा बुबाको घर पश्चिम कल्लेरी १ नम्बरमा गई बसोबास गरेका देखिन्छ । यिनी चौध वर्षसम्म जेठा बुबाका आश्रयमा रहेका हुन् ।[७] तसर्थ यिनको बाल्यकाल सामान्य रूपमा बितेको देखिन्छ ।

## २.४ आर्थिक स्थिति

कवि भवानीप्रसाद खतिवडाका पिता टङ्कनाथ राजदरबारिया सुब्बा भएका कारण यिनको आठ वर्षसम्मको बाल्यकाल राम्रै आर्थिक स्थितिमा सञ्चालित भएको देखिन्छ । पिताको जेलबासपछि पश्चिम एक नम्बर कल्लेरी पुगेका कवि खतिवडाले कष्टप्रद आर्थिक चपेटामा आफ्नो २४ वर्षसम्मको समय व्यतीत गरेको पाइन्छ ।[८] चौबीस वर्षको उमेरमा वि. सं. १९५४ मा कवि खतिवडा भारतको बनारसतर्फ लागे । बनारसमा पनि यिनले निजी परिश्रमका साथ जीवन गुजारा गर्न थालेका हुन् । त्यसैले बनारसको प्रारम्भिक बसाइमा यिनले धेरै आर्थिक सङ्कट बेहोरेको पाइन्छ ।[९] कवि भवानीप्रसाद खतिवडाको जीवनभर नै आर्थिक सङ्कटको भुमरी आइपरेको स्थिति उनका सुपुत्र किरणकुमार खतिवडाले **द्याङ्रो** कवितासङ्ग्रहको भूमिकामा उल्लेख गरेका छन् । त्यसैले गर्दा कवि खतिवडाको जीवनमा आर्थिक स्थिति दरिलो हुन नसकेको स्पष्ट बुझिन्छ ।[१०]

---

[६] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, चौ. सं., (वाराणसी : टाइम टेबुल प्रेस, २०३३), पृ. ३५७ ।

[७] मोहनराज शर्मा र अन्य, (सम्पा.), **पूर्ववत्**, पृ. २७३ ।

[८] किरणकुमार खतिवडा, **पूर्ववत्**, पृ. फ ।

[९] मोहनराज शर्मा र अन्य, (सम्पा.), **पूर्ववत्**, पृ. २७२ ।

[१०] किरणकुमार खतिवडा, **पूर्ववत्**, पृ. फ ।

## २.५ शिक्षा

कवि खतिवडाको २४ वर्षसम्मको समयावधि अत्यन्त तनावपूर्ण भएकाले त्यस समयसम्म यिनले शिक्षाग्रहण गरेको पाइँदैन । २४ वर्षको उमेरमा भारतको प्रसिद्ध विद्याकेन्द्र बनारसमा पुगेपछि त्यहाँका मानिसको संसर्गले यिनी संस्कृत भाषाको अध्ययनतर्फ प्रवृत्त भए । उक्त समयसम्म यिनले अनौपचारिक शिक्षाग्रहण गरेको देखिन्छ । अध्ययनका क्रममा कवि खतिवडाले संस्कृतबाहेक अन्य विषयको शिक्षाग्रहण गरेको पाइँदैन ।[११] उनले जेजति शिक्षाग्रहण गरे ती सबै परम्परित संस्कृत शिक्षा नै थियो । उनका कवितामा अङ्ग्रेजी भाषका शब्दहरू पनि ठाउँठाउँमा देखापरेका छन् । यसलाई आधार मान्दा उनले पाश्चात्य शिक्षा पनि ग्रहण गरेका थिए कि भन्ने शङ्का आउन सक्छ तर कहीँ कतै पनि आधुनिक (पाश्चात्य) शिक्षा ग्रहण गरेको तथ्य उल्लेख नभएको हुँदा उनले परम्परित संस्कृत शिक्षा नै ग्रहण गरेको हो भन्न सकिन्छ । उनले संस्कृत भाषामा नै पद्य रचना गर्न लगाएको तथ्य **द्याङ्रो** कवितासङ्ग्रहको भूमिकामा किटेर उल्लेख गरिएको हुँदा उनले औपचारिक रूपमा संस्कृत शिक्षा नै ग्रहण गरेको ठोकुवा गर्न सकिन्छ ।

## २.६ सन्तान

कवि भवानीप्रसाद खतिवडाको आधिकारिक जानकारी नपाइएको हुँदा उनका विषयमा केही पनि लेख्न नसकिएको कुरा वरिष्ठ समालोचक मोहनराज शर्माले व्यक्त गरेका छन् । शर्माले कवि खतिवडाका बारेमा आधिकारिक तथ्य कुरा फेला परेको भए म आफू नै लेख्ने थिएँ भनी पछुतो गर्न पुगेको बुझिन्छ । यसैले गर्दा कवि खतिवडाको विवाह कहिले कोसँग भयो भन्ने सन्दर्भमा कही कतै पनि उल्लेख गरेको पाइँदैन । विवाहको उल्लेख नभए तापनि सन्तानको भने उल्लेख भएको छ । **द्याङ्रो** कवितासङ्ग्रहमा माहिला छोरा कृष्णकुमारको नाम उल्लेख भएको पाइन्छ । यसैका आधारमा यिनका तीनजना पुत्र भएको कुरा उल्लेख गर्न सकिन्छ ।[१२]

---

[११] ऐजन, पृ. ब ।

[१२] धरणीधर कोइराला, 'निर्भिक यो काल छ बीसवीं सदी' (भूमिका), **द्याङ्रो,** (सम्पा.) किरणकुमार खतिवडा, (कलकत्ता : दि न्यू इन्डियन प्रेस, २०३१), पृ. क ।

## २.७ पेसा

कवि खतिवडाका पिता राजदरबारिया सुब्बा थिए । यिनका जेठा बुबा पण्डित्याइँ गरेर गुजारा चलाउँथे । कवि भवानीप्रसाद खतिवडा चौबीस वर्षसम्म कुनै पेसामा संलग्न भएका देखिँदैनन् । बनारस गएपछि प्रारम्भमा पेसाकै लागि यिनले **सूक्तिसूधा** पत्रिकाको सम्पादन गरेको देखिन्छ । **सूक्तिसूधा** पत्रिका दुई वर्षपछि बन्द भएका कारण यिनले कलकत्ता गएर अडर सप्लायर्सको काम गरेको पाइन्छ ।[१३] कविले लामो समयसम्म कलकत्तामा रही पारिवारिक जीवन चलाएको बुझिन्छ । जीवनमा हरेक प्रकारका समस्या झेल्दै बाँच्नु परेको हुँदा उनी मजदुरीका लागि कलकत्ता आउनु परेको बाध्यात्मक अवस्था देखिन्छ ।

## २.८ साहित्यिक क्षेत्रमा प्रवेश

कवि भवानीप्रसाद खतिवडाले बनारसमा रहँदा पेसाका रूपमा **सुक्तिसूधा**को सम्पादनको कार्यभार सह्मालेको कार्य साहित्यका क्षेत्रमा महत्त्वपूर्ण देखिन्छ । आरम्भमा गरेको उक्त कार्यले यिनलाई कवितालेखनतर्फ बढी सक्रिय गराएको पाइन्छ । सम्पादकले पनि अनिवार्य रूपमा कविता लेख्नुपर्ने भएकाले गर्दा कवि भवानीप्रसाद खतिवडा साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । कवि भवानीप्रसाद खतिवडाले गरेको सम्पादकत्वले पछिका समयमा प्रवासी नेपालीले बनारसमा अन्य पत्रिकाहरू प्रकाशन गर्ने प्रेरणा प्राप्त गरेको देखिन्छ । पत्रिका सम्पादन र प्रकाशनको उत्तरोत्तर गतिमा **सूक्तिसूधा**को भूमिका सँगसँगै कवि/सम्पादक खतिवडाको सम्पादकत्वको भूमिकालाई पनि उल्लेख्य मान्न सकिन्छ । वि. सं. १९६० मा काशीबाट निस्कने **सूक्तिसूधा**को सम्पादक हुँदा काशीका विद्वद्जनहरूका बीच त्यस समयमा समस्यापूर्तिका साथै सम्पादकले पनि काव्यरचना गर्नु पर्ने दस्तुर/नियम थियो । यसैले गर्दा कवि भवानीप्रसाद खतिवडालाई साहित्यिक क्षेत्रमा प्रवेश गराउने मूलकारक तत्त्वका रूपमा सम्पादकत्वलाई लिन सकिन्छ ।

### २.८.१ लेखन, प्रेरणा र प्रभाव

कवि भवानीप्रसाद खतिवडाको लेखन प्रारम्भ भारतको बनारसबाट भएको पाइन्छ । बनारसको सांस्कृतिक, धार्मिक परिवेशप्रतिको मोह उनका कवितामा नपाइए पनि त्यहीँको

[१३] ऐजन, पृ. ख ।

वातावरण उनका लागि प्रथम प्रेरणास्रोत मानिन्छ । रघुनाथ पोखऱ्यालको स्तुतिपद्य भाग १ मा राष्ट्रिय अखण्डता र अस्मिताको संरक्षण र अङ्ग्रेजी फौजीवादी नीतिको विरोध तथा नेपाली वीरगानको अभिव्यक्ति पाइन्छ । यसै लेखनपद्धतिको आत्मसात् गर्दै कवि भवानीप्रसाद खतिवडाको कवित्व विकसित भएको पाइन्छ । यसैले खतिवडाले रघुनाथका लेखनबाट पर्याप्त प्रेरणाग्रहण गरेको बुझिन्छ ।

तत्कालीन नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक परिवेशका झलकहरू उनका कवितामा पाइन्छन् । राणाकालीन समयमा नेपाली जनताले भोग्नुपरेको तत्कालीन पीडाव्यथाको उद्घाटन उनका कविताले उद्घाटित गरेका छन् । यसकारण तात्कालीन राष्ट्रिय परिस्थितिअन्तर्गतका राजनीतिक घटनाक्रम आदि परिवेशले समेत उनलाई कवितालेखनमा प्रभावित गरेको पाइन्छ ।

कवि स्वयम्का जीवन भोगाइका यथार्थ अभिव्यक्तिहरू कवितामा प्रशस्त व्यक्त भएका छन् । आफ्नो जीवनका आरोहअवरोहसमेत आत्मपरक ढाँचामा अभिव्यक्त भएका छन् । त्यसैले उनको निजी जीवन भोगाइसमेत कवितालेखनको प्रेरणा र प्रभाव बन्न गएको देखिन्छ ।

## २.८.२ विधागत लेखन

कवि भवानीप्रसाद खतिवडाले कविता विधामा मात्र आफ्नो साहित्यिक लेखनी खर्चिएका छन् । यसभन्दा भिन्न अन्य विधामा यिनले कलम चलाएको पाइन्न । तत्कालीन बनारसी प्रभाव तथा आफ्ना तात्क्षणिक अनुभवहरू सहज र सुस्पष्टता साथ थोरै समयमा अभिव्यक्त गर्न सकिने भएका कारण उनले कविता विधाअन्तर्गत नै लेखनी चलाएको बुझिन्छ । उनले शास्त्रीय वर्णमात्रिक छन्दअनुरूपका कविता सृजना गरेका छन् । उनका सम्पूर्ण कविताहरू **गोर्खा संसार** (१९८३) र **तरुण गोर्खा** (१९८५) पत्रिमामा क्रमिक रूपमा प्रकाशित भएका छन् ।

## २.९ शारीरिक व्यक्तित्व

कवि भवानीप्रसाद खतिवडाको बाह्य व्यक्तित्वमा शारीरिक व्यक्तित्व देखापरेको छ । कवि धरणीधर कोइरालाले **ढ्याङ्रो** कवितासङ्ग्रहको भूमिका खण्डमा कवि भवानीप्रसाद खतिवडाको शारीरिक व्यक्तित्वको वर्णन गरेका छन् ।[१४] कोइरालाले यिनको शरीर गौरवर्णको,

---

[१४] धरणीधर कोइराला, **पूर्ववत्**, पृ. ग ।

पुष्ट शरीर, धवल केश र श्मश्रुयुक्त रहेको छ भनी कविको बाह्य व्यक्तित्वको वर्णन गरेका छन् । कोइरालाले व्यक्त गरेको वर्णनद्वारा नै कवि भवानीप्रसाद खतिवडाको बाह्य व्यक्तित्वका रूपमा शारीरिक व्यक्तित्व देखापरेको हो ।

माध्यमिककालीन कवि भवानीप्रसाद खतिवडाले जीवन भोगाइका क्रममा विभिन्न प्रकारका आरोहअवरोह झेल्दै आएका हुन् । यिनको मृत्यु भारतको बनारसस्थित मणिकर्णिका घाटमा वि. सं. १९८७ पौष शुक्ल अष्टमीका दिन भएको पाइन्छ ।

## २.१० व्यापारिक व्यक्तित्व

कवि भवानीप्रसाद खतिवडाले भारतको बनारसमा बस्दा **सूक्तिसूधा** पत्रिकाको सम्पादन गरी आफ्नो जीविका चलाएका थिए । उक्त पत्रिकाको सम्पादन कार्य बन्द भएपछि गृहस्थ जीवन चलाउन उनलाई आर्थिक अभावको कारण गाह्रो पर्न गएको देखिन्छ । यही समस्याले गर्दा यिनले बनारस छाडी अन्यत्रै जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको पाइन्छ । यिनी आफ्ना परिवारसहित भारतको कलकत्ता गई अर्डर सप्लायरको काम गर्न थालेको देखिन्छ ।[ज्ञछ] रोजी रोटीको खोजीमा भौतारिएर उनी कलकत्ता गई व्यापार-व्यवसाय गरी पारिवारिक लालनपालन गर्न पुगेका हुन् । यसरी कवि भवानीप्रसाद खतिवडाले व्यापारव्यवसायसमेत गरेको हुँदा यिनी व्यापारी व्यक्तित्वका रूपमा पनि देखिन्छन् ।

## २.११ कवि व्यक्तित्व

भवानीप्रसाद खतिवडाले भारतको देहरादुनबाट प्रकाशन हुने पत्रिका **गोर्खा संसार** (१९८३) र **तरुण गोर्खा** (१९८५) मा विभिन्न शीर्षकका कविताहरू प्रकाशन गरेको पाइन्छ । यिनै कविताहरूले उनलाई कवि व्यक्तित्वका रूपमा प्रतिष्ठापित गराएको देखिन्छ ।

## २.१२ सम्पादक व्यक्तित्व

भारतको बनारसमा अध्ययन गर्दा यिनले **सूक्तिसूधा** नामक संस्कृत पत्रिकाको सम्पादन गरेका हुन् । उनले दुई वर्षसम्म यस पत्रिकाको सम्पादन गरेका हुन् । यही सम्पादकत्व कार्यले गर्दा उनलाई सम्पादक व्यक्तित्वका रूपमा चिनाएको पाइन्छ ।

---

[१५] रोहिणीप्रसाद भट्टराई, 'नेपाली साहित्य एवम् इतिहासकारले बिर्सेका कवि स्वर्गीय पण्डित भवानीप्रसाद शर्मा' **ढ्याङ्रो** पूर्ववत्, पृ. च ।

## २.१३ उत्प्रेरक व्यक्तित्व

कवि भवानीप्रसाद खतिवडा **सूक्तिसूधा** संस्कृत पत्रिकाको सम्पादक भएका समयमा सम्पादकले पनि अनिवार्य काव्य/कविता सिर्जना गर्नुपर्थ्यो । त्यसबखत यिनका संस्कृतपद्य पनि छापिएका छन् । यसै पत्रिकाको माध्यमद्वारा यिनले कुलचन्द्र गौतम, देवीदत्त पराजुली र सोमनाथ सिग्द्यालजस्ता कविहरूलाई संस्कृत पद्यकारितामा अभ्यास गर्न अर्थात् संस्कृत भाषामा पद्य कविता लेख्ने अभ्यास गराएको कुरा तारानाथ शर्माले यस कवितासङ्ग्रहको भूमिका खण्डमा किटान गरेका छन् ।[१६]

उनले आफ्ना समकक्षी मित्रहरूलाई पनि कविता लेख्न लगाई साहित्यतर्फ लाग्ने प्रेरणा प्रदान गरेको पाइन्छ । यसरी देशबाहिर यत्रतत्र छरिएका आफ्ना बन्धुबान्धवमा एकता, भ्रातृत्व र जातीयताको बोध गराउने र नेपाली लेखक कविहरूलाई घच्घच्याइ कर्तव्यतर्फ प्रवृत्त गराउने उनको कार्य प्रशंसनीय रहेको देखिन्छ । कवि भवानीप्रसाद खतिवडा आफूले मात्र कविता नलेखी आफ्ना मित्रहरूलाई समेत कविता लेख्न लगाई काव्यतर्फ चासो देखाएका हुँदा उनको यो कार्य उत्प्रेरक व्यक्तित्वका रूपमा देखापरेको छ ।

---

[१६] तारानाथ शर्मा, नेपाल,'जातीय एकताको शंखघोष गर्ने एक प्रखर कवि' (भूमिका), **ढ्याङ्ग्रो**, पूर्ववत्, पृ. ण ।

## तेस्रो परिच्छेद

## "ढ्याङ्रो" कवितासङ्ग्रहको विश्लेषण

### ३.१ परिचय

कवि भवानीप्रसाद खतिवडा (१९३०-१९७८) ले भारतको देहरादुनबाट (वि. सं. १९८३) प्रकाशित भएको पत्रिका **गोर्खा संसार** र **तरुण गोर्खा**मा आफ्ना फुटकर कविताहरू छपाएको देखिन्छ । ती फुटकर कविताहरूको सङ्कलन गरी वि. सं. २०३१ मा किरणकुमार खतिवडाले सम्पादन गरी सार्वजनिक गर्ने काम गरेका थिए । उनले सङ्कलन र सम्पादन गरेको कवितासङ्ग्रहको नाम **ढ्याङ्रो** रहन गएको छ । यस कवितासङ्ग्रहभित्र जम्मा १७ वटा सङ्कलित कविताहरू छन् र ती यसप्रकार छन् : 'हाम्रो पाताल यात्रा', 'धन गौरव', 'कुटनीति', 'देश दशा', 'उचित राय', 'मर्म वेदना', 'प्रबोधन', 'के गरौँ', 'सुधार आतङ्क', 'सावधान', 'स्वर्ग सोपान', 'धूर्त वर्ण्णा', 'अहंकार', 'वराह वर्णन', 'हितोपदेश', 'भाग्य', 'विश्वनाथ वर्णन' । यी माथि उल्लेख गरिएका कविताहरूको विश्लेषण तल गरिएको छ ।

### ३.२ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कविताको संरचना

कविताको संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । कविताको बाह्य संरचनामा लयात्मक खण्ड/गण र विश्राम भई पाउ, चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेदयोजना) रहेको हुन्छ ।[१७] कविता विविध भाग, परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग-योजना पनि देखा पर्न सक्छ भने महाकाव्यमा सर्गबन्ध मुख्य रूपमा रहेको देखिन्छ । कविताको बाह्य संरचनामा भाषाशैली पनि पर्दछ । कविताको विधा-उपविधागत आयामसँग पनि यो बाह्य संरचना सम्बन्धित हुन्छ ।

कविताको आन्तरिक संरचनामा कविकथन आख्यानीकरण र नाटकीकरण रहेको हुन्छ । कविकथन पद्धतिद्वारा नै कथ्य, भाव-विचार र त्यससँग सम्बन्धित सन्दर्भ तथा सामग्रीको कथन

---

[१७] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र अन्य, (सम्पा.), **नेपाली कविता भाग ४**, चौ. सं., (काठमाडौँ : साझा प्रकाशन, २०६०), पृ. १८।

कविताकृतिमा गरिएको हुन्छ । यस आधारमा कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भावविचारको उठान, विकास र अन्तिम रागात्मक स्थिति रहेको हुन्छ ।

कवि भवानीप्रसाद खतिवडाको **द्वयाङ्रो** कवितासङ्ग्रहभित्र जम्मा १७ वटा कविताहरू सङ्गृहीत छन् । प्रस्तुत कवितासङ्ग्रहभित्रका कवितासङ्ख्या, शीर्षक, अनुच्छेद र पङ्क्तियोजनालाई क्रमशः एकएक गरी देखाउने प्रयास तल गरिएको छ :

| क्र. सं. | शीर्षक | अनुच्छेद | पङ्क्ति |
|---|---|---|---|
| १ | हाम्रो पाताला यात्रा | १८ | ७२ |
| २ | धन गौरव | २५ | १०० |
| ३ | कूटनीति | १७ | ६८ |
| ४ | देश दशा | १७ | ६८ |
| ५ | उचित राय | २० | ८० |
| ६ | मर्म वेदना | ४५ | १८० |
| ७ | प्रबोधन | ११ | ४४ |
| ८ | के गरौं | ४ | ८ |
| ९ | सुधार आतङ्क | ११ | ४४ |
| १० | सावधान | ७ | २८ |
| ११ | स्वर्ग-सोपान | ७ | २८ |
| १२ | धूर्त वर्ण्ना | १३ | ५२ |
| १३ | अहंकार | २ | ८ |

| | | | |
|---|---|---|---|
| १४ | वराह वर्णन | ३५ | १५० |
| १५ | हितोपदेश | ३ | १२ |
| १६ | भाग्य | २ | ८ |
| १७ | विश्वनाथ वर्णन | १२ | ४८ |

प्रस्तुत कवितासङ्ग्रहका कवितामध्ये 'मर्म वेदना' सबैभन्दा धेरै अर्थात् ४५ अनुच्छेदमा विस्तारित छ भने सबभन्दा थोरै अर्थात् २ अनुच्छेदमा विस्तारित 'भाग्य' र 'अहंकार' कविता रहेका छन् । पङ्क्ति योजनाका दृष्टिले सबैभन्दा धेरै अर्थात् १८० पङ्क्ति 'मर्म वेदना' कविता रहेको छ भने सबभन्दा थोरै अर्थात् अर्थात् ४ पङ्क्ति 'भाग्य' र 'अहंकार' कविता रहेका छन् । आयामगत दृष्टिले हेर्दा प्रस्तुत कवितासङग्रहमा सङ्गृहीत कविता २ देखि ४५ श्लोक सम्मका रहेका छन् । यी माथि उल्लेख गरिएका सबै कविताहरू लघु रूपका मान्न सकिन्छ ।

## ३.३ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा उक्तिढाँचा (कथनपद्धति)

कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति उक्तिढाँचा हो । कविले कवितामा कुनै पनि पात्र सिर्जना गरी पात्रद्वारा कथन गराउँदछ भने त्यो कविनिबद्धवक्तिप्रौढोक्ति उक्तिढाँचा हुन्छ ।[१८] यदि कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कथनपद्धति हो; आख्यानीकरणकै क्रममा दृश्यको चित्रण तथा संवाद मनोवादका सम्भव उपयोगबाट नाटकीकृत कथनको पद्धतिसमेत अँगाली आत्मालापी कवि कथयिता अन्तर्निहित रहिदिँदा कवितात्मक कथनको वैकल्पिक तेस्रो पद्धति प्रकट हुन्छ । कवितात्मक कथनमा यी तिनैवटा सिधै कविकथन, आख्यानीकृत कथन र दृश्य संवाद मनोवादात्मक नाटकीकृत कथनका पद्धतिहरूको मिश्रण सम्भव नै छ । वस्तुतः आत्मालापी (तर अरूद्वारा श्रव्य हुन सक्ने) सूक्ष्म आख्यान वा अन्तराख्यान तथा अन्तर्नाटकीकरण मुक्तक र फुटकर कवितामै समेत आउने हुँदा सूक्ष्म वा स्थूल कथानक,

[१८] ऐजन, पृ. १९ ।

पात्रविधान, वातावरण तथा दृश्य संवाद एवम् धेरथोर संवाद-मनोवादसमेत कवितामा अन्तर्विधागत तत्त्व नै ठहर्न पुग्छन् ।

यस कवितासङ्ग्रहभित्रका पन्ध्रवटा कवितामा कविले तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, अन्तर्राष्ट्रिय घटना र आध्यात्मिक दर्शन आदिलाई प्रकट गर्दा आत्मालापीय कथन-ढाँचाअन्तर्गत गरेको हुँदा यी कवितामा कविप्रौढोक्ति उक्ति ढाँचा रहेको देखिन्छ । कविले आफ्ना अनुभूतिहरू कविताका माध्यमद्वारा प्रकट गर्ने क्रममा कवितात्मक कथन आएका हुँदा यी कवितामा कविप्रौढोक्ति उक्तिढाँचा पाइएको छ ।

'वराह वर्णन' कवितामा कविले वराह क्षेत्र जाँदा बाटामा पैदल यात्रा गर्दा जेजस्तो वस्तु, स्थान, वातावरण देखे, त्यसको अनुभूति उनले कवितामा प्रकट गर्दा आख्यानात्मक ढाँचा अँगालेको देखिन्छ । यसरी कवितामा आख्यानको प्रयोग भएको हुनाले 'वराह वर्णन' कवितामा आख्यानात्मक उक्तिढाँचा रहेको छ ।

'स्वर्ग सोपान' कवितामा कवि भवानीप्रसाद खतिवडाले कोकस्तो व्यक्ति हो भनी चिनाउने प्रसङ्गमा नीच, सज्जन, दुष्ट, महात्मा, सतर्कता, मूर्खता, उपदेशजस्ता पात्र खडा गरी तिनीहरू र तिनीहरूकै व्यवहार र कार्यप्रति सतर्कता वा होसियारी रहन आग्रह गर्ने क्रममा प्रत्येक पात्रको परिचय दिइएको हुँदा यस कवितामा नाटकीय कथनढाँचा प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कवितासङ्ग्रहभित्रका कविताहरूमा कवि भवानीप्रसाद खतिवडाले कवि प्रौढोक्ति ढाँचा, आख्यानात्मक कवि कथनढाँचा र नाटकीय कथनढाँचाको प्रयोग गरेर कविता लेखेको पाइन्छ ।

## ३.४ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा वस्तुविधान

**ढ्याङ्रो** कवितासङ्ग्रहका कविताहरूमा विषयवस्तुको विविधता पाइन्छ । खतिवडाका कविताहरूमा व्यक्त विषयवस्तुहरूमा सामाजिक यथार्थ, देशप्रेम, राजनीतिक तथा अन्तर्राष्ट्रिय घटना, आध्यात्मिक दर्शन, शिक्षायोजना, सूचना तथा सञ्चार, जातीय एकता, शासक वर्गप्रति आक्रोश र नैतिक दृष्टान्त आदि रहेका देखिन्छन् । आफैँले भोगेका तथा देखेका विविध घटनाहरूलाई भवानीप्रसाद खतिवडाले सरस पाराले आफ्ना कविताहरूमा व्यक्त गरेको पाइन्छ । राणाशासन कालमा नेपाली जनताले भोगेको सामाजिक अवस्थाको चित्रण पनि कविले

कवितामा व्यक्त गरेका छन् । भवानीका कवितामा व्यक्त विषयवस्तुलाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ :

## ३.४.१ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा सामाजिक यथार्थ

यस सङ्ग्रहका कतिपय कवितामा राणाशासनले नेपाली जनतलाई दुःख कष्ट दिएको अवस्थाको चित्रण भवानीप्रसाद खतिवडाले गरेका छन् । तत्कालीन समाजका जनताले भागेको सामाजिक जीवनलाई कविले कवितामा व्यक्त गरेका छन् । त्यस समयका नेपाली जनताहरू सोझा भएको कुरो कवितामा व्यक्त गरेको पाइन्छ । त्यतिखेरका नेपालीहरूले निरीह जीवन बिताउनु परेको यथार्थ चित्रण 'हाम्रो पाताल' कवितामा कविले यसरी व्यक्त गरेका छन् :

*'हे भाइ हो ! दुःख परम्परा कती ।*
*जनाउनू नित्य हुँदैछ दुर्गति ॥*
*विवेक विद्या, धन, धर्म वैभव ।*
*क्यै छैन हामीहरूको गयो सब ॥*

*'हाम्रो पाताला यात्रा' पृ. १ ।*

धन, धर्म, वैभव, विद्या, विवेक केही नभएको निरीह जीवन भोग्नुपरेको तत्कालीन नेपाली समाजको चित्रण यस पद्यमा व्यक्त भएको छ । राणाशासनका अवस्थामा नेपाली जनताको दुःखकष्टको चित्रण कविले 'देश दशा' कवितामा व्यक्त गरेका छन् ।

सामजिक जीवन भोगाइमा पशुसरह भई नेपाली जनता बाँच्नुपरेको तीतो यथार्थ उनका कवितामा पाइन्छ । नेपालका हरेक गाउँ तथा जिल्लामा आम नेपाली जनताको हालत पशुको जस्तो थियो भन्ने कुरा कविले यसरी चित्रण गरेका छन् ; जस्तै :

*पशुसरि सब जीवन् व्यर्थ भो आज हाम्रो ।*
*किन यसरि सबैले दुःख पायौँ न राम्रो ॥*
*हर तहसिल जिल्ला ग्राममा हेर्नु जाई ।*
*कसरि गुजर गर्छन् देशका दाजु भाई ॥*

*देश देशा, पृ. १९ ।*

देशका हरेक कुनाकन्जरामा बसोबास गर्ने नेपाली दाजुभाइहरू पशुझैँ जीवन बिताउन बाध्य हुनुपरेको अवस्था माथिको पद्यमा व्यक्त गरिएको छ ।

तत्कालीन समयमा नेपाली दाजुभाइहरूको जीवन भोगाइको आरोहअवरोह कस्तो थियो भन्ने सन्दर्भ पनि कविले कविताहरूमा प्रस्तुत गरेका छन् । त्यस बेलाका कतिपय नेपालीहरूको शिरमा लागएको टोपीको घेरो मात्र रहेको, नाम्लाको डाम लिखझैँ भएको, यातायातको असुविधा भएकाले तीन माइलसम्म भारी बोक्नु परेको सन्दर्भ उनले कवितामा उल्लेख गरेका छन् । त्यस समयका आम नेपाली जनताहरूको पहिरन कस्तो थियो भन्ने सामाजिक यथार्थको अभिव्यक्ति पनि कविले दिएका छन् । त्यसबेलाका नेपालीसँग जाडो छेल्ने वा ढाक्ने वस्त्र शरीरमा थिएन, पेट भर्ने पुष्टकारी अन्न थिएन, जहाँ जे मिल्छ, त्यही काँचै खानुपर्ने र त्यस्तो खानाले बालबच्चा, वृद्धा सबै रोगी भएको स्थिति कवितामा कविले देखाएका छन् । तत्कालीन सामाजिक जीवन भोगिरहेका मानिसहरूले आफ्नो जीवन कसरी बिताएका छन् ; त्यो विषयको स्थिति कविले मार्मिक र हृदयस्पर्शी ढङ्गमा व्यक्त गरेका छन् । कठोर परिश्रमले गर्दा युवा अवस्थामा नै वृद्धा अवस्था आएको र विविध रोगले सताएको हुँदा जिउँदैमा नरक भोग्नुपरेको बाध्यात्मक स्थिति भएका नेपालीको चित्रण उनले गरेको पाइन्छ । शोषक वर्गले गरिब, निमुखा जनतालाई शोषण गरेको देखिएको छ । निम्न आयस्रोत भएका जनताको कमाइ गरिखाने जमीन थोरै २/४ हलको मेलोबारी भएको र त्यसमा उब्जिएको अन्नपानी पनि साहुलाई दिनुपरेको स्थिति कवितामा व्यक्त गरिएको छ । यो तत्कालीन सामाजिक यथार्थ हो । गरिब, निमुखा जनतामा घरमा पानी चुहिएर भत्किएको बनाउने कुनै उपाय केही नभएको, गर्मी र जाडो बिताउन बाध्य भएको तत्कालीन सामाजिक यथार्थको चित्रण कवितामा गरिएको छ ।

विभिन्न प्रकारका दैविक प्रकोप पर्दा गरिब-निमुखाहरूलाई सहयोग गर्ने कोही नभएको र पेटभरि खान नपाएपछि बाध्य भई विदेश जानुपरेको स्थितिको यथार्थ वर्णन 'देश दशा' कवितामा व्यक्त भएको पाइन्छ । सामाजिक यथार्थको चित्रण गर्ने क्रममा कविले समाजभित्र भएका विकृति र विसङ्गति पनि औल्याउने काम गरेका छन् । बुद्धि, धर्म, विद्या र धनको अभाव सिर्जना भएपछि समाजमा विभिन्न प्रकारका विकृति र विसङ्गतिहरू फैलिएको कुरा पनि कवितामा उल्लेख गरेको भेटिन्छ । नेपाली चेलीबेटी बेचबिखन गर्ने कार्य तत्कालीन समाजमा बढेको स्थिति 'हाम्रो पाताल यात्रा' कवितामा कविले उल्लेख गरेका छन् । यस्ता कार्यको निन्दा

गरी स्वच्छ समाजको निर्माण गर्न कवि सामाजिक विकृति र विसङ्गतिको चित्रण यसरी गर्छन् :

*जुआ, सुरापान अभक्ष्य भक्षण ।*
*अगम्य नारी गमनाऽऽदि लक्षण ॥*
*देखिन्छ सारा किन हामीमा अब ?*
*हो मूर्खताकै फल भोग यो सब ॥*

*'हाम्रो पाताल यात्रा', पृ. २ ।*

समाजले अपाच्य ठहऱ्याएको भोजन ग्रहण गर्ने र जुवा खेल्नेजस्ता कार्यले नारी बलात्कार गर्ने लक्षण देखिन्छ । यस्तो कार्य मूर्खताकै कारण भएको हो । यसैले गर्दा त्यस्ता कार्य गर्न नहुने सङ्केत कविले कवितामा व्यक्त गरेका छन् ।

तत्कालीन समाजमा नेपाली दाजुभाइहरूको दुःख, वेदना, मर्म तथा देशको नाजुक अवस्थाको चित्रण रोचक र मार्मिक ढङ्गले व्यक्त गरेको हुँदा उनका कवितामा सामाजिक यथार्थ देखापरेको पाइन्छ ।

## ३.४.२ 'ढ्याङ्ग्रो' कवितासङ्ग्रहका कवितामा देशप्रेम

भवानीप्रसाद खतिवडाका कवितामा देशप्रेमको भाव पनि रहेको भेटिन्छ । उनका कवितामा देशविकास गर्ने भाव देखापरेको पाइन्छ । बाल्यकाल दुःखमय भए तापनि युवा अवस्थामा बनारस गएर अध्ययन गरी उनले आफ्नो देशप्रति अगाध माया गरेको पाइन्छ । यदुनाथ पोखऱ्यालले लेखेको कविता 'स्तुतिपद्य' (भाग १) बाट उनले प्रभाव ग्रहण गरेको पाइन्छ । पोखऱ्यालले लेखेको कवितामा एसियाबाट अङ्ग्रेजहरूलाई धपाउनुपर्छ र त्यसका लागि तत्कालीन आधुनिक शस्त्रास्त्र खरिद गरी सैनिकहरूलाई नयाँ ढङ्गले तालिम दिएर ठाउँठाउँमा सैनिक अड्डा मजबुद गर्नुपर्छ भन्ने भाव 'स्तुतिपद्य' (भाग १) मा पाइन्छ ।[१९] त्यसको प्रभाव वा प्रेरणा कवि भवानीप्रसाद खतिवडाका कवितामा पनि परेको पाइन्छ । उनले 'मर्म वेदना' कवितामा विदेशी प्रतिक्रियावादीहरूसँग लड्न र देशको अस्मिता बचाउनका लागि आह्वान गरेको देखिन्छ; जस्तै :

---

[१९] घटराज भट्टराई, शरदचन्द्र भट्टराई र अन्य, (सम्पा.), **प्राचीन नेपाली पद्य,** ते. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५९), पृ. ४५-५२ ।

*(क)* *यो एशियाइ जयनाद भैरव ।*
*असह्य गर्‍यो छ युरोपमा अब ।*
*के जानि के पर्छ ? सतर्क भै अति ।*
*गराउँ नाका मजबूत छन् जति ॥*

*'मर्म वेदना', पृ. ३६ ।*

*(ख)* *मगाइ वीरोचित हाल सालका*
*समस्त शस्त्रास्त्र नवीन चालका ॥*
*शिक्षा दिँदै शूरहरू बिनी बिनी ।*
*राखौँ तयारी चतुरङ्गि बाहिनी ॥*

*'मर्म वेदना', पृ. ३७ ।*

माथिका उदाहरण 'क' मा विदेशी प्रतिक्रियावादीहरूसँग लडी एसियाबाटै उनीहरूलाई भगाउन स्वतन्त्रताको जयनाद बुलन्द गर्नुपर्छ । त्यसका लागि देशका नाका, सीमा मजबुत बनाउनुपर्छ भने विचार प्रस्तुत गरिएको छ भने 'ख' मा नवीन शस्त्रास्त्र हातहतियार मगाई सैनिकहरूलाई नयाँ तालिम दिएर देशका सीमासीमामा सैनिक, अड्डा स्थापना गर्नुपर्छ भन्ने भाव व्यक्त भएको देखिन्छ । प्रवासमा बसी स्वदेशी हित चिताउनु उनको अभीष्ट लक्ष्य हो । राणाशासकले देशको विकास गर्ने कार्य नगरेको अवस्थामा उनले देशको विकास गरी सबैको दुःख, दारिद्र्य हरण गर्नुपर्छ भन्ने कुरा 'मर्म वेदना' कवितामा बताएका छन् । देशको विकास गर्न साहस, बुद्धि, निडर, शूरता र वीरता भए पुग्छ । त्यसका लागि व्यापक रूपमा लाग्नुपर्ने सन्दर्भ उल्लेख गर्दै पृथ्वीमाता कामधेनुसरी भएको कथन पनि कविले व्यक्त गरेका छन् । प्राकृतिक वातावरणमा पाइने खनिज पदार्थको खोजी गरी देशविकास गर्नुपर्ने कुरा उनले कवितामा बताएका छन् । देशका हरेक भागमा विभिन्न प्रकारका खनिज पदार्थ जतासुकै पाइन्छन् । त्यसलाई खोजी गर्ने भूगर्भविद् स्वदेशमा नै छन् । यसले गर्दा यस्ता कार्यमा विलम्ब गनुहुँदैन भन्ने भाव पनि कवितामा प्रस्तुत गरेको पाइन्छ; जस्तै :

*(क)* *मिल्छन् कतै रत्न, सुवर्णका खनी*
*कतै फलाम, गन्धक, अभ्रका पनी ।*
*कतै छ पेट्रोल, सिमेन्ट, मर्मर ।*
*कतै छ ताँबो, कहिः कोल पत्थर ॥*

*'मर्म वेदना', पृ. ३८ ।*

*(ख)   कहाँ छ केके ? कसरी बुझौं भनी*
*टार्न्या कुरा ई नगरौं रती पनी ।*
*जापान शिक्षा भइ फर्कन्या घर ।*
*छन् देशमै शिक्षित इन्जिनीयर ॥*

*'मर्म वेदना' पृ. ३८ ।*

माथिको उदाहरण 'क' मा कुनै ठाउँमा कविले रत्न, सुवर्ण, कुनै ठाउँमा फलाम, गन्धक, अभ्रक, पाइन्छ भनेका छन् । यसैगरी कुनै ठाउँमा पेट्रोल, सिमेन्ट, मर्मर र ताँबो, कोइलापत्थर पाइन्छ भन्दै 'ख' मा त्यसका लागि कहाँ के छ, कसरी हुन्छ पत्ता लगाउन पछि पर्नुहुँदैन भन्ने भाव व्यक्त गरेको देखिन्छ । उद्योगधन्दा खोल्न, प्राकृतिक स्रोतसाधनको उपयोग गरी विकासका मार्गहरू अवलम्बन गर्नुपर्ने धारणा कवितामा व्यक्त भएको पाइन्छ । उद्योगधन्दाका लागि आवश्यक पर्ने कच्चा पदार्थ देशका जङ्गलमा पाइन्छन् । त्यसको उपयोग गरी देशमा पेपर, जुटका मिल चलाउन सकिन्छ । फर्निचर उद्योगका लागि साल, सिसौं प्रशस्त रहेका छन । त्यसबाट पलङ्ग, झ्यालढोका, टेबुल, आलमारी, चेयर बनाई व्यापार-व्यवसाय बढाउन सकिने औद्योगिक चिन्तन कवितामा व्यक्त भएको देखिन्छ ।

कविले देशविकास गर्ने धारणा व्यक्त गरिसकेपछि आफ्ना पिता र पुर्खाहरूलाई सम्झँदै उनीहरूकै सन्तति भए पनि परालम्बन बन्नुपरेको स्थिति कवितामा व्यक्त गरेका छन् । तत्कालीन शासक वर्गले स्वदेशमा उत्पादन भएको वस्तुको प्रयोग नगरी विदेशी वस्तु प्रयोग गरेकोमा कविले 'धन गौरव' कवितामा खेद प्रकट गरेका छन्; जस्तै :

*वसन भोजन, भूषण, मण्डन ।*
*सब कुरो लिनु 'मेड् इन लण्डन'*
*न लिनु 'देशज चीज कुनै करी'*
*सब धनीहरू को छ घरमा यही ॥*

*'धन गौरव', पृ. १२ ।*

माथिको उदाहरणमा तत्कालीन शासक वर्गले स्वदेशी वस्तुलाई उपेक्षा गरेको देखिन्छ । शासक वर्गले मेड् इन लन्डन अङ्कित भएको वस्तुलाई मात्र उपभोग गरेको छ र स्वदेशी वस्तुलाई अपहेलना गरेकोमा कवि दु:खित बनेका देखिन्छन् । कविले 'प्रबोधन' कविताद्वारा

आफ्नो स्वार्थका लागि मात्र काम नगरी सम्पूर्ण जनताको हित हुने काम गर्न शासक वर्गलाई आग्रह गरेका छन् । कवि देशभक्त भएकाले देशको आर्थिक उन्नति गर्न उद्योगधन्दालाई बढी प्रश्रय दिएका छन् । आर्थिक वृद्धि गर्न उद्योगधन्दाबाट राजस्व वृद्धि हुन्छ अनि मात्र देशविकास हुन्छ र जनता सुखी हुन्छन् भन्ने कविको धारणा कवितामा व्यक्त भएको पाइन्छ ।

यसरी समग्ररूपमा हेर्दा भवानीप्रसाद खतिवडाका कवितामा राष्ट्रिय हित, आर्थिक विकास, औद्योगिक विकास तथा देशको अस्मिताको जगेर्नाजस्ता भावहरू अभिव्यक्त भएको हुँदा उनका कवितामा प्रबल देशप्रेम अभिव्यक्त भएको देखिन्छ ।

## ३.४.३ 'ढ्याङ्ग्रो' कवितासङ्ग्रहका कवितामा राजनीतिक चेतना

कवि भवानीप्रसाद खतिवडाका कवितामा राजनीतिक विषयवस्तुको प्रयोग पनि पाइन्छ । कवि भवानीप्रसाद खतिवडाका पिता टङ्कनाथ खतिवडा राजदरबारमा सुब्बा काम गर्थे । पछि वि. सं. २०३८ को राजकाजी पर्वमा परी उनले जेल जीवन बिताउनु पऱ्यो । त्यसले गर्दा कविको बाल्यकाल दुःख तथा कष्टमा बितेको थियो । युवा अवस्थामा पनि कविले आर्थिक सङ्कट बेहोर्नु परेको थियो । यी दुवै अवस्थामा भोग्नुपरेको समस्यालाई कविले कवितामा देखाएका छन् । देशमा राणा शासकले केकस्ता कार्य गरे भन्ने विषयमा कविले 'कूट नीति' कवितामा व्यक्त गरेका छन् ; जस्तै :

*यस्मा दयालू अधिकारिवर्गको ।*
*रहेन क्यै ख्याल स्वदेश गर्वको ॥*
*घस्कुन्न के बित्तद्ध ? ख्याल यै सब ।*
*हुन्थ्यो कसोरी करुणा भयो सब ॥*

*'कूट नीति', पृ. १६ ।*

माथिको पद्यमा राणा शासकले देश र जनताको हित नचिताएको विषय प्रस्तुत भएको देखिन्छ । माथि उद्धृत भएको विषयवस्तु नेपालको इतिहासमा पनि पाइएको छ ।[२०] यस कुरालाई बालचन्द्र शर्माले आफ्नो कृति **नेपालको ऐतिहासिक रूपरेखा** (२०३३) मा यसरी प्रस्तुत गरेका छन् :

---

[२०] बालचन्द्र शर्मा, **पूर्ववत्,** पृ. ३५८ ।

“प्रथम विश्वयुद्धपछि भारतमा अङ्ग्रेजी शासनको विरोध अझै उग्र रूपले बढ्दै गइरहेको थियो । भारतीय फौजलाई यसको प्रभावदेखि पृथक् राख्न सन् १९२६ देखि अङ्ग्रेजी फौजमा रहेको हिन्दुस्तानी जवानहरूलाई पनि आजसम्म नदिएका उच्च अफिसरी दर्जा दिने काम भएको थियो । यसै क्रममा भारतीय फौजमा भएका नेपाली सैनिकहरूले पनि उच्च पद पाउने भएका थिए किन्तु चन्द्रशमशेर सर्वसाधारण नेपालीहरूको उन्नति कदापि चाहन्नथे । अतः उनले भारतको ब्रिटिस सरकारसित लेखापढी गरी भारतीय फौजमा नेपालीहरूको सुबेदारी भन्दा बढी नपाउने कुरा तुल्याए ।

चन्द्र शमशेरको यस्तो राष्ट्रघातक कार्यको कटु आलोचना ठाकुरचन्द सिंहको नेतृत्वमा सन् १९२१ मा देहरादुनमा स्थापित संस्था गोरखा लीग र त्यसको मुखपत्र **गोरखा संसार** एवम् **तरुण गोरखा**मा गरेका थिए ।”

चन्द्रशमशेरले गरेको यस्तो कार्यको भण्डाफोर कवि भवानीप्रसाद खतिवडाले ‘कूट नीति’ कविताका माध्यमद्वारा व्यक्त पनि गरेको पाइन्छ ।[२१]

भारतमा अङ्ग्रेजविरुद्ध जताततै आवाज घन्किन थालेपछि नेपालका शासक वर्ग पनि डराउन लागेको कुरा यस कवितामा व्यक्त भएको देखिन्छ । भारतमा सैनिक जागिरइतरका अन्य पेसामा आबद्ध भएका नेपालीहरूलाई उक्त पेसामा संलग्न हुन नदिनका लागि चन्दशमशेरले ब्रिटिस सरकारलाई अनुरोध गरेका थिए । चन्द्रशमशेरको यस्तो नीतिलाई कविले यसरी व्यक्त गरेका छन् :

*रात्रिन्दिवा शोच विचारमा परी ।*
*दबाउन्या येहि कुमन्त्रणा गरी ॥*
*पारी निहुँ रैयत ह्रास भीतिको ।*
*हो चाल यो कूट- नरेन्द्र नीतिको ॥*

*‘कूट नीति’, पृ. १७ ।*

भारतमा गई पश्चिमी शिक्षा हासिल गरेका व्यक्तिहरूले शिक्षक पेसा गरी एक दिन अवश्य (हामी) विरुद्ध आन्दोलन गर्नेछन् । त्यसका लागि अहिले नै सतर्कता अपनाउनुपर्छ भन्ने चन्द्रशमशेरको नीति कवितामा पाउन सकिन्छ । त्यसैले गर्दा माथिको उदाहरणको पङ्क्तिमा शासक वर्गको शोचविचार दिनरात भारतमा बसेर अन्य पेसामा आबद्ध भएका नेपालीहरूमाथि थियो । भरसक नेपालीहरूले सैनिकइतर कुनै पनि पेसा गर्न ब्रिटिस सरकारले नदिएपछि हाम्रा

[२१] ऐजन ।

विरुद्धमा आन्दोलन हुन पाउँदैनन् भन्ने आशा चन्द्रशमशेरको थियो भन्ने विचार कवितामा व्यक्त भएको छ । यसरी स्वदेशमा मात्र नभएर विदेशमा बसेका नेपालीहरूमाथि राणा शासकको अत्याचार दिनप्रतिदिन बढ्दै गएको देखिन्छ । कवि भवानीप्रसाद खतिवडाले देशमा राजनीतिक दलको सङ्गठन बनाउन आवश्यक रहेको विचार कविताका माध्यमद्वारा प्रस्तुत गरेका छन् । सन् १९२१ मा स्थापित गोरखा लीग संस्थालाई मजबुत बनाई राणा शासनविरुद्ध आन्दोलन चर्काउने कार्य कविले 'हाम्रो पाताल यात्रा' कवितामा व्यक्त गरेको देखिन्छ ।

कविले राजनीतिक दलका शक्तिका बारेमा जहाँजहाँ गोर्खालीको बसोबास छ त्यहीत्यही गई सम्झाउनुपर्छ भन्ने राजनीतिक चेतनाको बीजारोपण गरेको देखिन्छ; जस्तै :

*मानेर त्यै मुख्य सभा जहाँजहाँ ।*
*गोर्खालीको बास छ गै तहाँ तहाँ ॥*
*सम्झाउनू पर्दछ संघको बल ।*
*मिल्न्या छ चाँडै शुभकर्मको फल ॥*

*'हाम्रो पाताल यात्रा', पृ. ४ ।*

माथिको उदारहणमा राजनीतिक पार्टी, दलको शक्ति अथाह भएको कुरा चित्रण गरिएको छ । त्यसलाई गोर्खालीको जहाँजहाँ बसोबास छ त्यहीत्यही गएर सबैलाई बुझाउनु पर्छ । सबैलाई राजनीतक दलमा आबद्ध गर्नुपर्ने कविको दृष्टिकोण यस पद्यमा पाइएको छ । राजनीतिक दलका अगाडि विश्वका कुख्यात तानाशाहरू झुकेका छन् । जर्मनी, फ्रान्स र रुसजस्ता देशमा कुख्यात तानाशाहहरू राजनीतिक दलका अगाडि हारेको ज्वलन्त उदाहरण कविले कविताका माध्यमद्वारा अभिव्यक्त गरेको पाइन्छ । त्यस्ता तानाशाहहरूको अन्त्य भयो भने हाम्रा देशका राणा शासकको पनि अन्त्य गर्न सकिन्छ भन्ने कविको राजनीतिक चिन्तन कवितामा व्यक्त भएको देखिन्छ । राजनीतिक दलले मात्र देश र जनताको भलो गर्नेछन् । त्यसका लागि राजनीतिक दलको आवश्यकता कविले अनुभव गरेको पाइन्छ । तत्कालीन समयमा राजनीतिक दलले विदेशमा गरेको कार्य वर्तमान समयमा पनि उत्तिकै मर्मस्पर्शी बनेको छ । राजनीतिक दलले नै २३९ वर्षको लामो इतिहास भएको नेपालको शाहवंशीय राजाको अन्त्य गरेको छ । यस दृष्टिकोणबाट हेर्दा कवि भवानीप्रसाद खतिवडा भविष्य द्रष्टाका पहरेदार बन्न पुगेका छन् ।

जार्ज पञ्चम बेलायतको सप्तम एडवर्डको उत्तराधिकारी हुन् । उनी सप्तम एडवर्डको मृत्यु भएपछि बेलायतका राजा भएका हुन् । उनले सन् १९११ मा भारतमा आई राज्य सञ्चालन गरेका थिए । त्यसबेला नेपाली प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरले उनलाई नेपालमा शिकार खेल्न बोलाए । चन्द्र शमशेर र जार्ज पञ्चमको मैत्रीपूर्ण सम्बन्ध स्थापना भयो । प्रथम विश्वयुद्धमा नेपालले १६५४४ सैनिक र दस लाख पौण्ड आर्थिक सहयोग बेलायती सरकारलाई गरेको थियो ।[२२] सैनिक र आर्थिक सहयोग चन्द्रशमशेरले गरेको हुँदा अङ्ग्रेज सरकारले चन्द्रशमशेर दिल्ली जाँदा जार्ज पञ्चम र उनकी श्रीमतीले चन्द्रशमशेरलाई जुन स्वागत गरेका थिए त्यो कुरा कवि भवानीप्रसाद खतिवडाले कवितामा व्यक्त गरेका छन् ; जस्तै :

*खडा रही स्टेशनमा ससम्भ्रम ।*
*सस्त्रीक राजेश्वर जार्ज पञ्चम ॥*
*कस्तो भयो स्वागत पूर्ण रीतले ।*
*विचारनू पर्दछ राजनीतिले ॥*

*'मर्म वेदना', पृ. ३१ ।*

चन्द्रशमशेर दिल्ली गएको समयमा अङ्ग्रेज शासक जार्ज पञ्चम र उनकी श्रीमतीले स्टेसनमा स्वागत गरेका थिए । त्यो स्वागत राजनीति ढङ्गले बुझ्नुपर्छ भन्ने विचार माथिको उदाहरणमा आएको छ । यदि चन्द्रशमशेरले अङ्ग्रेजलाई सहयोग नगरेको भए स्वागत गर्ने थिएनन् । देशको भलाइका लागि एक पैसा खर्च नगर्ने शासकले विदेशीलाई आर्थिक सहयोग गरेकोमा कविको हृदय घायल बनेको देखिन्छ । चन्द्रशमशेरको यस्तो स्वागत सम्झँदा कविको हृदय चिरिएको कुरा कवितामा कविले यसरी व्यक्त गरेका छन् :

*सम्झ्यो जसै स्वागत रीत आफ्नू*
*फाटिन्छ यो छाति कसोरि के भनू*
*झल्को छ त्यै स्टेशनको बराबर*
*घुम्थे विचारा डिपुटि कमिश्नर ॥*

*'मर्म वेदना', पृ. ३१ ।*

माथिको उदाहरणमा कविले देशको राजनीति बुझी चन्द्रशमशेरलाई जार्ज पञ्चमले स्वागत गरेको देख्दा हृदय फाटेको अनुभूति कवितामा व्यक्त गरेको देखिन्छ ।

[२२] ऐजन, पृ. ३५९ ।

### ३.४.४ 'द्याङ्रो' कवितासङ्ग्रहका कवितामा अन्तर्राष्ट्रिय घटनासम्बन्धी विषय

कवि भवानीप्रसाद खतिवडाको **द्याङ्रो** कवितासङ्ग्रहका कवितामा अन्तर्राष्ट्रिय घटनालाई कविताको विषयवस्तु बनाइएको पाइन्छ । यस्ता अन्तर्राष्ट्रिय घटनाहरूमा फ्रान्सको राज्यक्रान्ति, रुसको राज्यक्रान्ति, टर्कीको क्रान्ति, काबुल स्वतन्त्रताको क्रान्ति र चीनमा माओत्सेतुङका राज्य सत्ताप्राप्ति आदि रहेका छन् । फ्रान्सका राजाहरूले गरिब तल्ला वर्गका किसानहरूलाई अत्यधिक शोषण, दमन, अन्याय-अत्याचार गरी राज्यका प्रमुख निकायमा आफ्नै नातेदारलाई नेतृत्व दिएको थियो । यस्तो अन्याय-अत्याचार, दमनका विरुद्ध त्यहाँका जनताले आन्दोलन गरी लुई सोह्रौं राजालाई मृत्युदण्ड दिएका थिए ।[२३]

रुसको जार शासकले पनि जनतालाई अन्याय-अत्याचार दमन गरेको थियो । देश गरिब बनाएको थियो । भोकमारीको समस्या जताततै व्याप्त थियो । त्यहाँ जार पाँल प्रथमदेखि निकोलय द्वितीयसम्म छजना राजाहरूले १२१ वर्षसम्म राज्य सञ्चालन गर्दा भोकमरी, गरिबी, अशिक्षा, उत्पीडनजस्ता समस्या फैलिएको थियो । फलस्वरूप सन् १९१७ अक्टोबर १० का दिन लेनिनले त्यहाँको राजतन्त्र अन्त्यगरी राज्यशासन हात पारेका थिए ।[२४] माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय घटनालाई कविले कवितामा यसरी व्यक्त गरेका छन् :

*(क) दूर्दान्त रुसादि महा प्रदेशमा*
*तोडी धनीको धन गर्व शेषमा ।*
*बहाउन्या पूर्ण स्वतन्त्रता नदी ।*
*निर्भीक यो काल छ बीसावौँ सदी ॥*

*'कूट नीति', पृ. १८ ।*

*(ख) कस्तो थियो 'कैजर' ? शान के भयो ।*
*त्यो 'जारशाही' अहिले कता गयो ।*
*जान्दैन कोही पनि कालको गति ।*
*व्यर्थै छ यो मानिसको अहम्मती ॥*

*'कूट नीति', पृ. १८ ।*

माथिको उदाहरण 'क' मा रुस देशमा भएको दमन, अत्याचारको अन्त्य गरी स्वतन्त्रता छाएको छ ; यो २० औं सदीको उपज हो भनेका छन् भने 'ख' मा जार शासकहरूको शासन

---

[२३] मेदिनीप्रसाद शर्मा, श्रीरामप्रसाद उपाध्याय र अन्य, **युरोपको आधुनिक इतिहास**, छै.. सं., (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६१), पृ. ७९ ।

[२४] ऐजन, पृ. ३३० ।

घमण्डी सबै चकनाचुर भएको छ । त्यस्तो परिवर्तन कसैले पनि सोचेको थिएन ; समयको गति परिवर्तनशील छ ; त्यो कसैले जान्दैन भन्ने भाव व्यक्त गरेका छन् । माथिका पद्यमा रुसको घटनालाई मुख्य विषयवस्तु कविले बनाएका छन् । स्वतन्त्रता र प्रजातन्त्रको चाहना राख्ने कविले अरू पनि अन्तर्राष्ट्रिय घटनाको उदाहरण दिएका छन् ; जस्तै :

*मिश्र काबुल ईरान सब जागे ।*
*चीनञाहरू पनी अघि लागे ।*
*कर्मभीरू, गृहशूर, बिकामी ।*
*छौँ पछी; अब त केवल हामी ॥*

*'प्रबोधन', पृ. ४२ ।*

मिश्र, काबुल र इरानजस्ता राष्ट्रहरूले स्वतन्त्रता पाइसकेका छन् भने चिनियाँहरूले पनि राज्यसत्ता प्राप्त गरिसकेका छन् । हाम्रो देशमा पनि स्वतन्त्रता ल्याउनुपर्ने विचार माथिको उदाहरणमा व्यक्त भएको भेटिन्छ ।

यसरी कवि भवानीप्रसाद खतिवडाले अन्तर्राष्ट्रिय राजनीतिक घटनाको उथलपुथललाई कवितामा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

### ३.४.५ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा आध्यात्मिक विषय

कविले पूर्वीय परम्परावादी संस्कृत शिक्षा अध्ययन गरेका हुनाले त्यसको प्रभाव उनका कवितामा पनि परेको पाइन्छ । धर्मग्रन्थबाट कवि अत्यधिक प्रभावित भएका देखिन्छन् । धर्म (ग्रन्थ) शास्त्रका अनुसार आत्मा अमर हुन्छ; शरीर नासवान् हुन्छ; त्यसैले गर्दा अमर हुने आत्माको सुख भोगतर्फ लाग्नुपर्छ भन्ने कविको आध्यात्मिक भावना छ । 'उचित राय' कविताको १९ श्लोकमा श्रीमद्भागवतको पञ्चमस्कन्धको प्रभाव परेको पाइन्छ । कविले आध्यात्मिक विषयवस्तुको ग्रहण गरी राणा शासकलाई तर्साउने काम गरेका छन् । कविले 'उचित राय' कवितामा राणा शासकलाई धार्मिक र आस्तिक भई शासन प्रणालीमा परिवर्तन गर्न सुझाव दिएका छन् ; जस्तै :

*(क) महामना, नैष्ठिक धर्मकारक ।*
*पापी, सदादीनजन प्रतारक ॥*
*दानी, अमर्षी कृपणी दयापर ।*
*समग्र जान्छन् यमराजका घर ।*

*'उचित राय', पृ. २८ ।*

*(ख) ग्रह जन, सुत सम्पत् मित्रसम्बन्धी दारा ।*
*जति छन् बुझ मिथ्या लोक संसृष्टि सारा ॥*
*तँ तँ मम किन व्यर्थै गर्दछौ के छ सार ?*
*गर भजन प्रभुको जाउँला विश्व पार ॥*

*'हितोपदेश', पृ. ६१ ।*

माथिको उदाहरण 'क' मा यस संसारमा जेजस्ता कार्य वा कर्म गर्ने मानिसहरू छन् ती सबै अन्ततोगत्वा यमराजका घरमा जान्छन्; कोही पनि बाँकी रहन पाउँदैनन् भनिएको छ ; त्यस्तैगरी 'ख' मा आफ्नो घर, छोरा, सम्पत्ति, मित्र, स्वास्नी आदि भन्ने जो सोचिन्छ ती सबै मिथ्या हुन् ; तेरो मेरो भन्नु व्यर्थ छ ; यसमा केही सार छैन त्यसैले गर्दा कैवल्य प्राप्त गर्नका लागि ईश्वरको भजन गर्नु आवश्यक छ । माथिका पद्यमा कविले शासक वर्गलाई धार्मिक आस्तिक हुन सचेत गराएको देखिन्छ । कविले माया, मोह त्यागी जनताको सेवा गर्न, शासन-प्रणाली सुधार गर्न शासक वर्गलाई कविताका माध्यमद्वारा सुझाव दिएको पाइन्छ ।

### ३.४.६ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा शिक्षासम्बन्धी विषय

तत्कालीन शासक वर्गले नेपाली आम जनतालाई शिक्षाको ज्योतिबाट वञ्चित गराएका थिए । त्यस समयमा कालो अक्षर भैँसी बराबर भन्ने उक्ति साबित भएको थियो । त्यसैले गर्दा कवि भवानीप्रसाद खतिवडाले कविताका माध्यमद्वारा शासक वर्गलाई शिक्षाको योजना गर्न आग्रह गरेको देखिन्छ ; जस्तै :

*(क) उदण्डको दण्ड गरी निसाफले*
*पाली प्रजा पुत्र-समान-भावले ।*
*बनाइ विद्यालय ठाउँठाउँमा ।*
*गराउद्यूँ शिक्षित गाउँगाउँमा ॥*

*'मर्म वेदना', पृ. ३७ ।*

*(ख) सर्वोच्च नानाविध शिल्प नैपुण ।*
*सिकाउँदै नित्य बनाई सद्‌गुण ॥*
*देखाइद्यू उन्नति मार्गको पथ ।*
*पूरा हवस् रैयतको मनोरथ ॥*

'मर्म वेदना', पृ. ३७ ।

माथिको उदाहरण 'क' मा शासक वर्गले प्रजाहरूलाई पुत्रसरह व्यवहार गरी शिक्षाबाट वञ्चित नगराई ठाउँठाउँमा विद्यालय बनाउन र गाउँगाउँमा शिक्षित बनाइदिन आग्रह गरेको देखिन्छ । यसैगरी 'ख' मा स्वावलम्बीय शिक्षा प्रजाहरूलाई दिई उनीहरूको उन्नति, प्रगति तथा इच्छा पूरा गर्न शासक वर्गको ध्यान आकृष्ट गराएको देखिन्छ । तत्कालीन समयमा कविले स्वावलम्बीय शिक्षाको आवश्यकता औंल्याएका छन् । वर्तमान समयमा पनि नेपाली जनताका छोराछोरीहरूले स्वावलम्बीय शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । त्यसैले गर्दा स्वावलम्बीय शिक्षा कविको युगको मात्र नभई वर्तमान समयको पनि टड्कारो मुद्दा बनेको देखिन्छ ।

### ३.४.७ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा सूचना तथा सञ्चारसम्बन्धी विषय

तत्कालीन शासक वर्गले आफ्ना मातहतमा रहेका कर्मचारीहरूको सुविधाका लागि हुलाकको व्यवस्था गरेका थिए । हुलाककै माध्यमबाट शासक वर्गका कर्मचारीहरूको चिठ्ठीपत्र आदानप्रदान हुन्थ्यो । यसै माध्यमबाट विविध सूचना प्रसारित गरिन्थ्यो । सर्वसाधारण जनताका लागि न त हुलाकको व्यवस्था थियो; न त कुनै पनि राष्ट्रको सूचना सुन्न पाउने व्यवस्था थियो । यही अवस्थाले गर्दा कविले आफ्ना कवितामा सूचना तथा सञ्चारको आवश्यकता सर्वसाधारण जनताको लागि समेत औंल्याएको देखिन्छ ; जस्तै :

*अड्डा पिच्छे मात्र हुलाक नामका ।*
*छन् डाक घर केवल राष्ट्र कामका ।*
*शाखा रहुन् 'पब्लिक' कामका अरु*
*बाँडुन् चिठी घर्घर गै 'पियुन' हरू ॥*

*'मर्मवेदना', पृ. ३७ ।*

माथि प्रस्तुत गरिएको उदाहरणमा शासक वर्गलाई मात्र सूचना तथा सञ्चारको व्यवस्था गरेको देखिन्छ । अन्य सामान्य जनतालाई सूचना तथा सञ्चारबाट वञ्चित गराइएको देखिन्छ ।

### ३.४.८ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा जातीय एकताको स्वर

कवि भवानीप्रसाद खतिवडाका कवितामा जातीय एकताको आवश्यकता देखाइएको छ । देशको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरण गर्न जातजाति एकताबद्ध भई अगि बढ्नुपर्ने कुरा कविले व्यक्त गरेका छन् ।

देशको संरचनामा परिवर्तन गर्न कसैले पनि एक्लै सक्दैन । यसले गर्दा सम्पूर्ण जातजातिहरू एक हुनुपरेको स्थिति कवितामा देखिन्छ ; जस्तै :

*जातीय सम्मेलन यै निरन्तर*
*दिलाउँला गौरव पूर्ण आदर ।*
*सबै परित्याग गरी महामद*
*सम्मान सम्झी गरनन् खुशामद ॥*

*'मर्मवेदना', पृ. ४० ।*

माथिको उदाहरणमा जातीय एकता निरन्तर रूपले अगाडि बढिरह्यो भने देशको महिमा अवश्य बढ्ने छ । त्यसले अन्तर्राष्ट्रिय स्तरमा हाम्रो छवि सधैँ स्वच्छ देखाउँछ । त्यसैले गर्दा जातीय एकता हुन आवश्यक रहेको तथ्य माथिको पद्यमा देखिन्छ ।

## ३.४.९ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा शासक वर्गप्रति आक्रोश

भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहका कवितामा नेपाली जनतालाई शासक वर्गले पशुझैँ तुल्याएको स्थितिको वर्णन भएको छ । मानव भएर निरीह बन्नुपरेको स्थिति राणा शासन कालमा रहेको तथ्य कविले आफ्ना कवितामा देखाएका छन् । यसैले गर्दा राणा शासक वर्गप्रति कविले आक्रोश व्यक्त गरेको देखिन्छ । देश सञ्चालन गर्ने अधिकार प्राप्त व्यक्तिले आफ्नो मनोमानी ढङ्गले शासन गर्दा तल्ला वर्गमा रहेका मानिसलाई कथित मानव मात्र बनाई बढी अन्याय-अत्याचार, शोषण-दमन गरेका छन् । त्यसका विरुद्ध भारतको देहरादुनबाट वि. सं. १९८३ मा प्रकाशित भएको **गोरखा संसार** पत्रिकामा र वि. सं. १९८५ मा प्रकाशित भएको पत्रिका **तरुण गोरखा** पत्रिकामा उनले शासक वर्गप्रति आक्रोश पोखेको पाइन्छ ।

राणाहरूले आफ्नो हातमा शासन सत्ता ल्याउन ठूलाठूला अपराध गरेका छन् । कुनै राणा स्वच्छ रूपले शासन सत्तामा पुगेका छैनन् ।

त्यसैले गर्दा राणा शासकले पुरुषार्थ गर्‍यौँ भनी नसोचे हुन्छ । त्यसै हुनाले पनि राणाले भलो हुने काम गर्दैनन् भन्ने विचार कविले व्यक्त गरेको देखिन्छ । दानवीय राणाहरूप्रति कविले धेरै आक्रोश व्यक्त गरेको देखिन्छ; जस्तै :

*(क) भया अझैँ कोहि उपाय लौगर ।*
*त्यो ता गयो 'नूतन मावली घर' ।*

*त्यागी शरम् लाज कि गै सरासर ।*
*डुबेर 'चूल्लू भर पानिमा' मर ॥*
*'सावधान', पृ. ४३ ।*

*(ख) छ के र तिम्रो ? बलको बहादुरी ।*
*गजक्क पर्छौ , किन चढ्दछौ धुरी ॥*
*गर्‍यौ ठूलौ कुन् पुरुषार्थ हातले ।*
*छ गर्व, जातीय कुरक्त पातले ॥*
*'अहंकार', पृ. ५४ ।*

माथिको उदाहरण 'क' मा जनतालाई जेजस्तो शोषण, दमन, अन्याय, अत्याचार गर्न राणा शासकहरू स्वतन्त्र भएको कुरा चित्रण गरिएको छ । यसमा राणा शासकलाई अकाल मै अर्काद्वारा मारियोस् अर्थात् पूर्ण आयु नबाँचोस् भन्ने भाव व्यक्त भएको छ । यसैगरी 'ख' मा आम नेपालीको रगत चुस्ने रक्त पिपासु भन्दै यिनीहरूले कुनै बहादुरी गरेको देखिँदैन भन्ने विचार व्यक्त गरेको देखिन्छ ।

## ३.४.१० 'द्याङ्रो' कवितासङ्ग्रहका कवितामा नैतिक दृष्टान्तसम्बन्धी विषय

कवि भवानीप्रसाद खतिवडाका कवितामा नैतिक दृष्टान्त पाइन्छ । मानवजीवनका हितमा उपयोग हुने सन्दर्भहरू कवितामा प्रस्तुत गर्दा नैतिक दृष्टान्तका रूपमा आएका हुन्छन् । कुन व्यक्तिसँग कस्तो व्यवहार गर्नुपर्छ र कसरी व्यावहारिक ज्ञान प्राप्त हुने शिक्षा ग्रहण गर्न सकिन्छ भन्ने विषयवस्तुको चयन गरी कवि खतिवडाले कवितामा प्रस्तुत गरेको देखिन्छ । मानव नैतिक आचरणयुक्त हुनाका लागि नीतिवान् हुन जरुरी हुन्छ । त्यसैले गर्दा सदाचारी बन्नका निम्ति नीतिगत शिक्षा ग्रहण गर्नुपर्ने हुन्छ ; जस्तै :

*(क) अन्यायकारी प्रिय पुत्रको पनि ।*
*गरी दमन् नैतिक धर्म हो सदा ॥*
*हिताऽर्ति वार्ता रिपुको पनी सदा ।*
*मान्या पुरुष पूजित हुन्छ सर्वदा ॥*
*'मर्म वेदना', पृ. ३० ।*

*(ख)  जो नीच सम्भाषण देखि डर्दछ ।*
*जो दुःखिको नित्य सहाय गर्दछ ।*
*जो धर्ममा मर्न अगाडि सर्दछ ।*
*तेस्को गरे दर्शन पाप टर्दछ ॥*

*'स्वर्ग सोपान', पृ ५१ ।*

माथिको उदाहरण 'क' मा प्रियकै पुत्र भए पनि अन्याय-अत्याचार गर्छ भने मार्दा अपराध लाग्दैन र शत्रु भए पनि हितकारी बात गर्छ भने मान्नुपर्छ भनेका छन् भने 'ख' मा नीच व्यक्तिको कुरा नसुन्ने दुःखीको सधैँ हित गर्ने धर्मका लागि मर्न नडराउने व्यक्तिको दर्शन गर्नु उपयुक्त हुन्छ भन्ने नैतिक दृष्टान्त प्रस्तुत भएको पाइन्छ ।

## ३.५ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा रसप्रयोग

पूर्वीय महाकाव्यपरम्परामा रसको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । काव्यज्ञ आचार्यहरूले महाकाव्यका निम्ति रसलाई अपरिहार्य तत्त्व मानेका छन् । रस महाकाव्यमा मात्र नभई फुटकर कवितामा पनि पाइन्छ ।

कवि भवानीप्रसाद खतिवडाले आफ्ना कवितामा करुण, भयानक, अद्भूत, शान्त आदि रसहरूको प्रयोग गरेको देखिन्छ । केही रसका उदाहरणहरू निम्नानुसार दिइन्छ :

### ३.५.१ करुण रस

आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रस उत्पन्न हुन्छ । धन, वैभव आदिका क्षतिबाट पनि करुण रस उत्पन्न भएको हुन्छ ।[२५] अझ यसो भनौँ कसैको करुण कहानी देख्दा वा पढ्दा हाम्रा मनमा एक किसिमको करुण भाव उर्लिएर आउँछ । यही भाव करुण रसको स्थायी भाव हो; त्यसलाई शोक पनि भनिन्छ । आफ्ना विनष्ट वस्तुहरू आलम्बन र तिनका गुण र तिनीहरूलाई सम्झाउने चीजहरू उद्दीपन विभाव हुन् । रुनु, कराउनु आदि अनुभाव र मुर्छा, उन्माद, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव हुन् ; जस्तै :

[२५] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**, छै. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५६), पृ. ३९ ।

*न त छ शरिरभर्मा वस्त्र क्यै शीत हारी ।*
*न त छ उदर भर्न्या अन्न क्यै पुष्टकारी ।*
*जुन बखत जहाँ जे मिल्छ त्यै खाइ कच्चा ।*
*कृश-तनु चिर रोगी छन्, सबै बालबच्चा ।*

*'देश दशा', पृ. २० ।*

'देश दशा' शीर्षकको यस पद्यमा वैभवको क्षति भएको हुँदा शोकका रूपमा करुण रस आएको छ । देशका निमुखा, गरिब जनता आलम्बन विभाव, नाङ्गै, भोकै तथा रुग्ण एवम् विविध रोगव्याधिले युक्त उद्दीपन विभाव, त्यसबाट सृजना हुन गएको कारुणिक क्रन्दन रुनु, कराउनु, अनुभाव र मुर्च्छा, ग्लानि, चिन्ता आदि व्यभिचारी भावको रूपमा रहेको पाइन्छ । वैभव सम्पत्ति सकिएको हुँदा यहाँ करुण रस स्पष्ट रूपमा रहेको पाउन सकिन्छ । शोक यसको स्थायी भाव हो ।

## ३.५.२ भयानक रस

डर लाग्दा चीजहरू देख्ता, जघन्य अपराध र त्यसको सजायको कल्पना गर्दा, शक्तिशाली शत्रुसँग लडाइँ गर्नुपर्दा हाम्रो मनमा एक किसिमको व्याकुलताको भाव उत्पन्न हुन्छ, त्यही भावबाट भयानक रसको उदय हुन्छ । त्यसैले यसको स्थायीभाव भय हो । यसमा डरलाग्दा चीजहरू आलम्बन, तिनीहरूका डरलाग्दा चेष्टा उद्दीपन, अनुहार कालोनीलो हुनु, बोली अड्कनु, मुख सुक्नु अनुभाव र शङ्का, मुर्च्छा, भ्रम आदि व्यभिचारी भाव हुन्छन् ; जस्तै :

*नजिकैका वटवृक्षका मनी*
*परनाले जसको प्रतिध्वनि ।*
*सुनियो घोर मृगारि गर्जन ।*
*मनले प्राण गऱ्यो बिर्सन ॥*

*'वराह वर्णन', पृ. ५६ ।*

'वराह वर्णन' शीर्षकको यस पद्यमा सामीप्यमा रहेको वृक्षमुनि घोर मृगारिको आवाज सुनिएको वर्णन गरिएको छ । यहाँ मृगारिको आवज सुनिएकाले त्यसबाट भयानक रस उत्पन्न भएको छ । यहाँ डर उत्पन्न गराउने 'मृगारि' आलम्बन विभाव, यसको आवाज उद्दीपन विभाव, घोर गर्जन सुनेर मनले प्राण बिर्सनु अनुभाव र त्रास, चिन्ता, मोह, जडता, आवेग आदि

व्यभिचारी भावको रूपमा आएको छ भने स्थायीभावका रूपमा भय रहेको छ । यहाँ मृगारिद्वारा मनमा भय उत्पन्न भएको हुँदा भयानक रस प्रस्ट रूपमा आएको देखिन्छ ।

### ३.५.३ अद्‌भुत रस

अचम्म लाग्दा चीज देख्ता हाम्रो मनमा एक किसिमको आश्चर्यको भाव उत्पन्न हुन्छ । यही भाव नै अद्‌भुत रसमा व्यक्त हुन्छ । यसैले यसको स्थायी भाव विस्मय (आश्चर्य) हो । आश्चर्य लाग्दा चीजहरू आलम्बन र तिनीहरूका अनौठा गुण या विशेषताहरू उद्दीपन विभाव हुन् । वाल्ल परेर हेरिरहनु, आङ जुरुङ्ग हुनु आदि अनुभाव र हर्ष, उत्सुकता, वितर्क आदि व्यभिचारी भाव हुन् ; जस्तै :

*दश एघार घडी तहीँ बसी ।*
*पदचिन्ता गरदा दयापसी*
*प्रभु आज्ञाभई छ्याइजंगल*
*निकल्यो अर्ध शशांक मण्डल ।*

*'वराह वर्णन', पृ. ५६ ।*

'वराह वर्णन' शीर्षकको यस पद्यमा राती जङ्गलमा आश्चर्यजनक ढङ्गले अर्धचन्द्रमा देखिएको वर्णन गरिएको छ । यहाँ अर्धचन्द्रमा देखिएकाले त्यसबाट आश्चर्यको भाव उत्पन्न भएको छ । यही भावबाट नै अद्‌भुत रस उत्पन्न भएको छ । यहाँ अर्धचन्द्रमा आलम्बन विभाव, चन्द्रमाको प्रकाश उद्दीपन विभाव, चन्द्रमाप्रति हेरेर वाल्ल पर्नु, आङ जुरुङ्ग हुनु आदि अनुभाव र हर्ष, उत्सुकता, वितर्क आदि व्यभिचारी भावको रूपमा आएको छ भने स्थायी भावका रूपमा विस्मय रहेको छ । यस पद्यमा आश्चर्य रूपमा राति अर्ध चन्द्रमा देखिएको हुँदा अद्‌भुत रस प्रकट भएको देखिन्छ ।

### ३.५.४ शान्तरस

संसार एक सपना हो, यसका सबै चीजहरू क्षणभङगुर एवम् असार छन् भन्ने ज्ञानले हामीमा एक किसिमको संसारप्रति वितृष्णाको भाव उत्पन्न हुन्छ; त्यस्तो भावलाई निर्वेद (वैराग्य) भनिन्छ । यही शमस्थिति अथवा निर्वद नै शान्त रसमा स्थायी भाव बनेको हुन्छ । यसमा निस्सार संसार अथवा परात्मा आलम्बन, पुण्यस्थान, तीर्थ, देवमन्दिर, साधुहरूको सङ्गत

आदि उद्दीपन विभाव हुन्छन् । यस्ता विभावहरूबाट उत्पन्न भएको सात्त्विक रोमाञ्च, आँसु अनुभाव र हर्ष, स्मृति, विरक्ति, पश्चाताप आदि व्यभिचारी भाव हुन् ; जस्तै :

*गृह, जन, सुत, सम्पत्, मित्र, सम्बन्धी, दारा ।*
*जति छन् बुझ मिथ्या ; लोक संसृष्टि सारा ।*
*तँ तँ मम, किन व्यर्थै गर्दछौ के छ, सार ।*
*गर भजन प्रभूको जाउला विश्व पार ॥*

*'हितोपदेश', पृ. ६१ ।*

'हितोपदेश' शीर्षकको यस पद्यमा संसारका यावत् जेजति वस्तुहरू छन् ; ती सबै मिथ्या हुन्, तँ तँ र मम गर्नु व्यर्थ छ, प्रभुको भजन गर्दा मात्र यस संसारबाट मुक्ति पाउन सकिन्छ भन्ने भाव वर्णन गरिएको छ । यहाँ मुक्ति प्राप्त गर्ने क्रममा प्रभु आलम्बन विभाव, विश्व ब्रह्माण्डका यावत् वस्तु परित्याग गरी भजनमा निमग्न हुनु उद्दीपन विभाव, रोमाञ्च, आँसु आदि अभिव्यक्त हुनु अनुभाव र हर्ष, स्मृति, विरक्ति, पश्चाताप आदि व्यभिचारी भावका रूपमा आएका छन् भने स्थायी भावका रूपमा निर्वेद आएको छ । यसैले यस पद्यमा शान्तरस अभिव्यक्त भएको देख्न सकिन्छ ।

## ३.६ 'ढ्याङ्ग्रो' कवितासङ्ग्रहका कवितामा छन्दप्रयोग

अक्षरहरूको सङ्ख्याक्रम, मात्रा, गण, यति र गति आदिसँग सम्बन्धित शास्त्रीय नियमहरूद्वारा नियोजित पद्यरचना नै छन्द हो ।[२६] छन्द शास्त्रीय नियममा आबद्ध भई विशेष प्रकारको पद्यात्मक रचना हो । कविता/काव्यका पाउपाउमा वर्णहरूको मात्राको गणना यति - गति विधान आदिसँग आबद्ध भई शास्त्रीय नियमहरूका आधारमा पद्यात्मक रचना गरिने विशिष्ट प्रक्रिया विशष नै छन्द भनिन्छ । छन्दका सन्दर्भमा मात्रा भन्नाले अक्षरको लघुता र दीर्घता हो । लघुतालाई यस्तो चिह्नले (।) ले सङ्केत गरेको हुन्छ भने दीर्घतालाई पनि यस्तो चिह्नले (ऽ) सङ्केत गरेको पाइन्छ । लघुतालाई (।) एक मात्रा र दीर्घतालाई (ऽ) लाई दुई मात्रा भनिन्छ । छन्दमा गणहरू रहेका हुन्छन् । यहाँ गण भन्नाले तीनओटा अक्षरहरूको समूह भन्ने हुन्छ । एउटा गणअन्तर्गत तीनओटा वर्ण या अक्षरहरू पर्दछन् । अक्षरहरूका लघुता र दीर्घताका

[२६] गोविन्दप्रसाद शर्मा, **छन्दोहार**, (काठमाडौं : ने. भा. प्र. समिति, २००१), पृ. ७ ।

आधारमा आठ ओटा गणहरू हुन्छन् । ती गणहरूको नाम र गणलाई सङ्केत गर्ने चिह्न यसप्रकारका छन् :

| **गणको नाम** | **गण चिह्न** |
| --- | --- |
| य | । ऽ ऽ |
| म | ऽ ऽ ऽ |
| त | ऽ ऽ । |
| र | ऽ । ऽ |
| ज | । ऽ । |
| भ | ऽ । । |
| न | । । । |
| स | । । ऽ |
| ल | । |
| गु | ऽ |

गति भन्नाले छन्दका क्रममा श्लोक पढ्दा ठाउँठाउँमा अलिकति अडिए जस्तो बुझिन्छ । कुनै पनि कविता वाचन गर्दा जुन ठाउँमा स्थान विशेषलाई यति भनिन्छ अर्थात् कवितावाचन गर्दा केही क्षण विश्राम गनुपर्ने हुन्छ । त्यसैलाई नै यति भनिन्छ । यतिलाई विश्राम, विच्छेद, विराम पनि भनेको पाइन्छ । छन्दमा यतिको भूमिका महत्त्वपूर्ण हुन्छ ।[२७] यति/विश्राम हुँदा कुनै पनि पदको बीचमा भयो भने यति भङ्गदोष हुन्छ । धाराप्रवाह रूपमा कतै नरोकिई वाचन गर्नु चाहिँ गति हो भने विश्राम  गर्नु यति हो ।

यस कवितासङ्ग्रहमा उपजाति, वंशस्थ, द्रुतविलम्बित, शालिनी, स्वागता, मालिनी र वसन्ततिलका जस्ता छन्दको प्रयोग भएको  स्पष्ट देखिन्छ । खगेन्द्रप्रसाद लुइटेलले आफ्नो कृति **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**मा कवि भवानीप्रसाद खतिवडाको **ढ्याङ्ग्रो** कवितासङ्ग्रहमा तोटक छन्द प्रयोग गरेका छन् भनी उल्लेख गरेको पाइन्छ । यस कवितासङ्ग्रहका कुनै पनि कवितामा तोटक छन्दको प्रयोग भने गरिएको देखिँदैन ।

[२७] देवी नेपाल, **छन्द- पराग**, (काठमाडौँ : भुँडी पुराण, २०६२), पृ. ६ ।

भवानीप्रसाद खतिवडाले १० वटा कवितामा उपजाति छन्दको प्रयोग गरेका छन्; ती कविताहरू यसप्रकारका छन् : 'हाम्रो पाताल यात्रा', 'मर्म वेदना', 'कूट नीति', 'उचित राय', 'सुधार आतङ्क', 'सावधान', 'स्वर्ग सोपान', 'भाग्य', 'के गरौं' र 'वराह वर्णन । 'धन गौरव' शीर्षकको कवितामा द्रुतविलम्बित छन्द, 'देश दशा' र 'हितोपदेश' कवितामा मालिनी छन्द, 'प्रबोधन' कवितामा  धूर्त वर्ण्णा' कवितामा स्वागता छन्दको प्रयोग भएको छ ; यही 'प्रबोधन' कवितामा आधा जति श्लोक शालिनी छन्दको पनि प्रयोग भएको पाइन्छ अर्थात् 'प्रबोधन' शीर्षकको कवितामा आधा जति श्लोक/अनुच्छेद स्वागता छन्दको प्रयोग भएको देखिन्छ । यसैले गर्दा एउटै कवितामा दुईवटा छन्दको प्रयोग भएको पाइन्छ । 'अहंकार' शीर्षकको कवितामा वंशस्थ छन्दको प्रयोग भएको पाइन्छ । यसैगरी 'विश्वनाथ वर्णन' कवितामा वसन्ततिलका छन्दको प्रयोग भएको देखिन्छ । माथि उल्लेख गरिएका १० वटा कवितामध्ये ७ वटा कवितामा बाह्रबाह्र अक्षर हुने र पाँचौं अक्षरमा यति या विश्राम हुने इन्द्रवंशा छन्द र तीन अक्षरपछि अल्पविराम हुने बाह्र अक्षरे वंशस्थ छन्दको मिश्रण गराई उपजाति छन्दको प्रयोग भएको पाइन्छ । 'भाग्य' शीर्षकको कवितामा एघार अक्षर हुने र पाँचौं अक्षरपछि नै विश्राम हुने एघार अक्षरे उपेन्द्रवज्रा छन्दको मिश्रण गराई उपजाति छन्दको प्रयोग भएको देखिन्छ । 'के गरौं' र 'वराह वर्णन' शीर्षकका कवितामा एघार अक्षरमा पूर्ण हुने वियोगिनी छन्दको दोस्रो पाउबाट मात्र कविता सृजना भएको हुँदा यस्तो छन्दलाई पनि उपजाति छन्दको प्रयोग भएको भन्न सकिन्छ ।

'धन गौरव' शीर्षकको कवितामा द्रुतविलम्बित छन्दको प्रयोग भएको  पाइन्छ । यस छन्द 'न' गण दुईटा, 'भ' गण र एउटा 'र' गण मिलेर बनेको बाह्र अक्षरको हुन्छ । यसको सुरुमा चार अक्षरपछि र सात अक्षँरपछि विश्राम हुन्छ । 'धूर्त वर्ण्णा' र 'प्रबोधन' शीर्षकको कवितामा एघार अक्षर हुने स्वागता छन्दको प्रयोग भएको पाइन्छ । यस छन्दमा सुरुका सात अक्षरपछि विश्राम हुन्छ । यसै कविताभित्र शालिनी छन्दको पनि प्रयोग भएको पाइन्छ । यो छन्द पनि एघार अक्षरको हुन्छ । यसको विश्राम चार अक्षरमा हुन्छ । 'हितोपदेश' र 'देश दशा' कवितामा मालिनी छन्दको प्रयोग भएको पाइन्छ । यस छन्दमा 'न' गण दुईटा, 'म' गण र दुईटा 'य' गण मिलेर पन्ध्र अक्षर हुन्छन् । यसको आठ अक्षरमा विश्राम हुन्छ । 'अहंकार' शीर्षकको कवितामा वंशस्थ छन्दको प्रयोग भएको पाइन्छ । यस छन्दको गण 'ज', 'त', 'ज' र 'र' हुन्छ ।

यसमा बाह्र अक्षर रहेको हुन्छ । यसको प्रत्येक तीन अक्षरपछि अति छोटो विश्राम हुन्छ । ‘विश्वनाथ वर्णन’ शीर्षकको कवितामा वसन्ततिलका छन्दको प्रयोग भएको देखिन्छ । यस छन्दमा ‘त’ गण, ‘भ’गण दुईटा, ‘ज’ गण र अन्त्यमा दुई गुरु हुने चौध अक्षर हुन्छ । यसको आठ अक्षरपछि विश्राम हुन्छ ।

माथि उल्लेख गरिएका सातवटै छन्दका लक्षणका आधारमा प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत भएका १७ वटै कविताहरूलाई आरेखमा निम्नानुसार देखाउने प्रयास गरिएको छ :

| क्र. सं. | शीर्षक | छन्द | गण | यति | कैफियत |
|---|---|---|---|---|---|
| १ | हाम्रो पाताला यात्रा | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | यति भङ्ग |
| २ | धन गौरव | द्रुतविलम्बित | न भ, भ, र | चार र सात अक्षरपछि | - |
| ३ | कूटनीति | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | १७ श्लोकमा छन्दभङ्ग भएको छ । |
| ४ | देश दशा | मालिनी | न, न, म, य, य | आठ अक्षरमा | - |
| ५ | उचित राय | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | ३ औँ श्लोक छन्दभङ्ग भएको । |
| ६ | मर्म वेदना | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | ४५ औँ श्लोकमा मालिनी छन्द प्रयोग भएको छ तर त्यो पनि अन्तिम पाउँमा छन्द भङ्ग भएको छ । |
| ७ | प्रबोधन | स्वागता | र, न, भ, गु, गु | सात अक्षरपछि | ४ औँ श्लोकमा छन्दभङ्ग भएको छ । |
| ८ | के गरौँ | उपजाति | स, भ, र, ल, गु | छ अक्षरमा | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सुधार आतंक | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | - |
| १० | सावधान | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | - |
| ११ | स्वर्ग-सोपान | उपजाति | त, त, ज, र<br>त, त, ज र | पाँच अक्षर<br>तीन अक्षर | ७ औं श्लोकमा छन्दभङ्ग भएको पाइन्छ । |
| १२ | धूर्त वर्ण्ना | स्वागता ९ श्लोक सम्म,<br>१० देखि शालिनी | र, न, भ, गु, गु,<br>म, त, त, गु, गु | सात अक्षरपछि<br>चार अक्षरमा | छन्दभङ्ग ९ औं श्लोकसम्म भएकै छ । |
| १३ | अहंकार | वंशस्थ | ज, त, ज, र | तीन अक्षरपछि | १० श्लोकदेखि १३ औं श्लोकसम्म शालिनी छन्दको प्रयोग भए पनि छन्दभङ्ग नै भएको छ । |
| १४ | वराह वर्णन | उपजाति | स, भ, र, ल, गु | छ अक्षरमा | - |
| १५ | हितोपदेश | मालिनी | न, न, म, य, य | आठ अक्षरमा | पहिलो श्लोकमा छन्दभङ्ग भएको छ । |
| १६ | भाग्य | उपाजति | त, त, ज, र<br>त, त, ज र | पाँचौं अक्षरपछि<br>पाँचौं अक्षरपछि | - |
| १७ | विश्वनाथ वर्णन | वसन्ततिलका<br>छैटौं श्लोकदेखि द्रुतविलम्बित | त, भ, ज, ज, गु, गु<br>न भ, भ, र | आठ अक्षरपछि<br>चार र सात अक्षरपछि | छन्दभङ्ग |

यस कविताको छैटौं श्लोकदेखि अन्तिमसम्म द्रुतबिलम्बित छन्दप्रयोग भए पनि छन्द भने भङ्ग भएको पाइन्छ ।

कवि भवानीप्रसाद खतिवडाले उपजाति, मालिनी, द्रुतविलम्बित, वंशस्थ, स्वागता, शालिनी, वसन्ततिलकाजस्ता शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग गरेको देखिन्छ । उनले

प्रयोग गरेका छन्दहरूमा शास्त्रीय नियमको आंशिक पालना भएको देखिन्छ । कुनै एउटा छन्दमा आबद्ध भई कविता लेखे तापनि त्यो छन्द बीचमै भङ्ग भएपछि अर्को छन्दको प्रयोग गरेको देखिन्छ तर त्यो छन्द पनि भङ्ग भएकै छ । छन्दप्रयोगका दृष्टिले हेर्दा उनी शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गर्न सफल भएका छैनन् ।

## ३.७ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा विचलन

विचलन कविताको भाषाको महत्त्वपूर्ण विशेषता हो । कविहरू लय, अनुप्रास आदि मिलाउनका लागि व्याकरणको नियमलाई उल्लङ्घन गर्छन् । लिङ्ग, वचन, विभक्ति, कारक तथा चिह्नप्रयोगका सन्दर्भमा पनि कवि भाषाका सामान्य नियमलाई अतिक्रमण गर्न पुग्छन् । यस सन्दर्भमा कविले भाषाले दिने अर्थमाथि पनि थिचोमिचो गरेको स्पष्ट देख्न सकिन्छ । कविले जेजस्ता कुरामा विचलन गरे पनि त्यसले सौन्दयको सृष्टि गर्न सक्नुपर्छ किनभने सौन्दर्यको सृष्टि राम्रा कवितामा हुनुपर्ने अनिवार्य गुण हो । यदि विचलनबाट कविताको सौन्दर्यमा वृद्धि हुँदैन भने त्यसलाई चाहिँ निरर्थक प्रयोग मान्नुपर्छ । यसैले सफल कविहरू निरर्थक रूपमा कवितामा भाषिक विचलन गर्दैनन् ।[२८] भवानीप्रसाद खतिवडाले पदक्रम, अर्थ र शब्दप्रयोगका तहमा विचलन गरेका छन् ।

### ३.७.१ पदक्रममा विचलन

कवितामा पदक्रमका स्तरमा विचलन अत्यन्त धेरै भेटिन्छ । पद्यका कविताहरूमा लय (वर्ण र मात्रा दुवै स्तरमा) तथा अनुप्रास मिलाउनु पर्ने भएकाले कविहरू पदक्रममा विचलन गर्न बाध्य हुन्छन् भने गद्यकवितामै पनि लय तथा अनुप्रासको स्थिति अन्य साहित्यिक गद्य विधाका तुलनामा धेरै हुने भएकाले यसको आवश्यकता उत्तिकै महत्त्वपूर्ण अनुभव हुन्छ ।

भवानीप्रसाद खतिवडाका कवितामा पदक्रमगत विचलन ज्यादै पाउन सकिन्छ । उनका कवितामा भएका केही विचलनलाई मात्र यहाँ प्रस्तुत गरिएको छ ;

*(क) लिइन्छ जस्को मत राज काजमा*
*रहन्छ जो श्रेष्ठ बनी समाजमा ।*
*छन् ती सबै रैयतका शुभेतर ।*
*सर्दार, पण्डित, गुरु, काजि, मेजर ॥*
*'उचित राय', पृ. २४ ।*

[२८] कृष्णहरि बराल, **कवि भूपि विश्लेषण र मूल्याङ्कन**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९), पृ. ६२ ।

*(ख) हुँदैछ आवाद बढी समुन्नति*
*आसाम, बर्मा, गढवालको अति ।*
*गुमाइ सन्तान वियोगमा परी ।*
*रुँदैछ हाम्रो प्रिय देश हर् घडी ॥*

*'कूट नीति', पृ. १६ ।*

*(ग) जान्दैन कोही पनि कालको गति ।*
*व्यर्थैछ यो मानिसको अहम्मती ।*

*'कूट नीति', पृ. १८ ।*

*(घ) देख्छौ सधैं शिक्षित सभ्य जातिका ।*
*नाना कला, कौशल भाँति भाँतिका ।*
*दरिद्रता पूर्ण विचार शून्य भै ।*
*जाँदैन हाम्रो मन त्यो तरफ् कवै ॥*

*'हाम्रो पाताल यात्रा', पृ. १ ।*

माथिका उदाहरणमध्ये 'क' मा 'राजकाजमा जसको मत लिइन्छ तथा जो श्रेष्ठ बनी समाजमा रहन्छ' हुनुपर्नेमा 'लिइन्छ मत जस्को राजकाजमा तथा रहन्छ जो श्रेष्ठ बनी समाजमा' गरिएकाले पदक्रममा विचलन आएको छ भने 'ख' मा 'बढी समुन्नति आवाद हुँदैछ,' हुनुपर्नेमा 'हुँदैछ आवाद बढी समुन्नति' भएकाले विचलन भएको छ । 'ग' मा 'कोही पनि कालको गति जान्दैन' हुनुपर्नेमा 'जान्दैन कोही पनि कालको गति' तथा 'हाम्रो प्रिय देश हर घडी रुँदैछ' हुनुपर्नेमा 'रुँदैछ हाम्रो प्रिय देश हर घडी' भएकाले विचलन भएको छ । यसैगरी 'घ' मा 'शिक्षित सभ्य जातिका सधैँ देख्छौ' तथा 'हाम्रो मन त्यो तरफ् कवै जाँदैन' हुनुपर्नेमा 'देख्छौ सधैँ शिक्षित सभ्यजातिका' तथा 'जाँदैन हाम्रो मन त्यो तरफ् कवै' भएकाले पदक्रममा विचलन भएको देखिन्छ ।

भवानीप्रसाद खतिवडाका कवितामा पदक्रमको विचलन धेरै नै भएको छ र यसले सौन्दर्यको सृष्टि उत्पन्न गरेको देख्न सकिन्छ । यसैले भवानीले बिनाव्यर्थमा पदक्रम विचलन नगरी कविताको मिठासकै अभिवृद्धिका लागि गरेका छन् ।

### ३.७.२ अर्थमा विचलन

भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहका कवितामा अर्थगत विचलन भएको देखिन्छ । जुन शब्दको प्रयोग उनले गरेका छन् ; त्यो शब्दले त्यही अर्थ प्रदान नगरी अर्कै अर्थ दिएको हुन्छ । यसले गर्दा उनका कवितामा अर्थगत विचलन आएको छ ; जस्तै :

*(क) वनपक्षी मृगजातिको सब*
*गतिका साथ विलुप्त भो रव ।*
*नरघाती पशुको रहीरही*
*हुन लाग्यो घननाद् कहीँ कहीँ ॥*
*'वराह वर्णन', पृ. ५६ ।*

*(ख) पथचिन्ता भइ घोरकष्ट भो ।*
*सबको दर्शन शक्ति नष्ट भो ।*
*अरु केही न सुझी शरण परी ।*
*बसियो ईश्वर चिन्तना गरी ॥*
*'वराह वर्णन', पृ. ५६ ।*

*(ग) दश एघार घडी तहीँ बसी ।*
*पदचिन्ता गरदा दयापसी*
*प्रभु आज्ञाभई छ्वाइजंगल ।*
*निक्ल्यो अर्ध शशांक मण्डल ।*
*'वराह वर्णन', पृ. ५६ ।*

*(घ) स्वदेशमा कष्ट सही कमाउँदा*
*सिस्नु ढिँडो सम्म पनि नपाउँदा ।*
*'कूट नीति', पृ. १६ ।*

माथिका उदाहरण 'क' मा 'नरघाती पशुको रहीरही' भनेको बसीबसी भन्ने अर्थ हुन्छ तर यहाँ त्यो अर्थ नभई लगातारको आवाज भन्ने अर्थ प्रकट गरेको पाइन्छ भने 'कहीँकहीँ' शब्दले कुनैकुनै ठाउँमा भन्ने प्रकट गरेको छ तर त्यस्तो अर्थ नभई त्यो नरघाती पशुको

कहीँकहीँ गरको आवाज भन्ने अर्थ प्रस्फुट भएको देखिन्छ । रहीरही र कहीकही शब्दको अर्थमा विचलन भएको देखिन्छ । यसैगरी 'ख' मा 'अरू केही न सुझी शरण परी' भन्ने पदावलीमा केही नबुझी भन्ने अर्थ प्रकट भए पनि यस पदावलीमा केही सम्झी भन्ने अर्थ प्रकट भएको छ । यसले गर्दा नसुझी पदको अर्थमा विचलन भएको छ । उदाहरण 'ग' मा 'पदचिन्ता गरदा दयापसी' भन्ने पदावलीमा पदको अर्थ खुट्टा हुन्छ; समग्र पदावलीमा खुट्टाको चिन्ता गर्दा दयापसको अर्थको व्यञ्जित भएको छ तर त्यो अर्थ नभई अर्कै अर्थ द्योतन भएको छ । त्यो हो मार्गको वा बाटाको चिन्ता गर्दा प्रभुमा दयापसी चन्द्रमा प्रकट गराइदिनुभयो भने पदावलीगत अर्थ प्रस्फुट भएको छ । यस दृष्टिबाट हेर्दा 'पद' शब्दको अर्थमा विचलन भएको छ । 'घ' मा कष्ट सही कमाउँदा भन्ने पदावलीमा कष्ट सहेर भन्ने अर्थ अभिव्यञ्जित भए तापनि सही शब्दको अर्थ ठीक/राम्रो भन्ने हुन्छ । त्यसले गर्दा यस पदावलीमा सही शब्दको अर्थमा विचलन भएको देखिन्छ ।

### ३.७.३ शब्दप्रयोगमा विचलन

भवानीप्रसाद खतिवडाले आफ्ना कविताहरूमा शब्दप्रयोगमा पनि विचलन गरेका छन् । उनले शब्द विचलन गर्दा कथ्य भाषाको प्रयोग गरेका छन् भने शब्दभित्रै पर्ने सर्वनामको प्रयोग गर्दा पनि विचलन गरेका छन् । उनले कवितामा जम्मा ६२ वटा कथ्य भाषाको प्रयोग गरी शब्द विचलन गरेको पाइन्छ । यहाँ केही मात्रामा शब्द विचलनको उदाहरण प्रस्तुत गरिएको छ ; जस्तै :

*(क) देख्दछौ जति ठुला जन ऐल्हे*
*हामि नै झजि थिए सब पैल्हे*
*वीर कर्म गरि औसर पारी ।*
*आज छन् जगतका अधिकारी ॥*
*'प्रबोधन', पृ. ४४ ।*

*(ख) पैल्हे इनैका त्रुटिको गवेषणा*
*गरी गरौँ पूर्ण सुधार घोषणा ।*
*'मर्म वेदना', पृ. ३५ ।*

*(ग) प्रताप इन्को रतिभर न मानन्या*
*जो मूर्ख हो भूपति एक जानन्या ॥*
*'उचित राय' पृ. २५ ।*

*(घ) <u>इसब</u> दुर्लभ भो जब देशमा ।*

*'धन गौरव', पृ. ९ ।*

*(ङ) सहज मुलुक छाडी अन्त जाँदैन <u>कोई</u> ।*

*'देश दशा', पृ. २१ ।*

*(च) हुँदैन <u>कोई</u> चिरजीव मानव ।*

*'देश दशा', पृ. २८ ।*

*(छ) मर्छन् सबै <u>एहिछ</u> कालको गति ।*

*'देश देशा', पृ. २८ ।*

माथिको उदाहरण 'क' मा ऐल्हे, पैल्हे र भन्त्रिजस्ता कथ्य भाषाको प्रयोग गरिएको छ भने 'ख' मा पनि पैल्हे र इनै जस्ता कथ्य भाषाको प्रयोग आवृत्ति भएकै देखिन्छ । उदाहरण 'ग' मा सर्वनामको प्रयोगमा व्यञ्जन वर्ण लेख्नुपर्नेमा स्वर वर्ण लेखेको हुँदा शब्द चयनमा मानक भाषाको प्रयोग गरेको देखिँदैन । मानी, जानी जस्ता शब्दहरूको प्रयोग नगरी मानन्या, जानन्या जस्ता कथ्य भाषाको प्रयोग गरेको पाइन्छ; 'घ' मा यी सब हुनुपर्नेमा 'इसब' जस्तो सर्वनामवाची शब्दमा अप्रचलित स्वर वर्णको प्रयोग देखिएको छ । 'ङ' मा 'कोही' जस्तो मानक शब्दको प्रयोग नगरी 'कोई' भाषिकाको प्रयोग भएको पाइन्छ भने 'च' मा पनि यसैको आवृत्ति भएको छ । 'छ' मा 'एहिछ' जस्तो कथ्य भाषाको प्रयोग भएको छ । यही जस्तो मानक भाषाको प्रयोग भने भएको छैन ।

समग्रमा भन्दा भवानीप्रसाद खतिवडाका कवितामा शब्दप्रयोगको विचलनमा कथ्य भाषाको चयन बढी देखिन्छ । यस्तो शब्द चयनले सौन्दर्य प्रकट नगरी व्याकरिणक नियमको अज्ञानता झल्किएको देखिन्छ ।

## ३.८ 'ढ्याङ्रो' कवितासङ्ग्रहका कवितामा शब्दालङ्कारको प्रयोग

शब्दको आश्रय लिएर वाक्यमा चमत्कार प्रदान गर्ने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यस्तो अलङ्कारमा जुन शब्दले चमत्कार गरेको छ त्यसका ठाउँमा त्यही अर्थ दिने अर्को शब्द राख्दा चमत्कार उत्पन्न हुँदैन ।[२९] शब्द र अर्थको सहभाव नै साहित्य भएकाले

[२९] कृष्णहरि बराल, **पूर्ववत्**, पृ. ८४ ।

साहित्यमा शब्द र शब्दालङ्कारको विशिष्ट स्थान छ । शब्दबाट नै समुचित अर्थ र श्रुतिमाधुर्य उत्पन्न हुन्छ । शब्दालङ्कारले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ । यसमा समध्वनि वर्णहरूको आवृत्ति अनुप्रास अलङ्कारमा,असमानार्थी पदहरूको आवृत्ति, यमकमा र भिन्न तात्पर्यमा पूरै वाक्यको आवृत्ति लयानुप्रासमा हुन्छ र दुई अर्थ दिने शब्दहरूको एकपटक मात्र प्रयोग श्लेषमा हुन्छ । शब्दालङ्कारमा प्रयुक्त वर्ण, पद वा वाक्यमा परिवर्तन गरिदिने हो भने अलङ्कारत्व बिथोलिन्छ ।

त्यसै कारणले यिनलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारभित्र पर्ने निम्नलिखित अलङ्कारहरू अनुप्रास, यमक, श्लेष, पुनरुक्तिवदाभास र वीप्सामध्येमा **द्याङ्रो** कवितासङ्ग्रहमा प्रयोग भएका अलङ्कारहरू अनुप्रास, श्लेष र वीप्सा रहेका छन् । यिनीहरूको सैद्धान्तिक चर्चासहित तल पुष्टि गरिन्छ :

## ३.८.१ अनुप्रास

उही क्रममा व्यञ्जन वर्णको पुनरावृत्तिलाई अनुप्रास भनिन्छ । यसमा व्यञ्जन वर्णसँगै उही स्वर वर्ण दोहोरिनु आवश्यक हुँदैन । व्यञ्जन वर्णहरूको आवृत्ति भने रसानुकूल हुनुपर्दछ ।[३०] अनुप्रास पनि अनेक प्रकारका हुने भएकाले यस कवितासङ्ग्रहमा निम्नलिखित अनुपासका उपभेदहरूको प्रयोग भएको छ :

### ३.८.१.१ छेकानुप्रास

एक वा अनेक व्यञ्जन वर्णको उसै क्रममा एकपटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ । जस्तै :

*(क) धरम, कर्म, धरी भरसाइँमा*
*दिल दिइ भरसक्य कमाइमा*
*गरिब मानवलाई पिसी पिसी*
*गर उपार्जन द्रव्य दिवानिशी ॥*

यस उदाहरणमा 'ध', 'द', 'प' र 'स' वर्णहरूको उही क्रममा एकपटक आवृत्ति भएकाले छेकानुप्रास शब्दालङ्कार रहेको देखिन्छ ।

---

[३०] नरहरि घिमिरे, **प्राकृत पोखरा वर्णनात्मक काव्यमा अलङ्कार विधान**, (अप्रकाशित शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०६३), पृ. ४६ ।

*(ख) चपडा रक्सि चुरोट चर्मको*
*लिइ ठेका गरि नाश धर्मको*
*बढदो हो छल छन्दले धन*
*तर लागेन् अधर्ममा मन् ।*

*'के गरौं', पृ. ४५ ।*

उदाहरण 'ख' मा 'च', 'क', 'छ' र 'न' वर्णहरूको उही क्रममा एकपटक आवृत्ति भएको हुँदा छेकानुप्रास शब्दालङ्कार देखापरेको पाइन्छ ।

*(ग) जस्को कसैमा नदया नदर्दछ*
*जो अन्यको उन्नति देखि जर्दछ ।*
*जो सन्त साधू कन नेत्र तर्दछ ।*
*त्यो दुष्ट हो दुःख परेर मर्दछ ।*

*'स्वर्ग सोपान', पृ. ५१ ।*

उदाहरण 'ग' मा 'न', 'ज', 'स' र 'द' वर्णहरूको उही क्रममा एकपटक आवृत्ति भएकाले छेकानुप्रास शब्दालङ्कार रहेको छ ।

## ३.८.१.२ वृत्त्यनुप्रास

एक या अनेक व्यञ्जन वर्णहरूको सोही क्रममा अनेक पटक आवृत्ति हुँदा प्रकट हुने अलङ्कारलाई वृत्त्यनुप्रास भनिन्छ ; जस्तै :

*(क) हे भाइ हो ! दुःख परम्परा कती ।*
*जनाउनू नित्य हुँदैछ दुर्गति ।*
*विवेक, विद्या, धन, धर्म वैभव ।*
*क्यै छैन हामीहरूको गयो सब ।*

*'हाम्रो पाताल यात्रा', पृ. १ ।*

यस उदाहरणमा 'व' र 'न' वर्णको अनेक पटक आवृत्ति भएकाले वृत्त्यनुप्रास अलङ्कारको प्रयोग भएको छ ।

*(ख) सुस्त सुस्त बल संचय गर्न्या*
*कर्ममा अलि अली अघि सर्न्या*
*जो छ जातिजनको हितचेता*
*सोह्र बन्छ पछि लोक विजेता ।*

*'प्रबोधन', पृ. ४४ ।*

उदाहरण 'ख' मा 'स', 'ज' र 'त' वर्णहरूको अनेक पटक आवृत्ति भएको हुँदा वृत्त्यनुप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ ।

*(ग) डुबाउँदै पितृमहादिको*
*सद्धर्म सन्मान सुनाम आ. दि को ।*
*तिलाञ्जली दी निज कौल धर्ममा ।*
*सन्लिप्त हुन्छौ, किन नीच कर्ममा ॥*

*'सावधान', पृ. ५० ।*

यस उदाहरणमा 'स', 'न' र 'ल' वर्णहरूको अनेकबार आवृत्ति भएको हुँदा वृत्त्यनुप्रास अलङ्कार बनेको देखिन्छ ।

### ३.८.१.३ अन्त्यानुप्रास

पद्यात्मक रचनाको प्रत्येक पाउको अन्तिम व्यञ्जन वर्णको समानताका कारण प्रकट हुने अनुप्रास अलङ्कारलाई अन्त्यानुप्रास भनिन्छ ; जस्तै :

*(क) उत्पत्ति पालन विनाश गरन्या जगत्को ।*
*सायुज्य मोक्षपदप्राप्ति दिन्या जगत्को ॥*
*जो ब्रह्म भक्तहित पत्थर रूप् बनाई ।*
*पाल्नूभयो सँगलिइ निजशक्ति लाई ।*

*'विश्वनाथ वर्णन', पृ. ६२ ।*

माथिको उदाहरणमा पहिलो र दोस्रो पङ्क्तिमा 'जगत्' शब्दको अन्त्यमा 'त' र तेस्रो र चौथो पङ्क्तिको अन्त्यमा 'ई' वर्णको आवृत्तिले अन्त्यानुप्रास अलङ्कार रहेको देखिन्छ ।

*(ख) यो कृत्य सारा नगरी र गाउँमा*
*हुँदैछ गुप्ती सित ठाउँठाउँमा ।*
*ऐल्हे 'हिरालाल-पद्म प्रसादको ।*
*दुष्कर्म नै कारण भो विवादको ॥*

*'धन गौरव', पृ. १२ ।*

यस उदाहरणको पहिलो र दोस्रो पङ्क्तिको अन्त्यमा 'गाउँमा' र 'ठाउँमा' जस्ता शब्दको अन्त्यमा 'म' तेस्रो र चौथो पङ्क्तिको 'दको', 'दको' शब्दको अन्त्यमा 'क' वर्णको आवृत्तिले अन्त्यानुप्रास अलङ्कार देखिएको छ ।

*(ग) रात्रिन्दिवा शोच विचारमा परी ।*
*दबाउन्या येहि कुमन्त्रणा गरी ॥*
*पारी निहूँ रैयत ह्रास भीतिको ।*
*चाल यो कूट -नरेन्द्र- नीतिको ॥*

*'कूट नीति', पृ. १७ ।*

यस उदाहरणमा पनि पहिलो र दोस्रो पाउँको अन्त्यमा 'परी' र 'गरी' जस्ता शब्दको चयन गरी अन्त्यमा 'र' र तेस्रो र चौथो पाउको अन्त्यमा 'भीतिको' र 'नीतिको' जस्ता शब्दको प्रयोगले 'क' वर्णको आवृत्तिले पूर्ण अन्त्यानुप्रास अलङ्कारको राम्रो आयोजना भएको देखिन्छ ।

## ३.८.२ श्लेष

एउटै अपरिवर्तित श्लिष्ट पदबाट अनेक अर्थ निस्केमा श्लेष अलङ्कार भनिन्छ । अनेकार्थक शब्दलाई भङ्ग नगरिकन त्यसबाट अनेक अर्थको बोध भएमा अभङ्ग श्लेष र अनेकार्थक शब्दलाई भङ्ग गरेर अनेक अर्थको बोध भएमा सभङ्ग श्लेष हुन्छ ।[३१] भवानीप्रसाद खतिवडाको **ढ्याङ्रो** कवितासङ्ग्रहमा श्लेष अलङ्कार प्रयोग भएको पाइन्छ । जसलाई यसरी देखाउन सकिन्छ ; जस्तै :

*जुन बखत जहाँ जे मिल्छ त्यै खाइ कच्चा ।*
*कृष -तनु चिर -रोगी छन् सबै बालबच्चा ॥*

'देश दशा', पृ. २० ।

यस पद्यमा जुन समयमा जे मिल्छ त्यही काँचै खाँदा शरीर पातलो र रोगी हुन गएको छ । सबै बालबच्चाको भन्ने अर्थ र कृषक काम गर्दा पौष्टिक खाना खान नपाएको हुँदा कृषकको शरीर दुब्लो या पातलो भएको छ भन्ने अर्थ द्योतन भएको छ । कृष- तनु शब्दको अर्थ दुब्लो या पातलो शरीर हुन्छ भने अर्को अर्थ कृषक भन्ने हुन्छ । यहाँ कृष-तनु शब्द द्व्यर्थकका रूपमा आएकाले श्लिष्ट छन् । यी शब्दलाई हटाएर उही अर्थ आउने शब्द राखेमा श्लेष

---

[३१] मम्मट, **काव्यप्रकाश**, (वाराणसी : चौखम्बा विद्याभवन, २००३), पृ. ३१७ ।

नआउने भएकाले यी पदलाई बदल्न मिल्दैन । त्यसैले यसमा श्लेष शब्दालङ्कारको प्रयोग भएको छ ।

*ग्रह तारागण, सैन्य साथमा ।*
*लिइ चोरी सित मध्य रातमा ।*
*सर गन्यो अब चन्द्रको सुख ।*
*सकियो दीन मलीन भो मुख ।*

*'वराह वर्णन', पृ. ५८ ।*

यस पद्यमा रातमा चन्द्रमाले जसरी आनन्द लुटेको हुन्छ त्यसरी उसको अन्त्य गतिमा मुख मलिन हुन्छ भने एउटा अर्थ र चन्द्रशमशरले जसरी आनन्द मोजमस्ती गर्ने दिन सकिन लाग्दा उनको मुख मलिन भएको छ भन्ने अर्को अर्थ रहेको छ । यहाँ 'चन्द्र' शब्द द्वयर्थकका रूपमा आएकाले श्लिष्ट छ । यो शब्दलाई हटाएर उही अर्थ आउने शब्द राखेमा श्लेष अर्थ नआउने भएकाले यो पदलाई बदल्न सकिँदैन । त्यसैले यसमा श्लेष अलङ्कारको प्रयोग भएको छ ।

*ग्रह तारागणले लिए जती ।*
*सब खोसी निज तेज सम्पत्ति ।*
*निकले ध्वंसित वैरितस्कर*
*त्रिभुवन् वल्लभ वाल भास्कर*

*'वराह वर्णन', पृ. ५८ ।*

यस पद्यमा रातमा ग्रह तारागणहरूको सम्पत्ति या आनन्द मोजमस्ती जेजति हुन्छ । ती सबै वस्तुको हरण गर्न संसारका मालिक वाल भास्कर आइसके भन्ने एउटा अर्थ र श्री ५ त्रिभुवन राणाहरूको मोजमस्ती अन्त्य गर्न बालकको रूपमा आइसके भन्ने अर्को अर्थ रहेको छ । यहाँ 'त्रिभुवन वल्लभ वाल भास्कर' शब्द द्वयर्थकका रूपमा भएकाले श्लिष्ट छन् । यी शब्दलाई हटाएर उही अर्थ आउने शब्द राखेमा श्लेष अर्थ नआउने भएकाले यी पदलाई फेर्न मिल्दैन । त्यसैले यसमा श्लेष अलङ्कारको प्रयोग भएको छ ।

*उड्दै पुष्पित कुन्दजालमा ।*
*अलिमाला रवियान कालमा ॥*

*'वराह वर्णन', पृ. ५८ ।*

यस पद्यमा रवियान शब्दको अर्थमा सभङ्ग श्लेष भएको छ । यहाँ 'र' हटाइदिँदा वियान भन्ने एउटा अर्थ र 'र' नहटाउँदा रवियान शब्दले सूर्यको वहान भन्ने अर्को अर्थ प्रकट गरेको छ । यहाँ 'रवियान' शब्दमा सभङ्ग श्लेष रहेको छ । यो शब्दलाई हटाएर उही अर्थ आउने अर्को शब्द राखेमा श्लेष अर्थ नआउने भएकाले यो शब्दलाई/पदलाई परिवर्तन गर्न सकिँदैन । त्यसैले यस श्लोकमा सभङ्ग श्लेष अलङ्कारको प्रयोग भएको छ ।

### ३.८.३ वीप्सा

आदर, उत्साह, आश्चर्य, शोक, घृणा, आनन्द, मनोविकारको सूचित गर्नको लागि कुनै शब्द धेरैपटक आएमा वीप्सा अलङ्कार हुन्छ । मनोभावलाई तीव्रता प्रकट गर्ने प्रयोजनका लागि यस्ता शब्दहरूलाई दोहोऱ्याइन्छ ; केवल भाषाको सुन्दरता बढाउने लागि होइन । कवि भवानीप्रसाद खतिवडाका कवितामा वीप्सा अलङ्कारको प्रयोग गरेको पाइन्छ ; जस्तै :

*बरु अलिनु गुन्द्रुक भात नै पुत्र जाया ।*
*सङ रहि समयैमा पेट भर खान पाया ।*
*प्रिय परिजन बन्धु त्यागदै रोइ रोइ*
*सहज मुलुक छाडी अन्त जाँदैन कोई ॥*

*'देश दशा', पृ. २१ ।*

'देश दशा' शीर्षकबाट लिइएको यस पद्यमा भोकमारीको चरम सीमामा पुगेपछि आफ्ना प्रियजनहरू र स्वदेशलाई छाड्नु पर्दा रोइरोइ हिँड्नु पर्ने बाध्यात्मक अवस्थाको वर्णन गरिएको छ । यहाँ 'रोइरोइ' शब्दले ज्यादै कारुणिक मनोभावलाई तीव्रता दिन दोहोरिएकाले वीप्सा अलङ्कारको प्रयोग भएको देखिन्छ ।

## ३.९ 'ढ्याङ्ग्रो' कवितासङ्ग्रहका कवितामा अर्थालङ्कारको प्रयोग

वाक्यमा प्रयोग भएका शब्दहरूमा नभई तिनीहरूको अर्थमा रहने रमणीयता वा मनोहरतालाई अर्थालङ्कार भनिन्छ ।[३२] शब्दालङ्कारमा जुन शब्दको कारण उक्ति अलङ्कृत भएको हुन्छ; त्यस शब्दलाई हटाएर त्यसकै ठाउँमा पर्यायवाचक अर्को शब्द राख्न सकिँदैन, राखिएमा शाब्दिक सौन्दर्य नष्ट हुन्छ तर अर्थालङ्कारमा त्यही अर्थ बुझाउन अर्को शब्द राख्दा

[३२] मम्मट, **काव्यप्रकाश**, **पूर्ववत्**, पृ. ३५० ।

पनि चमत्कार आउँछ । अर्थालङ्कारभित्र पर्ने निम्नलिखित अर्थालङ्कारहरू **ढ्याङ्रो** कवितासङ्ग्रहमा रहेकाले तिनीहरूको सैद्धान्तिक चर्चासहित उदाहरणद्वारा पुष्टि तल गरिएको छ ।

## ३.९.१ उपमा अलङ्कार

आचार्य भामहले देश, काल र क्रिया आदि अनेक दृष्टिले भिन्न रहेका उपमानसँग उपमेयका अलिअलि गुणले गर्दा जो समानता पाइन्छ, त्यसैलाई उपमा मानेका छन् ।[घघ]

*विरुद्धेनोपमानेन देशकाल क्रियादिभिः ।*

*उपमेयस्य यत्साम्यं गुणलेशेन सोपमा ।*

आचार्य वामनले मिल्दाजुल्दा गुणका अलिकति समानताले उपमानसँग उममेयको जेजस्तो समानता हुन्छ, त्यही नै उपमा अलङ्कार हो भनेका छन् । आचार्य मम्मटका अनुसार उपमान र उपमेयबीच वास्तविक भिन्नता रहे तापनि ती दुबै बीच समानधर्मिताका कारणले हुने सम्बन्ध नै उपमा अलङ्कार हो -साधर्म्यमुपमा भेदे । त्यस्तै साहित्यदर्पणकार आचार्य विश्वनाथका अनुसार एउटै वाक्यमा उपमान र उपमेयको वैधर्म्य बिना हुने भनाइका तरिकाको समानता नै उपमा हो ।[घढ]

जगन्नाथका अनुसार वाक्यको अर्थलाई अलङ्कृत वा सुशोभित गर्ने चमत्कारक वा आनन्ददायक सुन्दर सादृश्य वा समानता नै उपमा हो ।[घछ]

यसरी भामहदेखि जगन्नाथसम्म उपमा अलङ्कारका अनेक लक्षण देखिए तापनि यसको उपमान उपमेय सादृश्य एवम् उपमा वाचकहरूमा भने कुनै भिन्नता देखापरेको छैन ।

केशवप्रसाद उपाध्यायले उपमा अलङ्कारलाई यसरी चिनाएका छन् : उपमेय र उपमानका बीच गुण, क्रिया आदिको समानता देखाइएमा उपमा अलङ्कार हुन्छ ।[घट]

निष्कर्ष : उपमामा कुनै एक वस्तुको तुलना अर्को वस्तुसँग गुण, क्रिया आदि धर्मका आधारमा गरिन्छ । उपमाको पूर्ण रूप सम्पन्न हुन उपमेय, उपमान समानधर्म र वाचक पद यी चार

---

[३३] भामह, **काव्यालङ्कार**, अनुवाद देवेन्द्रनाथ शर्मा, दो. सं., (विहार : विहार राष्ट्रभाषा परिषद् हिन्दी ग्रन्थ अकादमी, २०४२), पृ. ४१ ।

[३४] विश्वनाथ, **साहित्य दर्पण**, अनु. शालग्राम शास्त्री, (दिल्ली : मोतीलाल बनारसीदास, सन्. १९७७), पृ. २९२ ।

[३५] जगन्नाथ, **रस गङ्गाधर**, (सम्पा.), केदारनाथ ओझा, (वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वि. सं. २०३७), पृ. २ ।

[३६] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्यसिद्धान्त**, ते. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ११७ ।

तत्त्वको आवश्यकता पर्दछ । उपमा अलङ्कारको चमत्कार उपमेय र उपमेयको साधर्म्यका आधारमा हुन्छ ।

भवानीप्रसाद खतिवडाको **ढ्याङ्ग्रो** कवितासङ्ग्रहभित्रका कविताहरू, 'धन गौरव', पृ. ९, 'कूट नीति', पृ. १६, 'उचित राय', पृ. २६, 'देश दशा', पृ. १९, 'मर्म वेदना', पृ. ३१, 'प्रबोधन' पृ. ४४, 'वराह वर्णन', पृ ५७-५८ मा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ; जस्तै :

*पशु सरि सब जीवन् व्यर्थ भो आज हाम्रो ।*
*किन यसरी सबैले दुःख पायौं न राम्रो ।*
*हर तहसिल जिल्ला ग्राममा हेर्नु जाई*
*कसरि गुजर गर्छन देशका दाजु भाई ॥*

*'देश दशा', पृ. १९ ।*

'देश देशा' शीर्षकको यस पद्यमा नेपालका हरेक कुना कन्जरामा तथा गाउँ बजार जतासुकै बसोबास गर्ने नेपाली दाजुभाइले भोगको दुःखित जीवनको वर्णन गरिएको छ । हाम्रो जीवन पशुको झैं व्यर्थ भएको छ; दुःख, कष्ट बेहोर्दा पनि सार्थक जीवन जीउन किन सकिएन सबैले नराम्रो दुःख पाउनु पऱ्यो भन्ने उद्गार व्यक्त गर्ने क्रममा पशुमा जीवनको तुलना गरिएको छ । यसरी यस पद्यांशमा 'हाम्रो जीवन' उपमेय 'पशु' उपमान, सरि वाचक शब्द र 'व्यर्थ हुनु' साधारण धर्म रहेकाले उपमा अलङ्कार रहेको छ । उपमाका लागि आवश्यक पर्ने चारैवटा तत्त्व माथिको पद्यमा रहेकाले पूर्णोपमा अलङ्कार रहेको छ । यस कवितासङ्ग्रहमा भएका अन्य कवितामा पनि उपमा अलङ्कार रहेको छ ।

## ३.९.२ विनोक्ति अलङ्कार

मम्मटले **काव्यप्रकाश**मा एकबिना अर्को असुन्दर भएमा विनोक्ति हुन्छ भनेका छन् ।[घठ] त्यस्तै रुय्यकले सहोक्तिको प्रतिद्वन्द्वी विनोक्तिलाई ठान्दै जहाँ एउटा बिना अर्को शोभित तथा अशोभित हुन्छ भनेका छन् ।[घड] विश्वनाथले जहाँ जुन बिना अर्को नराम्रो हुँदैन अथवा राम्रो हुन्छ ; त्यहाँ विनोक्ति हुन्छ भन्ने लक्षण गरेका छन् । जगन्नाथले विनोक्ति हुन्छ भन्ने लक्षण गरेका छन् । जगन्नाथले विनोक्तिको चर्चा गर्दै विना अर्थसँग सम्बन्ध भएको सुन्दर वर्णनलाई

[३७] मम्मट, **काव्यप्रकाश**, **पूर्ववत्**, पृ. ४०१ ।

[३८] रुय्यक, **अलङ्कारसर्वस्व**, दो. सं., अनु. रेवाप्रसाद द्विवेदी, (वाराणसी : चौखम्बा संस्कृत संस्थान, वि. सं. २०३६), पृ. ३०६ ।

विनोक्ति मानेका छन् । नेपाली विद्वान्हरूमा सोमनाथले विनोक्तिको लक्षणोदाहरण यसरी दिएका छन् :

*"विनोक्ति केही नहुँदा भव्यता वा अभव्यता ।*
*विद्या गर्व विना भव्य विनय हेय छ ।"*

यसरी कुनै वस्तु कुनै बिना राम्रो वा नराम्रो भएको वर्णन गरिएमा विनोक्ति अलङ्कार हुन्छ भन्न सकिन्छ ।

यस सिद्धान्तका आधारमा हेर्दा 'हाम्रो पाताल यात्रा' शीर्षक कवितामा विनोक्ति अलङ्कार प्रयोग भएको देखिन्छ ; जस्तै :

*विद्या विना आज अनर्थ यो भयो ।*
*विवेक सत्कर्म विचारता भयो ॥*
*विचार सम्मूढ बनेर दुर्मती ।*
*भएन क्यै द्रव्य कमाउने गती ।*

*'हाम्रो पाताल यात्रा', पृ. १ ।*

'हाम्रो पाताल यात्रा' शीर्षकको यस पद्यमा विद्या बिना, विकेक, सत्कर्म शून्य भएको र द्रव्य कमाउने कुनै मार्ग खोज्न नसकी जीवन नै अनर्थ भएको वर्णन गरिएको छ । यहाँ विद्या बिना विकेक, सत्कर्म, विचार कतै पनि नभएको दुर्मति, सम्मूढता बढेको, जताततै अनर्थ भएको र द्रव्य कमाउने गति पनि नभएको भनी विद्याको उच्चता बोध गरिएको तथा 'विना' शब्द पनि साथैमा रहेकाले अर्थमा चमत्कार उत्पन्न भएको छ । अतः यस पद्यमा विनोक्ति अलङ्कारको प्रयोग भएको छ ।

## ३.९.३ स्वभावोक्ति अलङ्कार

वस्तुको जेजस्तो अवस्था छ त्यसैलाई स्वभाव पनि मानिएको छ । स्वभावको उक्ति नै स्वभावोक्ति हो । भामहले वक्रोक्तिलाई विशिष्ट स्थान दिएर स्वभावोक्तिलाई होच्याउँदै कसैकसैले मान्छन् तर मचाहिँ मान्दिन भनेका छन् तर दण्डीले वक्रोक्ति र स्वभावोक्तिलाई समान महत्त्व दिएर यसको गरिमा बढाएका छन् । वक्रोक्ति सिद्धान्तका प्रतिपादक आचार्य कुन्तकले स्वभावभन्दा अर्को वर्णनीय कुरा नै हुँदैन किनभने स्वभावहीन वस्तु कहीँ पाइँदैन, त्यसैले शरीर नै अलङ्कार मान्छौ भने अलङ्कार्य के कुरालाई मान्ने भन्दै स्वभावोक्तिलाई

अलङ्कार मान्ने पक्षमा देखिँदैनन् ।[३८] तर महिम भट्टले स्वभावोक्तिका सामान्य र विशिष्ट रूपमध्ये विशिष्ट रूप नै अलङ्कारको विषय बन्ने र समान्य रूपचाहिँ अलङ्कार्य बन्ने बताएका छन् ।

यसरी कुनै वस्तुको स्वभाविक विशिष्ट गुणको सूक्ष्म रूपमा चमत्कारजनक ढङ्गले वर्णन गर्नुलाई स्वभावोक्ति भनिन्छ । 'देश दशा' र 'धन गौरव' कवितामा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ; जस्तै :

*बुझ धनै छ बडो, धनले सबै*
*विपद टर्दछ, पर्दछ त्यो न भै*
*यस निमित्त बडो म बनूँ भनी*
*गर कमाउन जोर जुलुस पनी ।*

*'धन गौरव', पृ. ७ ।*

'धन गौरव' शीर्षकमा रहेको यस पद्यमा धन सबै वस्तुभन्दा ठूलो हो ; जसले आपत्विपत् टर्दछ । धनद्वारा नै मानिस उच्च हुन्छ । त्यसैले गर्दा धन कमाउनतिर लाग्नुपर्छ भनी धनको वर्णन गरिएको छ । धनले नै सबै विपत् टर्ने, धन नभएमा विपत् पर्ने, धनकै कारण मानिस बडो (उच्चस्तरको) बन्ने भएकाले जोरजुलुम गरेर धन कमाउनु पर्ने जस्ता कुराले धन नै बडो छ भनी धनले गर्ने कार्यको र धनप्राप्ति मानिसको धारणाको स्वभाविक वर्णन गरिएकाले स्वभावोक्ति अलङ्कार यस पद्यमा रहेको छ ।

*घर जमि दुइ चारै हल्को छ मेलो ।*
*हर बखत उसैमा पर्छ नाना झमेलो ।*
*अलि कति उब्ज्यो साहु गै दिक्क गर्छ ।*
*कति दिनु कति खानू दुःखिले मर्नु पर्छ ॥*

*'देश दशा', पृ. २१ ।*

'देश दशा' शीर्षकमा रहेको यस पद्यमा गरिब निमुखा सर्वहारा वर्गको कमाइ गरी खाने खेतबारी थोरै २/४ हलको मात्र भएको र बल्लतल्ल उब्जेको अन्न पनि साहु (शोषक, सामन्त)

[३९] कुन्तक, **वक्रोक्तिजीवितम्**, अनु. दशरथप्रसाद द्विवेदी, बनारसीदास (वाराणसी : विश्वविद्यालय प्रकाशन, १९८८ ई), पृ. ४५-४९ ।

लाई तिर्नु पर्दा उत्पीडित, निमुखा जनताहरूमा भोकमारी समस्या आएको वर्णन गरिएको छ । शोषक, सामन्तले दिएको पीडा र शोषित वर्गले भोग्नुपरेको विविध समस्याको वर्णन स्वभाविक रूपमा प्रस्तुत भएकाले स्वभावोक्ति अलङ्कार यस पद्यमा रहेको छ ।

## ३.९.४ विरोध वा विरोधाभास अलङ्कार

विरोध हुनु विरोध हो भने विरोधको आभास हुनु विरोधाभास भएकाले कसैले विरोध र कसैले विरोधाभास नाम दिएका छन् । दण्डीले जहाँ कुनै विशेष कुरा दर्साउन नै विरुद्ध पदार्थहरूको संसर्ग देखाउने काम हुन्छ त्यहाँ विरोध अलङ्कार मानेका छन् । त्यस्तै रुद्रटले एउटै समय, एउटै स्थानमा परस्पर विरोध द्रव्य, गुण, क्रिया र जातिको वर्णन गर्दा विरोध अलङ्कार हुन्छ भनेका छन् । मम्मटले विरोध र विरोधाभासमा भिन्नता देखिन्छ भने कुरालाई नमानी विरोध त्यस्तो अलङ्कार हो जसमा विरोध नभए तापनि विरोधको आभास हुने गरी वर्णन गरिएको हुन्छ भनेका छन् ।[४०] **काव्यप्रकाश**का व्याख्याता विश्वेश्वर पण्डितले यथार्थ रूपमा विरोध नभए तापनि झलक्क हेर्दा जहाँ विरोधनामक अलङ्कार हुन्छ र यसैलाई विरोधाभास पनि भनिन्छ भनी यी दुइटै एउटै भएको स्पष्ट गरिदिएका छन् । विरोध वा विरोधाभास भनेको यथार्थमा विरोध नभई विरोधको झल्को मात्र लाग्नु र विरोधको परिहार हुनु हो तर विरोधको परिहार नभएमा दोष हुन्छ ।

'धन गौरव' कवितामा विरोध वा विरोधाभास प्रयोग भएको पाइन्छ ; जस्तै :

*अधम दुष्ट पनी धनि भो जब ।*
*गरछ तेस्कन मान जगत्सब ।*
*सरल शान्त भए पनि निर्धनी ।*
*जन कहिन्छ सदा फटहा भनी ॥*

*'धन गौरव', पृ. ७ ।*

'धन गौरव' शीर्षकमा रहेको यस पद्यमा अधम, दुष्ट व्यक्ति धनी भएमा जगत्ले मानसम्मान गर्ने तर सरल शान्त व्यक्ति निर्धनी भएमा जगत्ले दुष्ट फटाहाको दर्जामा राख्ने भएकाले गर्दा धनको नै बढी वर्णन गरिएको छ । यसैले यहाँ अधम, दुष्टव्यक्ति पनि धनी भएमा

---

[४०] नारायणप्रसाद खनाल, **ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन**, (अप्रकाशित शोधप्रबन्ध, मं सं. वि. वि., वि. सं २०५९), पृ. ३७८ ।

जगत्ले त्यसलाई मानसम्मान गर्ने तर शान्त, सरल व्यक्ति निर्धनी भएमा सधैँ फटाहा भनी अपमानित गर्नुले विरोध देखिन्छ तर अहिलेको समसामयिक युगमा धनलाई सर्बेसर्बा ठानी धनका कारण दुष्टा, अधर्मताजस्ता कुराहरू छोपिने तर धन नभएमा निर्दोषी, शान्त र सरल व्यक्तिलाई पनि फटाहाको पगरी गुथाउन पछि नपर्ने भएकाले विरोधको परिहार भएको छ । अतः यस पद्यमा विरोध अलङ्कारको प्रयोग भएको छ ।

## ३.९.५ लोकोक्ति

लोकको अनुभवले खारिएर सङ्क्षेपमा सँगालिन पुगेको चमत्कारिक अर्थ दिने वाक्य वा वाक्यांश, उखान, आहान अर्थ लोकोक्तिले बुझाउँछ । अप्पय दीक्षितले जहाँ लोकप्रवाह वा लोक कथनको अनुकरण गरिन्छ त्यहाँ लोकोक्ति अलङ्कार रहन्छ भन्ने लक्षण 'लोकप्रवादानुकृतिर्लोकोक्तिरिति भव्यते' ।[४१] नेपाली विद्वान्हरूमा कुलचन्द्र गौतमले 'लोकमा चलेको उखानलाई वाक्ययोजनामा जोड्दा लोकोक्तिनामक अलङ्कार हुन्छ भन्ने लक्षण गरेका छन् ।[४२] यिनले उखानलाई मात्र ग्रहण गरेर लक्षण बनाए पनि लोकमा खारिएका उक्ति, कथन, उखान, टुक्का, आख्यान, आहान आदिको वर्णनलाई लोकोक्ति भन्न सकिन्छ । 'मर्म वेदना' कवितामा लोकोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ; जस्तै :

*थुकेर आकाश तरफ रहू बसी*
*पर्न्या छ आफ्नै शिरमा छिटा खसी ।*
*भन्न्या बुझी बात बढाउ के अब ।*
*थामी कलेजा सहनू पर्‍यो सब ।*

*'मर्म वेदना', पृ. ३२ ।*

राणाशासकले अङ्ग्रेजलाई आर्थिक र सैनिक सहयोग गरेका थिए[४३] भने देशका जनताहरूलाई पशुझैँ बनाएर राखेका थिए । देशविकास गर्न खर्च नगर्ने राणाशासकले अङ्ग्रेजलाई अपार सहयोग गरेको प्रति तिक्तता व्यक्त गर्दै राणाशासको जति नै निन्दा भर्सना, आलोचना गरे पनि सबै दर्द व्यथा, वेदना आफैले सहनु परेको स्थिति कवितामा व्यक्त गर्ने

---

[४१] अप्पयदीक्षित, **कुवलयानन्द**, चौ. सं., अनु. भोलाशङ्कर व्यास, (वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९५), पृ. २५७ ।

[४२] कुलचन्द्र गौतम, **अलङ्कार चन्द्रोदय**, (नेपाल : प्रकाशक स्वयम्, वि. सं. १९७८), पृ. १८५ ।

[४३] बालचन्द्र शर्मा, **पूर्ववत्**, पृ. ३४७ ।

क्रममा कवि भन्छन् : 'आकाशतिर थुकेपछि छिटा आफ्नै शिरमा पर्छ' त्यसैगरी जति नै राणा शासकहरूको निन्दा, तिरस्कार र भर्त्सना गरे पनि केही उपलब्धि' हुने छैन । सम्पूर्ण दुःख, मर्म, व्यथा, वेदना आफैले सहनु परेको स्थितिको वर्णन 'मर्म वेदना' शीर्षकको यस पद्यमा व्यक्त गरिएको छ । यसरी यहाँ 'आकाशतर्फ थुके आफ्नै शिरमा छिटा' भन्ने लोककथनद्वारा मर्म वेदना कति ओकलूँ, बरु कलेजामा थामेरै भए पनि सहनु पऱ्यो भनी वेदनाको वैशिष्ट्य झल्केको हुनाले यस पद्यमा लोकोक्ति अलङ्कार रहेको छ ।

## ३.९.६ काव्यलिङ्ग

आचार्य मम्मटले 'काव्यलिङ्ग हेतोर्वाक्यपदार्थता' अर्थात् हेतु वाक्यार्थ रूप र पदार्थ स्वरूप हुनुलाई नै काव्यलिङ्ग भनिन्छ भन्ने लक्षण दिएका छन् ।[४४] विश्वनाथले 'हेतोर्वाक्य पदार्थत्वे काव्यलिङ्ग निगद्यते' अर्थात् वाक्यार्थ वा पदार्थ कसैको हेतु भएमा काव्यलिङ्ग अलङ्ग अलङ्कार हुन्छ भनेका छन् ।[४५] नेपाली विद्वान्हरूमा भरतराज पन्त र केशवप्रसाद उपाध्यायले विश्वनाथको लक्षणलाई नै स्वीकार गरेका छन् ।

'हाम्रो पाताल यात्रा' कवितामा काव्यलिङ्ग अलङ्कारको प्रयोग गरेको पाइन्छ ; जस्तै :

*जुआ, सुरापान, अभक्ष्य-भक्षण ।*
*अगम्य नारी गमनाऽऽदि लक्षण ॥*
*देखिन्छ सारा किन हामिमा अब ? ।*
*हो मूर्खताकै फल-भोग यो सब ॥*

*'हाम्रो पाताल यात्रा', पृ. २ ।*

'हाम्रो पाताल यात्रा' शीर्षकमा रहेको यस पद्यमा जुवा, सुरापानजस्ता अभक्षीय भक्षण गर्नाले नारी गमनादिको लक्षण देखिन्छ । यो सम्पूर्ण कार्य चाहिँ मूर्खताकै कारणबाट भएको हो भन्ने वर्णन गरिएको छ । यसरी यहाँ जुवा, सुरापान, अभक्ष्य-भक्षण, अगम्य नारीमा गमनादि लक्षण देखिनुको कारणको सिद्धिका लागि 'मूर्खताकै फलभोग हो' भन्ने वाक्यलाई हेतुको रूपमा विन्यास गरिएकाले यहाँ काव्यलिङ्गनामक अलङ्कारको प्रयोग भएको छ ।

---

[४४] मम्मट, **पूर्ववत्**, पृ. ४०४ ।

[४५] शालग्राम शास्त्री, **पूर्ववत्**, पृ. ३४७ ।

### ३.९.७ उत्प्रेक्षा

उत्प्रेक्षासम्बन्धी मम्मटको लक्षण यसप्रकार छ : जहाँ प्रकृत वा उपमेयको अप्रकृत वा उपमानसँग जेजस्तो सम्भावना गरिन्छ त्यही नै उत्प्रेक्षा हो । 'सम्भावनमथोत्प्रेक्षा प्रकृतस्य समेनयत् ।'[४६] विश्वनाथले उपमेयमा उपमानको सम्भावनालाई नै उत्प्रेक्षा मानेका छन् : 'भवेत् सम्भावनोत्प्रेक्षा प्रकृतस्य परेणयत् ।'[४७] नेपाली साहित्यमा उत्प्रेक्षालाई चिनाउने प्रथम आचार्य कुलचन्द्र गौतमले एकप्रकारको वस्तुलाई अर्कैप्रकारको सम्भावना गर्नु (सम्झनु- ठान्नु) लाई उत्प्रेक्षा मानेका छन् ।[४८] यसरी उपमेयमा उपमानको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । 'वराह वर्णन' कवितामा उत्प्रेक्षा अलङ्कारको प्रयोग गरेको पाइन्छ ; जस्तै :

*दलबन्दी दुइभागको गरी*
*उड्दैगै 'वकपंक्ति' त्यै घरी ॥*
*रविकासाथरही बराबर ।*
*लिइ मानो दुइ छत्र चामर ॥*

*'वराह वर्णन' पृ. ५९ ।*

'वराह वर्णन' शीर्षकको यस पद्यमा सूर्योदयका समयमा जङ्गलका विभिन्न पंक्षीहरू उडेर एक ठाउँबाट अर्को ठाउँतर्फ जाँदा पंक्षीका पखेटा भ्याटभ्याट गर्दा सूर्यलाई छत्र चामरले हम्किएको जस्तो देखिएको भाव वर्णन गरिएको छ । यसरी प्रस्तुत रविको आगमनको वर्णन गर्ने क्रममा वकपङ्क्ति (वकसमूह)हरूको पखेटाको भ्याटभ्याट (पखेटाको) हम्काइलाई चमरको हम्काइ मानिएकाले र 'मानौ' उत्प्रेक्षावाचक पदको प्रयोग भएको हुँदा यस पद्यमा उत्प्रेक्षा अलङ्कार रहेको प्रस्ट देखिन्छ ।

## ३.१० 'ढयाङ्रो' कवितासङ्ग्रहका कवितामा बिम्ब तथा प्रतीकयोजना

सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार, संवेदिक अनुभव तथा मानसिक तस्बिरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ । साहित्यका सन्दर्भमा भन्दा अधिकांश बिम्बहरू उपमा, रूपक आदि विभिन्न अलङ्कारका रूपमा अभिव्यक्त हुन्छन् ।

[४६] मम्मट, **पूर्ववत्**, पृ. ४६१ ।
[४७] विश्वनाथ, **पूर्ववत्**, पृ. ३१५ ।
[४८] कुलचन्द्र गौतम, **पूर्ववत्**, पृ. ९९ ।

बिम्बहरूलाई दृश्यात्मक, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, श्रव्यात्मक, स्वादसम्बन्धी, गतिसम्बन्धी गरी विभिन्न वर्गमा बाँडिएको पाइन्छ । बिम्बले अमूर्त वस्तुलाई मूर्तता प्रदान गर्छ ।[४९]

प्रतीक चाहिँ बिम्बकै विकसित रूपजस्तो हुन्छ आफूलाई लुकाइ सिसाले पारदर्शी रूपमा अर्को समान देखाएझैँ खास धारण व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ । खगेन्द्रप्रसाद लुइटेलले **कविताको संरचनात्मक विश्लेषण**मा बिम्बलाई यसरी चिनाउने प्रयास गरेको देखिन्छ ; "सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दलाई जनाउँछ ।"[५०] बिम्ब, इन्द्रियजन्य अनुभूतिसँग सम्बद्ध भाषिक स्वरूप हो । कवितामा प्रयुक्त हुने अधिकांश बिम्बहरू चाक्षुष हुन्छन् र यिनले कविले यथार्थ वा काल्पनिक जगत्का शब्दचित्र प्रदान गर्छन् । कविहरूले इन्द्रियलाई आकर्षित खालका बिम्बहरूको निर्माण गर्छन् र त्यस्ता बिम्बले हाम्रो कल्पनामा भौतिक जगत्को अनुभूति गराउँदछन् ।

समग्रमा बिम्बले वस्तु, कार्य, भाव, विचार, अनुभव तथा मानसिक तस्बिरहरूलाई जनाउँछ । साहित्यमा बिम्ब, रूपक, उपमा आदि अलङ्कारका रूपमा अभिव्यक्त भएको पाइन्छ । साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरू नै बिम्ब हो ।

भवानीप्रसाद खतिवडा बिम्बप्रयोगका दृष्टिले उत्कृष्ट कवि होइनन् । उनका केही कवितामा दृश्यात्मक, श्रव्यात्मक, स्पर्श आदि बिम्बहरू देखिएका छन् । उनले प्रयोग गरेका बिम्बहरूलाई यसरी देखाउन सकिन्छ ; जस्तै :

*(क) अरु निन चार बिते पछी ।*
*पला बढ्दै गो जब चन्द्रका कला ।*
*पथ जङ्गल तरुगुल्म जो थिए*
*क्रमपूर्वक सब साफ देखिए ।*

*'वराह वर्णन', पृ. ५६ ।*

*(ख) जननीहार टुटी विचेतमा*
*छरिएका तृण पात खेतमा ।*

---

४९ कृष्णहरि बराल, **पूर्ववत्**, पृ. १०१ ।

५० खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्**, पृ. ११८ ।

*नव मुक्तासम शीतल जलकन्*
*रवि लागे करले उठाउन ।*
*'वराह वर्णन', पृ. ५६ ।*

*(ग) महिना माघ अथाह रात छ*
*हिँड्नू जंगल कात कात छ*
*त्यस माथी वनवायु सर्सर*
*हुन लाग्यो सबर्दह थर्थर ।*
*'वराह वर्णन', पृ. ५७ ।*

*(घ) अभियानोत्सव कालमा रही*
*फउजीलाम कसी खडा भई ।*
*रविकासैनिक बैण्डमैन् सरी*
*गरथे कीर्तन 'कौंच' वन भरी ।*
*'वराह वर्णन', पृ. ५८ ।*

माथिको उदारहण 'क' मा रातमा समयमा अलिक ढिलो चन्द्रमा उदय भयो, त्यसपछि चन्द्रमाको ज्योतिले पथ, जङ्गल, तरुगुल्म क्रमश साफ देखिएको वर्णन छ । यसरी यहाँ चन्द्रमाको कला, पथ, जङ्गल, तरुगुल्मजस्ता दृश्यात्मक बिम्बको प्रयोग भएको छ । यसैगरी उदाहरण 'ख' मा रातको समय सकिएपछि छरिएका तृण, पात, खेत, शीत, जल आदि देखिन थाल्यो अनि घाम लाग्न लागेको वर्णन गरिएको छ । यसरी यस पद्यमा तृण, पात, खेत, शीत, जल, रवि आदि दृश्यात्मक बिम्बको प्रयोग भएको छ । जसले गर्दा सबै वस्तुहरू देखिएको छ । उदाहरण 'ग'मा माघ महिनाको समयमा राति यात्रा गर्दा यात्रीको शरीरमा चिसो वनवायुले स्पर्श गर्दा उसको सबै देह नै थर्थर कामेको वर्णन गरिएको छ । यसरी यस पद्यमा वनवायु, सर्सर, देह, थर्थरजस्ता बिम्बको प्रयोगले यात्रीको शरीरमा चिसो वायुले स्पर्श गरेको देखिन्छ । त्यसले गर्दा यस पद्यमा स्पर्श बिम्बको प्रयोग भएको देखिन्छ ।

उदाहरण 'घ' मा सूर्योदयको समयमा वनजङ्गलमा रहेका विभिन्न प्रकारका पंक्षीहरूले स्वागत गर्न लागेको वर्णन गरिएको छ । यसरी सूर्योदयको स्वागत गर्दा विभिन्न प्रकारको धुन वा आवाज निकाली कीर्तन गरिएको छ । बन्बन्मा क्रौंच पंक्षिले' यहाँ फउजीलाम, वैण्डमैन्,

कीर्तन, क्रौंच आदिको बिम्बको प्रयोगले सङ्गीतको धुन अभिव्यक्त भई वनभरि सुनिएको छ । यसले गर्दा यस पद्यमा श्रव्य बिम्बको प्रयोग भएको छ ।

## ३.११ 'ढयाङ्ग्रो' कवितासङ्ग्रहका कवितामा काव्यात्मक भाषाशैली

कुनै पनि कृतिको माध्यम नै भाषा हो । भाषाकै माध्यमद्वारा साहित्यिक संरचना निर्माण हुन्छ । साहित्यका सबै विधाको अभिव्यक्त भाषाका माध्यमबाटै गरिए पनि कविता र अन्य गद्य विधामा प्रयोग गरिने भाषामा भिन्नता रहन्छ । भाषाबाटै गद्य विधा र पद्य विधा भिन्न भएको पाइन्छ । शुद्ध गद्यमा भाषाको स्थूल र न्यून लयात्मक रूपको प्रयोग गरिन्छ भने पद्यको भाषा सूक्ष्म र लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्तः, सुगठित, गतिहीनका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ ।[५१] कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्छ ; त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुने कुरा हो ।[५२] यस क्रममा भाषा अभिधार्थ (वाच्यार्थ) भन्दा पर लाक्षणिक र व्यञ्जकसमेत बन्न पुग्दछ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद-पदावलीगत, वाक्यगत र अनुच्छेदगत अनेकौं व्यतिक्रम र अतिक्रमण (विचलन) समेतबाट भाषाशैलीले बढी व्यञ्जकता र लयात्मकता प्राप्त गर्दछ ।

कविताको भाषा गेयात्मक हुनु नै अन्य विधाभन्दा फरक हुनु हो । भाषाकै माध्यमद्वारा कविता र अन्य विधा पहिचान गर्न सकिएको छ । कविता गद्य र पद्य दुवै भाषामा लेखिन्छ । दुवैमा रागात्मकता, लयात्मकता र साङ्गीतिक चेत रहेकै हुन्छ । ललित, रागात्मक र व्यञ्जक लयात्मकता नै कवितालाई अन्यविधाबाट छुट्याउने भाषागत पहिचान हो ।

कवि भवानीप्रसाद खतिवडाको काव्यात्मक भाषाशैली नियाल्दा छोटा शब्दमा एक अक्षर र लामा शब्दमा आठ अक्षरसम्मको शब्दप्रयोग गरेको पाइन्छ ; जस्तै :

*जिति सब गढवाल प्रान्त सारा कुमाऊँ*
*जति सिकिम, भुटान-प्रान्त यो वीर नाऊँ*
*अमर गरिगए जो वीर त्यै वीर नाऊँ*
*अभ्रुछ किन बन्यो हो ! आज यस्तो अशक्त ॥*
*'मर्म वेदना', पृ. ४१ ।*

---

[५१] खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्**, पृ. ६० ।

[५२] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र अन्य, **पूर्ववत्**, पृ. १९ ।

माथि प्रस्तुत गरिएको श्लोकमा जो, त्यै, हो आदि एकाक्षरी शब्दहरू प्रयोगमा आएका छन् । यस्तैगरी लामा शब्दमा आठ अक्षरसम्मको प्रयोग भएको पाइन्छ ; जस्तै :

*परस्वहर्ता परदार भर्षक*
*खोजीनिहूँवैरलिन्या अनर्थक ।*
*लोभी, छुल्याहाहरू, कालले सब ।*
*बिलाउँछन् कोइ रहन्न मानव ।*

*'उचित राय', पृ. २८ ।*

माथिको उदाहरणमा खोजीनिहूँवैरलिन्या आठ अक्षरी शब्दको प्रयोग गरेको देखिन्छ ।

### ३.११.१ भाषिक विचलन

कवितालेखनमा भाषाको विचलन अत्यधिक रूपमा भएको हुन्छ । यस्ता विचलनले काव्यात्मक भाषामा सौन्दर्यता थप्ने र कविता उत्कृष्टमा पुग्ने गरेको पाइन्छ । यस्ता विचलनहरूमा भवानीका कवितामा पदक्रम, व्याकरण, अर्थ, शब्द आदि रहेका छन् ; जस्तै :

*लिइन्छ जस्को मत राज काजमा ।*
*रहन्छ जो श्रेष्ठ बनी समाजमा ।*
*छन् ती सबै रैयत का शुभेतर*
*सदोर, पण्डित, गुरु काजिमेजर ।*

*'उचित राय', पृ. ३४ ।*

'उचित राय' शीर्षकको यस पद्यमा विभक्तिलाई अलग्गै छुट्याएर लेखिएको हुँदा व्याकरणगत विचलन भएको देखिन्छ । यस्तो विचलनमा सबभन्दा बढी हिन्दी भाषाको प्रभाव भवानीप्रसाद खतिवडाका कवितामा परेको थियो भन्न सकिन्छ । यो उनको भाषागत विशेषता मान्न सकिन्छ ।

यसरी हेर्दा उनका कविता रागात्मकता, लयात्मकता र सौन्दर्य, गत्यात्मताले भरिपूर्ण देखिनुका साथै निमग्न साङ्गीतिक चेत पनि प्रस्फुट भएको पाउन सकिन्छ । कवितामा छन्द मिलाउनका लागि एक अक्षर शब्दको प्रयोग भए पनि अधिकांश शब्दहरू प्रायः दुई, तीन र चार अक्षरका नै छन् । काव्यात्मक संरचना न्यूनतम दुई अनुच्छेद र अधिकतम ४५ अनुच्छेदसम्म

छन् । उनले छोटा र लामा दुवै अनुच्छेदको प्रयोग गर्नुलाई पनि एउटा काव्यात्मक भाषाशैलीका रूपमा हेर्न सकिन्छ ।

'ट' वर्गीय अक्षरको खासै त्यति धेरै प्रयोग उनले गरेका छैनन् । अधिकांश कोमल वर्णकै अक्षरहरूको प्रयोग भएको पाइन्छ । काव्यात्मक लेखन हेर्दा उनका कवितामा निम्नप्रकारको शैली रहेको पाउन सकिन्छ ; पूर्वीय काव्यशास्त्रमा 'शैली' भन्नाले 'रीति' नै बुझिन्छ । रीतिका आधारमा नियाल्दा कवि भवानीप्रसाद खतिवडाका कवितामा लाटी रीतिको प्रयोग गरेको पाइन्छ । लाटी रीति वैदर्भी र पाञ्चाली रीतिको सम्मिश्रण रूप हो । जसलाई विश्वनाथले **साहित्य दर्पण**मा यसरी चिनाएका छन् ; जस्तै : 'लाटी तु रीति वैदर्भी पाञ्चाल्योरन्तरे स्थिता: ।'[५३] यस रीतिमा कोमल वर्ण र समास नगरिएका या अल्पसमास गरिएका पदहरू रहेका हुन्छन् । यस रीतिले काव्यमा सौन्दर्यता बढाएको हुन्छ ।

पूर्वीय काव्यशास्त्रका आधारमा रही उनले आफ्ना कवितामा लाटी रीतिको प्रयोग गरेका छन् । यो उनको काव्यात्मक भाषाशैली हो । जसलाई यसरी देखाउन सकिन्छ ; जस्तै :

*चुहि चुहि घर भत्क्यो अन्नको छैन दाना ।*
*विकल छ परिवारै कष्ट पाएर नाना ।*
*न त अलि दुःख पर्दा बेचन्या क्यै छ भाँडो ।*
*अनशन गरि सारा बित्छ, दिन गर्मि जाडो ।*

*'देश दशा', पृ. २१ ।*

'देश दशा' शीर्षकको यस पद्यमा गाँस, वास र कपासको अभाव भएको वर्णन गरिएको छ । यहाँ उक्त कुराको वर्णन गर्ने क्रममा कविले असमस्त पदहरूका साथै सरल तथा कोमल वर्णको नै बढी प्रयोग गरेकाले भावकको मन तत्काल आह्लाद बनाउने र अर्थ बुझ्न सरल भएको हुँदा यस पद्यमा लाटी रीतिको प्रयोग भएको छ ।

भवानीप्रसाद खतिवडाले आफ्ना कवितामा माधुर्य गुण र प्रसाद गुणको प्रयोग गरेका छन् ; जस्तै :

*देख्दछौ जति ठूला जन ऐल्हे*
*हामि नै भजि थिए, सब पैल्हे*

[५३] विश्वनाथ, **पूर्ववत्**, पृ. २८५ ।

*वीर कर्म गरि औसर पारी*
*आज छन् जगतका अधिकारी*

*'प्रबोधन', पृ. ४४ ।*

'प्रबोधन' शीर्षकको यस पद्यमा कविले समस्त पदहरूको प्रयोग नगरी कोमल वर्णहरूकै शब्दहरू प्रयोग गरी भाव या पाठकको मन आकर्षित गराउने र तत्कालै पढ्दापढ्दै अर्थबोध हुने भएकाले प्रसाद गुणको प्रयोग भएको छ । कविले पूर्वीय काव्यशास्त्रीय मर्यादामा रही काव्य गुणको पनि समुचित प्रयोग गरेका छन् ।

भवानीप्रसाद खतिवडाले कविता लेख्दा तीनवटै शब्दहरूको समुचित प्रयोग गरेका छन् । त्यस्ता शब्दहरू आगन्तुक, तत्सम र तद्भव रहेका छन् । कुनैकुनै ठाउँमा आगन्तुक शब्दको पनि प्रयोग अधिक गरेका छन् ; जस्तै :

*'मटन', 'बिस्किट', 'केक', 'चकलेट्', 'करी'*
*'बियर', 'जिन्', 'रम', 'ब्राण्डि', सबैधरी*
*गइ उडाउनु 'होटल'का जति*
*गरिबका धनको गरि सद्गति*

*'धन गौरव', पृ. ११ ।*

'धन गौरव' शीर्षकको यस पद्यमा मटन, बिस्किट, केके, बियर, जिन्, रम, ब्रान्डि र होटलजस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ । तद्भव शब्दहरूमा गइ, उडाउनु, जति, गरिब, धन आदि रहेका छन् । यस पद्यमा एउटा मात्र तत्सम शब्दको प्रयोग गरिएको देखिन्छ ; त्यो हो सद्गति ।

तत्सम शब्दको प्रयोग पनि उनले कवितामा केही मात्रामा अरू शब्दको तुलनामा बढी गरेका छन् ; जस्तै :

*अभक्ष्यभक्षी, जननिन्द्य दुर्मति*
*लोभी महापातकिका हिमायती*
*जो जो जहाँका जति छन् सुनन् सब*
*चैलेन्ज दी भन्दछु बात यो अब ।*

*'सावधान' पृ. ४९ ।*

'सावधान' शीर्षकको यस पद्यमा पाँच वटा तत्सम शब्द, बाह्रवटा तद्भव र दुईओटा आगन्तुक शब्दको प्रयोग भएको छ । कविले तत्सम शब्दको प्रयोग सबै कवितामा कतै धेरै र

कतै थोरै गरेर अर्थमा गाम्भीर्यता ल्याउने काम गरे पनि तद्भव शब्दको प्रयोगले भावमा सरलता ल्याउने काम भएको छ ।

## ३.११.२ काव्यदोष

भवानीका कविताका काव्यगत दोष पनि रहेका छन् । यस्ता दोषहरूमा ग्राम्य, निरर्थक, अनुचितार्थ, छन्दभङ्ग, स्वशब्दवाच्य आदि रहेका छन् ।

रसको अपकर्ष गर्ने वस्तु नै दोष हो भनी मम्मटले **काव्यप्रकाश**को सप्तम उल्लासमा भनेका छन् ।[५४]

### ३.११.२.१ ग्राम्य दोष

*देख्दछौ जति ठूला जन ऐल्हे ।*
*हामि नै झत्रि थिए सब पैल्हे ।*
*वीर कर्म गरि औसर पारी ।*
*आज छन् जगत्का अधिकारी ॥*

*'प्रबोधन', पृ. ४४ ।*

शिष्ट विद्वान्जनहरूले काव्यमा विशिष्ट मानक भाषाप्रयोग गर्नुपर्ने हुन्छ तर त्यस्तो भाषाको प्रयोग नगरी साधारण गाउँघरमा सामान्य जनले बोल्ने कथ्य भाषाको प्रयोग गरिँदा ग्राम्य दोष हुन्छ । 'प्रबोधन' शीर्षकको यस पद्यमा ऐल्हे, झत्रि र पैल्हेजस्ता शब्दहरू कथ्यभाषा भएकाले ग्राम्य दोष भएको हो ।

### ३.११.२.२ निरर्थक दोष

पद्यमा प्रयोग गरिएका शब्दहरू अर्थ युक्त हुनुपदर्छ तर कुनै शब्दहरूको अर्थ अनर्थ हुन गएमा निरर्थक दोष हुन्छ ; जस्तै :

*हेर लौ ! जगतको स्थिति चाल*
*हामरो पनि छ यै शुभकाल*
*छाड औसर न यो अनमोल*
*आलसी नयन, चटपट खोल ।*

*'प्रबोधन', पृ. ४४ ।*

---

[५४] मम्मट, पूर्ववत्, पृ. १८१ ।

'प्रबोधन' शीर्षकको यस पद्यमा यै, न, यो शब्द छन्द मिलाउन मात्र प्रयोग गरिएको छ । यी शब्दहरूको अर्थ स्पष्ट छैन । यी शब्दहरूको प्रयोग भएको हुँदा निरर्थक दोष हुन गएको देखिन्छ ।

### ३.११.२.३ अनुचितार्थ

वीर रसको उत्कर्षतालाई घटाउने शब्दको प्रयोग भएमा अनुचितार्थ दोष हुन्छ ; जस्तै :

*जिति सब गढवाल, प्राप्त सारा कुमाऊँ*
*जिति सिकिम, भुटान-प्रान्त यो वीर नाऊँ*
*अमर गरिगए जो वीर त्यै वीर रक्त*
*अझ्छ किन बन्यो हो ! आज यस्तो अशक्त ।*

'मर्म वेदना', पृ. ४१ ।

'मर्म वेदना' शीर्षकको यस पद्यमा वीर रसको प्रयोग भएको छ तर अशक्त शब्दले वीर रसको अपकर्ष गरेको छ । यसले गर्दा यस पद्यमा अशक्त शब्दको प्रयोग अनुचित भएको हुँदा अनुचितार्थ दोष बन्न पुगेको छ ।

### ३.११.२.४ स्वशब्दवाच्य दोष

साहित्य वा काव्यमा नौवटा रसहरू हुन्छन् । ती रसहरूको वर्णन गर्ने क्रममा रसको नाउँ नै प्रयोग गरेमा स्वशब्दवाच्य दोष हुन्छ अर्थात् नौवटा रसमध्येमा कुनै पनि रसको नाम उल्लेख गरेमा स्वशब्दवाच्य दोष हुन्छ ; जस्तै :

*योग्य देखि, अति आस लगाई*
*हेर्दछिन्, जननिभ् तिमीलाई*
*वीर भै जननिको सब आशा*
*पूर्ण पार; नगराउ निराशा ।*

*'प्रबोधन', पृ. ४२ ।*

'प्रबोधन' शीर्षकको यस पद्यमा वीर रसको प्रयोग भएको छ । यहाँ वीर रसको वर्णन गर्ने क्रममा वीर शब्दको नै प्रयोग भएको छ । वीर शब्द वीर रसको नाम उल्लेख भएको हुँदा

त्यही शब्द प्रयोग हुँदैनथ्यो । यहाँ कविले वीर शब्दकै प्रयोग गरेकाले स्वशब्दवाच्य दोष भएको हो ।

## ३.११.२.५ छन्दभङ्ग दोष

एउटै छन्दमा लेख्ने कार्य भए पनि कुनै पाउँमा त्यही छन्दको गण नमिलेमा छन्दभङ्ग हुन्छ । यस्तो दोषलाई छन्दभङ्ग दोष भनिन्छ ।[५५]

कवि भवानीप्रसाद खतिवडाका कवितामा छन्दभङ्ग दोष देखापरेको पाइन्छ ; जस्तै :

*चुहि चुहि घर भत्क्यो अन्नको छैन दाना ।*
*विकल छ परिवारै कष्ट पाएर नाना ।*
*न त अलि दुःख पर्दा बेचन्या क्यै छ भाँडो ।*
*। । ।   । । ।   ऽ ऽ ऽ   ऽ ऽ ऽ   ऽ ऽ*
*अनशन गरि सारा बित्छ, दिन गर्मि जाडो ।*

*'देश दशा', पृ. २१ ।*

'देश दशा' शीर्षकको यस पद्यमा पहिलो, दोस्रो र चौथो पाउमा मालिनी छन्दको प्रयोग भएको छ भने तेस्रो पाउमा मालिनी छन्द भङ्ग भएको छ । यहाँ कविले शास्त्रीय वर्णमात्रिक छन्दमा कविता लेखे पनि छन्दको गण नमिलेको हुँदा छन्दभङ्ग दोष देखापरेको हो । यो उनको काव्यात्मक भाषाशैलीभित्र रहेको विशेषता हो भन्न सकिन्छ ।

## ३.१० कवि भवानीप्रसाद खतिवडाका काव्यप्रवृत्ति

कवि भवानीप्रसाद खतिवडाका केकस्ता काव्यात्मक प्रवृत्तिहरू छन् ; त्यसका बारेमा उनका कवितासङ्ग्रहका कविताका आधारमा प्रयोग गरेका काव्यप्रवृत्तिअनुसार निम्नलिखित रूपमा प्रस्तुत  गर्न सकिन्छ :

### १. पद्यकविता सिर्जना गर्ने प्रवृत्ति

कविताका गद्य र पद्य दुई भेद छन् । कवि भवानीप्रसाद खतिवडाले पद्यका माध्यमबाट कविता सिर्जना गरेका छन् । उनको काव्यको बारेमा गरिएको खोजअनुसन्धानले उनलाई पद्य

---

[५५] श्री गङ्गादास, **छन्दोमञ्जरी**, (वाराणसी : चौखम्बा सुभारती प्रकाशन, सन् १९९९), पृ. ९० ।

कविका रूपमा स्थापित गरेको छ । उनका गद्यकविता हालसम्म फेला पर्न सकेका छैनन् । **ढ्याङ्रो** कवितासङ्ग्रहका सबै कविताहरू पद्यमा नै छन् । यसरी कवि भवानीप्रसाद खतिवडाले पद्यमा मात्र कवितारचना गरेका हुँदा उनी पद्य कवितारचना गर्ने कवि हुन् र उनका काव्यप्रवृत्तिमध्ये पद्यमा रचना कवि पनि एक काव्यप्रवृत्ति हो ।

### २. वर्णमात्रिक छन्दका प्रयोक्ता

भवानीप्रसाद खतिवडाको अर्को महत्त्वपूर्ण प्रवृत्ति भनेको शास्त्रीर्ण छन्दको प्रयोग गर्नु हो । यिनले पूर्वीय संस्कृतपरम्परामा प्रचलित रहेका उपजाति, द्रुतविलम्बित, वंशस्थ, मालिनी, शालिनी, स्वागता, वसन्ततिलका आदि शास्त्रीय छन्दको प्रयोग **ढ्याङ्रो** कवितासङ्ग्रहका कवितामा गरेका छन् । यसले उनलाई वर्णमात्रिक छन्दको प्रयोग गर्ने कविको रूपमा स्थापित गरेको छ ।

### ३. विविध विषयका प्रयोक्ता

कवि भवानीप्रसाद खतिवडाका कवितामा राणा शासकले नेपाली जनतालाई दुःख, कष्ट दिएको अवस्थाको चित्रण गरिएको छ । तत्कालीन जनताले निरीह जीवन बिताउनु परेको, ज्ञान, धर्म, वैभव, विद्या, विवेक आदिबाट वञ्चित भएको जीवन भोग्न विवश दुःखद्, कष्टपूर्ण, सामाजिक नेपाली जीवनको चित्रण यस सङ्ग्रहमा पाइन्छ । उनका कवितामा तत्कालीन नेपाली जनताको दयनीय आर्थिक अवस्थाको चित्रण पनि गरेको देखिन्छ । नेपाली जनताहरूसँग पेटभरि खाने अन्न नभएको, शरीर ढाक्ने वस्त्रको अभाव, अन्धकार र अशिक्षाले जरो गाँडेको, देशमा उत्पादन भएको वस्तु शोषक, सामन्त वा शासक वर्गले उपभोग नगरी विदेशी वस्तुहरूको उपयोग गरेको, कुनै पनि रोजगारीको अवसर नपाएर नेपाली जनता दिनानुदिन विदेश पलायन हुनुपरेको र तत्कालीन कमजोर आर्थिक स्थिति नगण्य रूपमा देखिएको छ ।

अन्तर्राष्ट्रिय परिवेशमा राजनीतिक जागरण व्यापक रूपमा आएको देखाई राजनीतिक पार्टीले निरङ्कुश शासक वर्गलाई सत्ताच्युत पारेको घटना प्रस्तुत गर्ने क्रममा उनले रुस, फ्रान्स, काबुल, इरान आदि राष्ट्रको दृष्टान्त दिएका छन् । राजनीतिक दलको गठन गरी त्यसमा आबद्ध भएपछि जस्तासुकै निरङ्कुश शासन अन्त्य हुने जनाउँदै उनले राजनीतिक चेतना फैलाउने काम गरेका छन् ।

यसैगरी उनले आध्यात्मिक दर्शन पनि यस कवितासङ्ग्रहमा सशक्त रूपमा प्रस्तुत गरेका छन् । आध्यात्मिक दर्शनका अनुसार शरीर नाशवान् हुन्छ । आत्मा अमर हुन्छ । त्यसैले

अमर हुने आत्माको सुख भोगाइका लागि मानवले आफ्नो नश्वर चोला सशक्त या मजबुद हुँदै सबै मानवका लागि हित हुने या श्रेयस्कर हुनेतर्फ लाग्नुपर्छ ; केही पनि अमर बन्न सक्दैन । त्यसैले गर्दा जसले सम्पूर्ण सामाजिक प्राणीको हित हुने काम गर्छ उसको आत्माले मरेपछि सुख भोग गर्न पाउँछ भन्ने जुन आध्यात्मिक दर्शन देखाई कविले शासक वर्गलाई सचेत तुल्याउने काम पनि गरेका छन् ।

### ४. कवि प्रौढोक्ति, आख्यानात्मक र नाटकीय कथनढाँचा प्रयोग गर्ने प्रवृत्ति

कवि भवानीप्रसाद खतिवडाले १५ वटा कवितामा कवि आफैँ उपस्थित भई तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, अन्तर्राष्ट्रिय घटना, आध्यात्मिक दर्शन आदि विषयवस्तुलाई प्रकट गरेको हुँदा कवि प्रौढोक्ति कथनढाँचाको प्रयोग गरेको देखिन्छ । 'वराह वर्णन' शीर्षकको कवितामा उनले आख्यानात्मक कथन ढाँचाको प्रयोग गरेको पाइन्छ । 'स्वर्ग सोपान' शीर्षकको कवितामा खतिवडाले विभिन्न पात्रहरू खडा गरी तिनीहरूका व्यवहार, क्रियाकलाप, संवादमार्फत नैतिक सन्देश दिएको देखिन्छ । यसरी उनले नाटकीय कथनढाँचाको प्रयोग गरेको पाइन्छ । यसरी कवि भवानीप्रसाद खतिवडाले तीन प्रकारका कथनढाँचाको प्रयोग गरेका छन् ।

### ५. मानवतावादी प्रवृत्ति

भवानीप्रसाद खतिवडाले शासक, अमानवीय, दुराचारी, शोषक, सामन्त भएकाले त्यसबाट मानवताको हित नभएको विचार व्यक्त गरेका छन् । मातृत्व, आपसी सद्भाव, साधनस्रोतमा समान अवसर, पहुँचबाट नै मानवीय विकास सम्भव छ भन्ने विचार उनले यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । शासक वर्गको अमानवीय कार्यहरूको विरोध गरी मानवीय कार्य गर्न आग्रह गरेकाले उनी मानवतावादी कवि हुन् । यसले गर्दा उनका कवितामा मानवतावादी प्रवृत्ति देखिन्छ ।

### ६. समतामूलक समाजको निर्माण गर्ने प्रवृत्ति

हामी मानव समान हौँ । यस धर्तीमा सबैले स्वतन्त्रतापूर्वक रम्न पाउने, पेटभरी खान पाउने, शरीर ढाक्ने वस्त्र लगाउन पाउने, सबै शक्ति साधन र स्रोतमा सबैले समान अवसर प्राप्त गरी सहभागिता हुनुपर्छ भन्ने धारणा कविको रहेको छ । भेदभावरहित समतामूलक समाजबाट मात्र देश विकास सम्भव छ भनी उनी समतामूलक समाजको पक्षधर रहेका छन् ।

# चौथो परिच्छेद

## उपसंहार

कवि भवानीप्रसाद खतिवडाको जन्म वि. सं. १९३० कार्तिक महिनामा वाग्मती अञ्चलको काठमाडौँ जिल्लाअन्तर्गत पुनेबहाल टोलमा भएको हो । यिनको आठ वर्षसम्मको बाल्यकाल सुखमय बितेको देखिन्छ । वि. सं. १९३८ सालको राजकाजी पर्वमा परी यिनका पिताजीलाई राणा शासकले सर्वस्व हरण गरी बन्दी बनाएको देखिन्छ । त्यसपछि यिनको बाल्यकाल दुःखमय स्थितिमा गुज्रिएको पाइन्छ । यसरी पितृस्नेहबाट वञ्चित भएपछि उनी आफ्ना जेठा बाबुको आश्रयस्थल पश्चिम १ नम्बर, कल्लेरीमा गई बसोबास गरेका हुन् । जेठा बाबुको आश्रयमा चौध वर्षसम्म बसेर यिनी अनौपचारिक शिक्षा अध्ययन गर्न भारतको बनारसतर्फ हिँडेको देखिन्छ । यिनले आफ्नै परिश्रमबाट बनारसमा अनौपचारिक परिम्परित संस्कृत शिक्षा अध्ययन गरेको देखिन्छ । उनले अध्ययनकै क्रममा **सूक्तिसुधा** नामक संस्कृत पत्रिकाको दुई वर्षसम्म सम्पादन गरेको पाइन्छ ।  त्यस बखतमा सम्पादन गर्ने  व्यक्तिले पनि काव्य रचना अनिवार्य रूपमा गर्नुपर्थ्यो; त्यसैले गर्दा यिनी काव्य रचना गर्नमा बढी आकृष्ट भएका हुन् । उनले संस्कृत भाषामा काव्य रचना गर्दा आफूले मात्र नगरी त्यस समयमा नेपालबाट बनारसमा संस्कृत शिक्षा अध्ययन गर्न गएका विद्यार्थीहरूलाई पनि सोही भाषामा कविता/काव्य लेख्न लगाएको पाइन्छ । त्यस समयका विद्यार्थीहरूमा कुलचन्द्र गौतम, सोमनाथ सिग्द्याल र देवीदत्त पराजुली आदि रहेका देखिन्छन् । यी विद्यार्थीहरूलाई कवि भवानीप्रसाद खतिवडाले संस्कृत भाषामा कविता रचना गर्न लाएको पाइन्छ । **सुक्तिसुधा**को सम्पादन कार्य बन्द भएपछि कवि भवानीप्रसाद खतिवडाका जीवनमा आर्थिक सङ्कट आइपरेको देखिन्छ । उक्त सङ्कट सुल्झाउन उनी बनारसबाट कलकत्ता गई अर्डर सप्लायरको  काम गरी आफ्नो पारिवारिक जीवन सञ्चालन गर्न पुगेका छन् । यसरी उनले बाल्यकालदेखि युवावस्था हुँदै या जीवनपर्यन्त नै आर्थिक अभावको समस्या झेल्नुपरेको देखिन्छ । वि. सं. १९८३ मा भारतको देहरादुनबाट प्रकाशित भएको पत्रिका **गोर्खासंसार** र वि. सं. १९८५ मा प्रकाशित भएको पत्रिका **तरुण गोर्खा**मा यिनले आफ्ना कविताहरू प्रकाशन गरेको पाइन्छ ।  सामाजिक, आर्थिक तथा राजनीतिक विचार र आध्यात्मिक दर्शनलाई विषयवस्तु बनाई देश र जनताको हित हुने कार्य

गर्न शासक वर्गलाई कविले विभिन्न कवितामा आग्रह गरेका छन् । सामाजिक जागरणमूलक कविता लेखी जनतामा चेतना जगाउने काम भवानीप्रसाद खतिवडाले गरेका छन् । समतामूलक समाजको निर्माण गर्न प्रजातन्त्र अपरिहार्य रहेको छ ; त्यसका लागि राजनीतिक दलको गठन विस्तार गरी अत्याचारी, दूराचारी, तस्करी, शासक वर्गलाई अन्त्य गर्न सकिन्छ ; भन्ने प्रसङ्गमा यिनले रुस, फ्रान्स, काबुल, इरानजस्ता राष्ट्रमा भएका निरङ्कुश तानाशाहहरूको अन्त्य गर्ने शक्ति नै राजनीतिक दल भएको दृष्टान्तसमेत कवितामा उल्लेख गरेका छन् । देशविकास र आर्थिक उन्नति गर्न, प्रजातन्त्रमा विश्वास गर्ने कवि भवानीप्रसाद खतिवडा विभिन्न प्रकारका जागरणमूलक कविता लेख्दालेख्दै वि. सं. १९८७ मा भारतको बनारसस्थित मणिकर्णिका घाटमा उनको नश्वर चोला अन्त्य भएको पाइन्छ ।

**गोर्खा संसार** र **तरुण गोर्खा**मा प्रकाशित भएका कविताहरू सङ्कलन गरी उनका छोरा, नातिले वि. सं. २०३१ मा सम्पादन गरेका छन् । कवि भवानीप्रसाद खतिवडाका कविताहरू सङ्कलन गरी **ढ्याङ्रो** कवितासङ्ग्रह (२०३१) सार्वजनिक भएको देखिन्छ ।

**ढ्याङ्रो** कवितासङ्ग्रह ६४ पृष्ठमा फैलिएको कृति हो । यस कवितासङ्ग्रहभित्र जम्मा १७ वटा कविताहरू रहेका छन् । यी कविताहरू भिन्न संरचना र आयाममा लेखिएका छन् । कविताको संचरचना दुई अनुच्छेददेखि पैँतालीस अनुच्छेदसम्म विस्तृत भएको देखिन्छ । फुटकर कविताको आयामगत विस्तारमा हेर्दा प्रस्तुत कृतिभित्रका कविताहरूलाई मध्यम रूपका फुटकर कविता मान्न सकिन्छ ।

यस कवितासङ्ग्रहमा कविले विविध विषयवस्तुको प्रयोग गरेका छन् । सामाजिक यथार्थ, देशप्रेम, राजनीति तथा ऐतिहासिक, अन्तर्राष्ट्रिय घटना, आध्यात्मिक चिन्तन, शिक्षा योजना, सूचना तथा सञ्चार, जातीय एकता, शासक वर्गप्रति आक्रोश र नैतिक दृष्टान्त आदि विषयमा यी कविता लेखिएका छन् । कविले तत्कालीन आर्थिक, सामाजिक र राजनीतिक विषयवस्तुलाई नै बढी जोड दिई शासक वर्गको अत्याचारलाई भण्डाफोर गर्नु नै मुख्य अभीष्ट वस्तु बनाएका छन् ।

कविले यस कवितासङ्ग्रहभित्रका कवितामा विविध छन्दको प्रयोग गरेका छन् । उपजाति, द्रुतविलम्बित, मालिनी, शालिनी, स्वागता, वंशस्थ र वसन्ततिलका आदि छन्द यसमा

प्रयोग गरेका छन् । शास्त्रीय वर्णमात्रिक छन्दमा आबद्ध भई कविता लेख्दा कविले शास्त्रीय छन्दको नियम पूर्ण रूपमा पालन गर्न सकेका छैनन् । ठाउँठाउँ छन्दभङ्ग भएको देखिन्छ ।

कवितासङ्ग्रहमा भाषिक विचलन पनि प्रशस्त  छ । यस्ता विचलनले उनका कवितामा सुन्दरता पनि थपेको छ । उनले पदक्रम, विभक्ति र शब्दप्रयोगमा विचलन गरेका छन् । शब्दप्रयोगको विचलनमा मानक भाषाको शब्दप्रयोग नगरी कथ्यभाषाको प्रयोग गरेका छन् भने सर्वनामको प्रयोग गर्दा व्यञ्जन वर्णको प्रयोग नगरी स्वरवर्णको प्रयोग गरेको पाइन्छ । यसैगरी उनका कवितामा विभक्तिमा पनि विचलन भएको देखिन्छ । यस्तो विचलनमा उनले नामपद र विभक्तिलाई अलग्गै गरेका छन् । यसप्रकारका विचलनले कवितामा सुन्दरता दिन सकेको देखिँदैन । उनका कवितामा पाइएको विचलनले सौन्दर्य दिनाको सट्टा उनमा व्याकरणगत नियमको जानकारी थिएन कि भन्ने सङ्केत पनि औँल्याउन पुगेको देखिन्छ । भाषिक विचलन गर्नमा उनी सफल भएका छैनन् ।

कवि भवानीप्रसाद खतिवडाको **द्याङ्रो** कवितासङ्ग्रहभित्रका कविताहरूमा शब्दालङ्कार र अर्थालङ्कारको समुचित प्रयोग भएको पाइन्छ । शब्दालङ्कारभित्र पर्ने अलङ्कारहरूमा उनले अनुप्रास, श्लेष, वीप्सा आदिको प्रयोग गरी कवितालाई लयात्मक र साङ्गीतिक झङ्कार दिई कवितामा बढी श्रुतिमधुरता थप्ने काम गरेका छन् । यसरी शब्दालङ्कारको समुचित प्रयोगले कविता निकै उच्चकोटिको  बन्न पुगेको देखिन्छ । अर्थालङ्कारभित्र पर्ने अलङ्कारहरूमा उनले उपमा, उत्प्रेक्षा, विनोक्ति, विरोध, लोकोक्ति, काव्यलिङ्ग आदिको प्रयोग गरी अर्थमा चमत्कार ल्याउने काम गरेका छन् । यस्ता प्रकारका अर्थालङ्कारहरूको प्रयोगले उनका कविता बढी मार्मिक बन्न पुगेका छन् ।

**द्याङ्रो** कवितासङ्ग्रहभित्र दृश्यबिम्ब, श्रव्य बिम्ब र स्पर्श बिम्बको प्रयोग गरेको देखिन्छ । यस्ता बिम्बले कविताको भावमा विशिष्टता थप्ने काम गरी कविता हृदयस्पर्शी बन्नमा केही सफलता मिलेको छ । समग्ररूपमा हेर्दा भवानीप्रसाद खतिवडा बिम्ब तथा प्रतीकको प्रयोग गर्नमा त्यति धेरै उत्कृष्ट कवि होइनन् भन्न सकिन्छ । उनको यस कवितासङ्ग्रहभित्रका कवितामा बिम्बप्रतीकको प्रयोग उत्कृष्ट रूपमा प्रयोग भएको पाउन सकिँदैन ।

**द्याङ्रो** कवितासङ्ग्रहका कविताहरूको भाषाशैली नियाल्दा एक अक्षरे शब्ददेखि आठ अक्षरे शब्दसम्मको प्रयोग भएको पाइन्छ । यसमा विशेष गरेर दुई अक्षरे शब्ददेखि चार अक्षरे शब्दको नै बढी प्रयोग भएको पाइन्छ । यसैगरी उनले तत्सम, तद्भव र आगन्तुक गरी तिनै प्रकारका शब्दको प्रयोग गरी कविता सृजना गरेका छन् । उनले कवितामा 'ट' वर्गीय वर्णको प्रयोग नगरी कोमल वर्णको प्रयोग गरेका छन् । यसरी कोमल वर्णको प्रयोगले गर्दा उनका कवितामा वैदर्भी र पाञ्चाली रीतिको मिश्रण भई लाटी रीतिको प्रयोग भएको पाइन्छ । उनका कविता पढ्दापढ्दै अर्थबोध हुने भएकाले प्रसाद गुणको प्रयोग पनि भएको देखिन्छ । लाटी रीति र प्रसाद गुणको समुचित प्रयोगले कविता श्रुतिमाधुर्य बन्न पुगेको छ  पूर्वीय काव्यशास्त्रका कसीमा हेर्दा उनका कवितामा दोष पक्ष पनि देखापरेको पाइन्छ । त्यस्ता दोषहरूमा पददोष, रस दोष र छन्दभङ्ग देखिन्छन् । स्तरीय मानक भाषाको प्रयोग नगरी सामान्य जनमानसले बोल्ने भाषा या कथ्यभाषाको प्रयोग भएको हुँदा उनका कवितामा ग्राम्य दोष भएको हो । छन्द मिलाउन लागि मात्र प्रयोग भएका शब्दले खासै अर्थ प्रदान गर्न नसक्ने भएको हुँदा निरर्थक दोष उनका कवितामा आएको छ । जसले काव्यिक सौन्दर्य अपकर्ष गर्न पुगेको देखिन्छ । यसैगरी अनुचितार्थ दोष पनि उनका कवितामा रहेको देखिन्छ । कुनै पनि रसको वर्णन गर्ने क्रममा  त्यही रसलाई उत्कृष्टमा पुऱ्याउने शब्दको चयन सकेको हुँदा उनका कवितामा अनुचितार्थ दोष पनि पाउन सकिन्छ । यसैगरी उनका कवितामा रस दोष पनि रहेको देखिन्छ । रसदोषअन्तर्गत स्वशब्दवाच्य दोष रहेको छ । कुनै पनि रसको वर्णन गर्ने क्रममा त्यही रसको प्रयोग गरी कवितासृजना गरेमा स्वशब्दवाच्य दोष हुन्छ । कविले वीर रसको वर्णन गर्ने क्रममा वीर शब्द नै प्रयोग गरी कवितासृजना गरेका छन् । जसले गर्दा उनका कवितामा स्वशब्दवाच्य दोष पर्न गएको छ । शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गर्दा छन्दशास्त्रको नियममा आबद्ध भई कवितासिर्जना गर्न नसक्दा उनका कवितामा छन्दभङ्गको दोष देखापरेको पाइन्छ ।

भवानीप्रसाद खतिवडाले करुण, भयानक, अद्भुत र शान्त रसको प्रयोग गरेर कविता रचना गरेका छन् । तत्कालीन समाजको वर्णन गर्ने क्रममा करुण रसको सुमधुर प्रयोग उनले गरेका छन् । जसले भावकको मनलाई आह्लादित बनाउन सफल भएको छ । भयानक र अद्भुत रस चाहिँ 'वराह वर्णन' कवितामा वराह क्षेत्र जाँदा आत्मानुभूति प्रकट गर्ने क्रममा

उनले शान्त रसको प्रयोग गरेका छन् । उनले कहीँकतै पनि शृङ्गार रसको प्रयोग गरेका छैनन् । रसप्रयोगका दृष्टिले उनलाई केही मात्रामा सफलता मिलेको देखिन्छ ।

यसरी विभिन्न काव्यतत्वलाई आत्मसात गरेर भवानीप्रसाद खतिवडाले कविता लेखेका छन् । उनले प्रयोग गरेका विभिन्न तत्त्वका आधारमा उनका काव्यप्रवृत्तिहरू केलाइने हुनाले उनका काव्यप्रवृत्तिहरूमा पद्यकविता सिर्जना गर्ने प्रवृत्ति, वर्णमात्रिक छन्दका प्रयोक्ता, विविध विषयका प्रयोक्ता, कवि प्रौढोक्ति, आख्यानात्मक र नाटकीय कथनढाँचा प्रयोग गर्ने प्रवृत्ति, मानवतावादी प्रवृत्ति, समतामूलक समाजको निर्माण गर्ने प्रवृत्ति पर्दछन् । यिनै उनका काव्यात्मक प्रवृत्तिहरू हुन् ।

माध्यमिककालीन शृङ्गारिक धाराका उत्तरार्धका कवि भवानीप्रसाद खतिवडाले शृङ्गारिक धारामा आबद्ध नभई शास्त्रीय धारालाई नै अवलम्बन गरेका छन् । सामाजिक जनजागरण र चेतनामूलक कविता लेख्नु उनको महत्त्वपूर्ण वैशिष्ट्य हो । तत्कालीन समाजको चित्रण गरी अन्याय र अत्याचारको अन्त्य गर्न, जातीय एकतामा आबद्ध भई देशमा प्रजातन्त्र बहाल गर्न र देशविकास गरी चेतनामूलक सामाजिक जागरण चलाउन आवश्यक भएका अभिव्यक्तिहरू उनका कवितामा प्रकट भएका पाइन्छन् । यसले गर्दा उनले नेपाली साहित्यको परम्परामा गरेको योगदान अतुलनीय र महत्त्वपूर्ण देखिन्छ । उनका कविता शास्त्रीयतावादी र आदर्शवादी रहेका छन् । जसले गर्दा उनी माध्यमिककालीन शृङ्गारिक धाराका उत्तरार्द्धका शास्त्रीयतावादी कवि हुन पुगेका छन् । उनका कविताहरू पूर्वीय काव्यशास्त्रमा आबद्ध रहेको पाइन्छ । यसले गर्दा उनी माध्यमिक कालका उत्तरार्द्धका शास्त्रीय धाराका एक महत्त्वपूर्ण प्रतिभाका रूपमा देखापरेका छन् ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज. **पूर्वीय समालोचना सिद्धान्त.** छै. सं.. काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

अप्पयदीक्षित. **कुवलयानन्द.** (अनु.). भोलाशङ्कर व्यास, च. सं.. वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९५ ।

उपाध्याय, केशवप्रसाद. **पूर्वीय साहित्यसिद्धान्त**. ते. सं.. काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

कुन्तक. **वक्रोक्तिजीवितम्**. अनु. दशरथप्रसाद द्विवेदी. वनारसीदास. वाराणसी : विश्वविद्यालय प्रकाशन, १९८८ ई ।

कोइराला, धरणीधर. सम्पा. किरणकुमार खतिवडा, **ढ्याङ्रो.** 'भूमिका'. कलकत्ता : दि न्यू इन्डियन प्रेस, २०३१ ।

खनाल, नारायणप्रसाद. **ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन.** अप्रकाशित शोधप्रबन्ध, मं सं. वि. वि., २०५९ ।

गौतम, कुलचन्द्र. **अलङ्कार चन्द्रोदय**. नेपाल : प्रकाशक स्वयम्, १९७८ ।

घिमिरे, नरहरि. **प्राकृत पोखरा वर्णनात्मक काव्यमा अलङ्कारविधान**. अप्रकाशित शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०६३ ।

जगन्नाथ. **रस गङ्गाधर**. (सम्पा.), केदारनाथ ओझा, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वि. सं. २०३७ ।

ढुङ्गाना, गोविन्दप्रसाद. **छन्दोहार**. काठमाडौँ : ने. भा. प्र. समिति, २००१ ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र अन्य. (सम्पा.). **नेपाली कविता भाग ४.** चौ. सं.. काठमाडौँ : साझा प्रकाशन, २०६० ।

नेपाल, देवी. **छन्द-पराग**. काठमाडौँ : भुँडी पुराण, २०६२ ।

बराल, कृष्णहरि. **कवि भूपि विश्लेषण र मूल्याङ्कन**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

भट्टराई, घटराज, शरदचन्द्र भट्टराई र अन्य, . (सम्पा.). **प्राचीन नेपाली पद्य.** ते. सं.. काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

भामह, **काव्यालङ्कार**. दो. सं.. अनुवाद देवेन्द्रनाथ शर्मा. विहार : वहार राष्ट्रभाषा परिषद् हिन्दी ग्रन्थ अकादमी, २०४२ ।

मम्मट. **काव्यप्रकाश**, छै. सं.. अनु. विश्वेश्वर. वाराणसी : ज्ञान मण्डल लिमिटेड, २०४२ ।

मम्मट. **काव्यप्रकाश.** व्या. सत्यव्रत सिंह. वाराणसी : चौखम्बा विद्याभवन, २००३ ।

रुय्यक. **अलङ्कारसर्वस्व**. दो. सं.. (अनु.). रेवाप्रसाद द्विवेदी. वाराणसी : चौखम्बा संस्कृत संस्थान, २०३६ ।

लुइटेल, खगेन्द्रप्रसाद. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**. काठमाडौँ : ने. रा. प्र. प., २०६० ।

विश्वनाथ. **साहित्य दर्पण**. (अनु.). शालग्राम शास्त्री. दिल्ली : मोतीलाल बनारसीदास, सन. १९७७ ।

शर्मा, बालचन्द्र. **नेपालको ऐतिहासिक रूपरेखा**. चौ. सं.. वाराणसी : टाइम टेबुल प्रेस, २०३३ ।

शर्मा, मेदिनीप्रसाद, श्रीरामप्रसाद उपाध्याय र अन्य. **युरोपको आधुनिक इतिहास**. छै. सं.. काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६१ ।

शर्मा, मोहनराज, हेमाङ्गराज अधिकारी र अन्य. (सम्पा.). **नेपाली साहित्यको इतिहास**. काठमाडौँ : ने. रा. प्र. प्रं, २०६० ।

श्री गङ्गादास. **छन्दोमञ्जरी**. वाराणसी : चौखम्बा सुभारती प्रकाशन, सन् १९९९ ।